"We are to serve you"

# 16th ANNUAL REPORT 2081/082




# DOLPHIN डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि. Multipurpose Cooperative Ltd.


**Head Office**

Lalitpur Metropolitan City-10, Kupondole, Kandevatasthan (MLK Building Ground Floor)

Telephone: + 977-1-5426926, 5180292

**Service Office:**

Kathmandu Metropolitan City-22, Sankata Mandir, Newroad

Telephone: +977-1-5911713

Email: info@dolphincooperative.com.np, Website: www.dolphincooperative.com.np

## संचालक समिति



**श्री लक्ष्मी नारायण अर्याल**
अध्यक्ष



**श्री सत्येन्द्र पुरुष ढकाल**
उपाध्यक्ष



**श्री मदन रेग्मी**
सचिव



**श्री मदनप्रसाद ज्ञावली**
कोषाध्यक्ष



**श्रीमती जुली प्रधानाङ्ग**
सदस्य



**श्रीमती श्रीमणी श्रेष्ठ अमात्य**
सदस्य



**श्री विनोद ताम्राकार**
सदस्य



**श्री झलक अर्याल (सुशिल)**
सदस्य सचिव एवम्
प्रमुख कार्यकारी अधिकृत

## लेखा तथा सुपरिवेक्षण समिति



**सि.ए. श्री सतीश चन्द्र लाल**
संयोजक



**श्री बालमुकुन्द विष्ट**
सदस्य



**श्री तुलसीप्रसाद अर्याल**
सदस्य

## सल्लाहकार उपसमिति



**श्री मत्स्येन्द्र लाल कायस्थ**
प्रमुख सल्लाहकार



**श्री लक्ष्मीप्रसाद सुवेदी**
सल्लाहकार



**श्री छायाराम खनाल**
सल्लाहकार



**श्री शेर बहादुर सम्वाहाम्फे**
सल्लाहकार

# साधारण सभाका झलकहरू





















# साधारण सभाका झलकहरु
















एघारौं वार्षिक भर्चुअल साधारण सभा - २०७७ आश्विन १७ गते




बाह्रौं वार्षिक भर्चुअल साधारण सभा - २०७८ भाद्र १९ गते





# साधारण सभाका झलकहरू












# संस्थाको भवन निर्माण गर्ने प्रयोजनको लागि खरिद गरिएको जग्गाको जग्गा धनि पुर्जा

LRIMS

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
मालपोत कार्यालय.................................

जग्गाधनी संकेत नम्बर :

OF[illegible]

## जग्गाधनी दर्ता प्रमाण पुर्जा

संस्थाको नाम: डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि
ठेगाना: जिल्ला: ललितपुर न.पा. / गा. वि. स.: ललितपुर उ.म.न.पा. वार्ड नं.: १०
दर्ता नं.: ६९६।०६६।०६७
जारी गर्नेको कार्यालय: डिभिजन सहकारी कार्यालय , ललितपुर
वेवसाइट: ईमेल:
दर्ता मिति (वि.सं):

संस्थाको छाप प्रमाणित गर्नेको दस्तखत

| प्रमाण संकेत: सा.कि.नं. | प्रमाण संकेत: कारोबार म्याहोरा | गा. वि. स. / न. पा. | वार्ड नं./ नक्सा सीट | कित्ता नं. | विवरण (घर,आवादी,इत्यादी) | ज. ध. को हकहिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल/ व.मि. | कैफियत विवरण | रोक्का गर्ने निकाय | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | ललितपुर उ.म.न.पा. | १ / १त | [illegible] | आवादी / घुडी रैतानी नम्बरी | एकलौटी | | [illegible] / अव्वल | [illegible] (रोपनी) / [illegible] | श्री ५ गुठीबाट रैतान | | |
| | [illegible] | ललितपुर उ.म.न.पा. | १ / १त | [illegible] | आवादी / घुडी रैतानी नम्बरी | एकलौटी | | [illegible] / अव्वल | [illegible] (रोपनी) / [illegible] | श्री ५ गुठीबाट रैतान | | |

डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि

प्रिन्ट गर्नेको दस्तखत ............................

प्रिन्ट गर्नेको नाम : [illegible]

प्रिन्ट मिति :

तयार गर्नेको दस्तखत

---

1/20/2021 LRIMS

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत/मालपोत कार्यालय ..................

जग्गाधनी संकेत नम्बर :

OF00000053

## जग्गाधनी दर्ता प्रमाण-पुर्जा

संस्थाको नाम: डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि.
ठेगाना: जिल्ला: ललितपुर गा.पा. / न.पा. / गा. वि. स.: ललितपुर उ.म.न.पा. वार्ड नं.: १०
दर्ता नं.: ६९६
जारी गर्ने कार्यालय: डिभिजन सहकारी कार्यालय , ललितपुर
वेवसाइट: ईमेल:
दर्ता मिति (वि.सं): २०६६/१२/२२

संस्थाको छाप प्रमाणित गर्नेको दस्तखत

| साविक कित्ता नं. | प्रमाण संकेत / कारोबार म्याहोरा | | जिल्ला / गा. वि. स. / न. पा. | वार्ड नं./ नक्सा सीट नं. | कित्ता नं./ खण्ड नं. | विवरण (घर,आवादी,इत्यादि) | जग्गाधनी को हकहिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल/ व.मि. | कैफियत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४२२ | २०३३/१०/०६ | RL[illegible] | ललितपुर / ललितपुर उ.म.न.पा. | १ / १त | ४२२ / ० | आवादी / घुडी रैतानी नम्बरी | एकलौटी | | खेत/ पाखो/वारी / अव्वल | ०-[illegible] (रोपनी) / २०४.६६ | श्री ५ गुठीबाट रैतान | |
| | राजिनामा | | | | | | | | | | | |
| | लिखत पारित | | | | | | | | | | | |

---

1/20/2021 LRIMS

| साविक कित्ता नं. | प्रमाण संकेत / कारोबार म्याहोरा | | जिल्ला / गा. वि. स. / न. पा. | वार्ड नं./ नक्सा सीट नं. | कित्ता नं./ खण्ड नं. | विवरण (घर,आवादी,इत्यादि) | जग्गाधनी को हकहिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल/ व.मि. | कैफियत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४२५ | २०३३/१०/०६ | RL[illegible] | ललितपुर / ललितपुर उ.म.न.पा. | १ / १त | ४२५ / ० | आवादी / घुडी रैतानी नम्बरी | एकलौटी | | खेत/ पाखो/वारी / अव्वल | ०-११-२-० (रोपनी) / ३६५.२९ | श्री ५ गुठीबाट रैतान । | |
| | राजिनामा | | | | | | | | | | | |
| | लिखत पारित | | | | | | | | | | | |

जम्मा क्षेत्रफल ५७०.२५ वर्ग मिटर

डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि.

प्रिन्ट गर्नेको दस्तखत ............................


प्रिन्ट गर्नेको नाम : [illegible]

प्रिन्ट मिति : २०७७/१०/०७

तयार गर्नेको दस्तखत

## संस्थामा हालसम्म रहेको गैर बैकिङ्ग सम्पत्तीको विवरण

संस्थामा हाल सम्म कुल रकम रु.८४,५२,५४८.०० (अक्षरुपी चौरासी लाख बाउन्न हजार पाँच सय अठ्चालीस) मात्रको गैर बैंकीङ्ग सम्पत्ति रहेको छ। यो आ.ब.२०८२/०८३ मा तरलतामा परिणत हुने छ। गैर बैंकीङ्ग सम्पत्तिको विवरण देहाय अनुसार रहेको छ।



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार/मालपोत कार्यालय

जग्गाधनी संकेत नम्बर:

OF000000053

DH0000255

### जग्गाधनी दर्ता प्रमाण पुर्जा

संस्थाको नाम: डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि.
ठेगाना: जिल्ला: ललितपुर गा.पा. / न.पा. / गा. वि. स.: ललितपुर उ.म.न.पा. वार्ड नं.: 10
दर्ता नं.: [illegible]
जारी गर्ने कार्यालय: डिभिजन सहकारी कार्यालय, ललितपुर
वेबसाइट: ईमेल:
दर्ता मिति (वि.स): 2066/12/23

संस्थाको छाप प्रमाणित गर्नेको दस्तखत

| साबिक कित्ता नं. | प्रमाण संकेत / कारोबार व्यहोरा | जिल्ला / गा. वि. स. / न. पा. | वार्ड नं./ नक्सा सीट नं. | कित्ता नं./ खण्डे नं. | विवरण (घर,आबादी,इत्यादि) | जग्गाधनी को हकहिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल/व.मि. | कैफियत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| [illegible] | 2082/03/23 ML0001616 बैंक/वित्तीय संस्था आफैले लिलाम सकार दाखिल खारेज | [illegible] | 7 / 7क | [illegible] | आबादी रैकर निजी | एकलौटी | | [illegible] | 0-1-13-0 ([illegible]) 558.76 | | |




नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार/मालपोत कार्यालय

जग्गाधनी संकेत नम्बर:

### जग्गाधनी दर्ता प्रमाण पुर्जा

| साबिक कित्ता नं. | प्रमाण संकेत / कारोबार व्यहोरा | जिल्ला / गा. वि. स. / न. पा. | वार्ड नं./ नक्सा सीट नं. | कित्ता नं./ खण्डे नं. | विवरण (घर,आबादी,इत्यादि) | जग्गाधनी को हकहिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल/व.मि. | कैफियत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| [illegible] | 2082/03/23 ML0001616 बैंक/वित्तीय संस्था आफैले लिलाम सकार दाखिल खारेज | [illegible] | 7 / 7क | [illegible] | आबादी रैकर निजी | एकलौटी | | [illegible] | 0-6-11.25-0 ([illegible]) 2223.24 | | |
| [illegible] | 2082/03/23 ML0001616 बैंक/वित्तीय संस्था आफैले लिलाम सकार दाखिल खारेज | [illegible] | 4 / 4क | [illegible] | आबादी रैकर निजी | एकलौटी | | [illegible] | 0-2-1-0 ([illegible]) 694.21 | | |
| [illegible] | 2082/03/23 ML0001616 बैंक/वित्तीय संस्था आफैले लिलाम सकार दाखिल खारेज | [illegible] | 7 / 7क | [illegible] | आबादी रैकर निजी | एकलौटी | | [illegible] | 0-8-14-0 ([illegible]) 2945.67 | | |
| [illegible] | 2082/03/23 ML0001616 बैंक/वित्तीय संस्था आफैले लिलाम सकार दाखिल खारेज | [illegible] | 7 / 7क | [illegible] | आबादी रैकर निजी | एकलौटी | | [illegible] | 0-4-6-0 ([illegible]) 1455.91 | | |
| [illegible] | 2082/03/23 ML0001616 बैंक/वित्तीय संस्था आफैले लिलाम सकार दाखिल खारेज | [illegible] | 6 / 6क | [illegible] | आबादी रैकर निजी | एकलौटी | | [illegible] | 0-8-8-10 ([illegible]) 2853.04 | | |
| [illegible] | 2082/03/23 ML0001616 बैंक/वित्तीय संस्था आफैले लिलाम सकार दाखिल खारेज | [illegible] | 4 / 4क | [illegible] | आबादी रैकर निजी | एकलौटी | | [illegible] | 0-1-2.5-0 ([illegible]) 380.95 | | |



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार/मालपोत कार्यालय

जग्गाधनी संकेत नम्बर:

### जग्गाधनी दर्ता प्रमाण पुर्जा

| साबिक कित्ता नं. | प्रमाण संकेत / कारोबार व्यहोरा | जिल्ला / गा. वि. स. / न. पा. | वार्ड नं./ नक्सा सीट नं. | कित्ता नं./ खण्डे नं. | विवरण (घर,आबादी,इत्यादि) | जग्गाधनी को हकहिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल/व.मि. | कैफियत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| [illegible] | 2082/03/23 ML0001616 बैंक/वित्तीय संस्था आफैले लिलाम सकार दाखिल खारेज | [illegible] | 4 / 4क | [illegible] | आबादी रैकर निजी | एकलौटी | | [illegible] | 0-1-2.5-0 ([illegible]) 380.95 | | |
| [illegible] | 2082/03/23 ML0001616 बैंक/वित्तीय संस्था आफैले लिलाम सकार दाखिल खारेज | [illegible] | 4 / 4क | [illegible] | आबादी रैकर निजी | एकलौटी | | [illegible] | 0-2-12-0 ([illegible]) 880.32 | | |
| | | | | | | | | जम्मा क्षेत्रफल | 12372.65 | | |

डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि.
प्रिन्ट गर्नेको दस्तखत ..........
प्रिन्ट गर्नेको नाम : [illegible]

प्रिन्ट मिति : 2082/03/23

रुजु गर्नेको दस्तखत ..........

## संस्थाको भवन निर्माण स्थल




## संस्थाको प्रस्तावित भवन



# डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको

## सोह्रौं बार्षिक साधारण सभा बस्ने सम्बन्धी

### पत्र/सूचना !

आदरणीय सदस्य महानुभावहरु :

**डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**को मिति २०८२/०४/१४ गते बुधबार बसेको सञ्चालक समितिको २५६औं बैठकको निर्णय नं.१३५९ अनुसार संस्थाको सोह्रौं बार्षिक साधारण सभा देहायको मितिसमय, स्थान र प्रस्ताव (बिषय)हरु उपर छलफल गरि निर्णय गर्न बस्ने भएको हुँदा सदस्य महानुभावहरुको जानकारी एवं आमन्त्रणको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०८२ साल भाद्र २१ गते (तदानुसार September6, 2025) शनिबार
समय : विहान ९:३० बजे देखी
स्थान : कुपण्डोल ब्याङ्क्वेट्स, ललितपुर म.न.पा. वडा नं.-१०, कुपण्डोल, कानदेवतास्थान ।

**छलफलका विषयहरु :**

**(क) साधारण सभामा छलफलको लागि पेश हुने प्रस्ताव (विषय) हरुः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू ले प्रस्तुत गर्नुहुने आ.व.२०८१/०८२ को बार्षिक प्रतिवेदन माथी छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. लेखापरिक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वासलात, आ.ब.२०८१/०८२ को नाफा नोक्सान हिसाव, सोहि अवधिको नगद प्रवाह विवरण एवं सो संग सम्बन्धित अनुसूचीहरु पारित गर्ने सम्बन्धमा ।
३. आर्थिक वर्ष २०८१/०८२ को लेखा सुपरिवेक्षण समितिको बार्षिक प्रतिवेदन सम्बन्धमा ।
४. नगद लाभांश वितरण सम्बन्धमा ।
५. चुक्ता शेयर पूँजी एवं शेयर सदस्य बृद्धि अनुमोदन सम्बन्धमा ।
६. आ.ब.२०८१/०८२ मा संचालक समितिले गरेका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
७. आ.ब.२०८२/०८३ को बार्षिक निति तथा कार्यक्रम एवं अनुमानित बार्षिक बजेट सम्बन्धमा ।
८. आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक सम्बन्धमा ।
९. सोह्रौं साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न आवश्यक सदस्य प्रतिनीधि चयन सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव :**

१. प्रचलित सहकारी ऐन, नियमावली रहेको एवं सोमा संशोधन हुने व्यवस्था वमोजिम तथा नियमनकारी निकायहरुबाट सहकारी संस्थालाई विनियमावलीमा संशोधन गर्न निर्देशन भएमा संचालक समितिले आवश्यक संशोधन गरि साधारण सभामा पेश गर्ने सम्बन्धमा ।
२. संस्थाको संशोधित आन्तरिक विनियमावली र कार्य नीति अनुमोदन एवं आवश्यक संशोधन सम्बन्धमा ।
३. संरक्षीत पुजि फिर्ता कोषमा छुट्टाईएको रकम सम्बन्धमा ।

**(ग) विविधः**

***बार्षिक साधारण सभा सम्बन्धि थप अन्य जानकारीहरुः***

१. संस्थाको बार्षिक साधारण सभामा भाग लिन आउनु हुने सम्पुर्ण सदस्य महानुभावहरुले संस्थाबाट उपलब्ध गराईएको आ-आफ्नो परिचय पत्र अनिवार्य लिई आउनु पर्नेछ ।
२. हाजिरी पुस्तिका विहान ९ वजे देखि साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।
३. साधारण सभा सम्बन्धि अन्य जानकारी संस्थाको वेवसाइट www.dolphincooperative.com.np बाट लिन सकिनेछ ।

सचिव

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१. सम्पूर्ण सदस्य महानुभावहरुलाई संस्थाको बार्षिक साधारण सभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, आर्थिक विवरण, प्रस्ताव लगायत अन्य कागजातहरु शेयर सदस्यता निवेदन फाराममा कायम रहेको ठेगानामा पठाईएको छ । कारणवश कुनै सदस्य महानुभावलाई माथि उल्लेखित कागजात समयमा नै प्राप्त नभएमा संस्थाको कार्यालयबाट प्राप्त गर्न सक्नु हुनेछ वा साधारण सभाबाट पारित भईसकेपछि संस्थाको वेवसाईट www.dolphincooperative.com.np मा हेर्न वा डाउनलोड गर्न पनि सक्नु हुने छ ।

२. साधारण सभामा भाग लिनुभएका सदस्य महानुभावहरुले उपस्थिति पुस्तिकामा उपस्थिति जनाईदिनुहुन विनम्र अनुरोध गरिन्छ ।

३. छलफलका बिषयहरु मध्ये सदस्य महानुभावहरुले कुनै बिषय उपर छलफल गर्न चाहनु भएमा सो विषयबारे सभा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै संस्थाका सचिव मार्फत यस संस्थाका अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ ।

४. सदस्य महानुभावहरुले ब्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले वा सञ्चालक समितिको अध्यक्षले तोकेको ब्यक्ति वा कार्यकारी प्रमुखले जवाफ दिनुहुनेछ ।

५. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि संस्थाको प्रधान कार्यालय ललितपुर महानगरपालीका वडा नं.-१०, कुपण्डोल, कानदेवतास्थान स्थित सञ्चालक समिति सदस्य सचिव एवं कार्यकारी प्रमुखको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

६. सहकारी ऐनद्धारा स्थापित यस संस्थाको बार्षिक साधारण सभामा सो ऐन बमोजिम सदस्यले प्रतिनीधि पठाउन पाइने छैन । सदस्य स्वयं उपस्थित हुनु पर्ने छ ।

## सहकारी ऐन २०७४ र नियमावली २०७५ अनुसारको थप विवरण

सहकारी ऐन २०७४ र नियमावली २०७५ मा व्यवस्था भए अनुसारका कोष तथा नियमहरु पालना गर्दै जाने र नेपाल सरकार सहकारी विभागले वेला वेलामा जारी गरेका निर्देशनहरु पालना गर्ने संस्थाको निति रहेको छ ।

### १. संस्थाको सहायक कम्पनी सम्बन्धी विवरण

संस्थाको कुनै सहायक कम्पनी छैन ।

### २. विगत आ. व. मा संस्थाका सदस्यहरुले संस्थालाई उपलब्ध गराएको सुझाव

विगत आ. ब. मा सम्पन्न साधारण सभामा सदस्यहरुले राख्नु भएका जिज्ञासा र सुझाबहरु समेटी आ.ब.२०८१/०८२को बार्षीक प्रतिवेदन तयार गरिएको छ ।

### ३. आन्तरिक नियन्त्रण प्रणालीको विस्तृत विवरण

संस्थाको प्रभावकारी एवं सक्षम आन्तरिक नियन्त्रण प्रणाली रहेको छ। संस्थामा चार्टड एकाउन्टेन्टको नेतृत्वमा संस्थाको लेखा समितिले संस्थाको आन्तरिक लेखापरीक्षण नियमितरुपमा गरी सञ्चालक समितिलाई जानकारी गराउदै आएको छ ।संस्थामा लेखा परीक्षक (चार्टड एकाउन्टेन्ट)ले त्रैमासिक रुपमा संस्थाको लेखा प्रणाली निरिक्षण गरी त्रैमासिक प्रतिवेदन सहित सल्लाह सुझाब एवं जानकारी सञ्चालक समितिलाई दिने गरेको छ । लेखा तथा सुपरिवेक्षण समितिले दिएका सुझावहरु संचालक समितिमा छलफल भई कार्यान्वयन भए गरेका छन् ।

**उपसमितिहरुः**

**क. कर्जा उपसमितिः**

संस्थाबाट प्रवाह हुने कर्जाको जोखिम ब्यवस्थापन तथा कर्जा प्रवाहमा छिटो छरितोको लागि सञ्चालक समितिले आफूमा भएको अधिकार प्रत्यायोजन गरी कर्जा लगानी तथा ब्यवस्थापन एवं कानुनी ज्ञान भएका संचालक समितिका सदस्यहरु मध्येबाट अधिवक्ता श्री मदन रेग्मीको संयोजकत्वमा ३ जना सदस्य रहने गरि एउटा छुट्टै कर्जा समिति गठन गरेको छ । यस समितिले आवश्यक ठानेमा कर्जा विभागका प्रमुखलाई समेत बैठकमा उपस्थित गराई कर्जाबारे विस्तृत जानकारी दिई वा लिई कर्जा स्वीकृति वा सिफारिस गरी सोको जानकारी सञ्चालक समितिमा गराउने गरेको छ । साथै कर्जाको रकम हेरी संस्थाले तोकेको (Property Valuation Consultancy) वा सिभिल इन्जिनियर बाट धितो मुल्याङ्कन गरी धितो मुल्याङकनको ४०–६० प्रतिशत सम्म आम्दानीको श्रोत र कर्जा आवश्यकता हेरी कर्जा प्रवाह गरीने गरेको छ ।

**ख. मानव संशाधन उपसमितिः**

संस्थामा आवश्यक कर्मचारीहरुको छनौटको लागि सञ्चालक समितिले आफूमा भएको अधिकार प्रत्यायोजन गरी विगत धैरै बर्ष देखि प्रशासनिक अनुभवभएका संस्थाका कोषाध्यक्ष श्री मदन प्रसाद ज्ञवालीको संयोजकत्वमा ३ सदस्यीय मानव संशाधन उपसमिति गठन गरेको छ । यस उपसमितिले कर्मचारी छनौट एवं कर्मचारी व्यवस्थापनमा आवश्यक निर्णय एवं सुझाव दिने गरेको छ ।

### ४. संस्थाले सदस्यहरुलाई उपलब्ध गराउदै आएका अन्य सेवाहरुः

**क. रेमिटेन्स सम्बन्धि सम्पुर्ण सेवा सुविधाहरु उपलब्ध गराउदै आएको छ ।**

**ख.स्मार्ट बैंकीङ (Smart Banking/Mobile Apps) मार्फत उपलब्ध सेवाहरुः**

Balance Enquiry, Mini Statement, Cheque Book Request, Fund Transfer, Inter Bank Transfer, QR Withdrawal, Wallet, Mobile Topup/Vouchers, Internet Payment, TV Payment, Utility and Others Payment, Fonepay, Esewa, Khalti, QR Scan Pay& More... उल्लेखीत सेवाहरु सदस्यहरुलाई उपलब्ध गराउदै आएको छ ।

### ५.समस्या तथा चुनौती

देशमा भईरहेको राजनैतिक अस्थिरता र कोरोना भाईरसको कारणले आर्थीक क्षेत्रमा पुर्‍याएको क्षतीले गर्दा सम्पूर्ण लगानीकर्ताहरु पर्ख, हेर र गरको नीति अवलम्बन गरेको अवस्था छ । संस्थाले निक्षेप संकलन गरेर विभिन्न क्षेत्रमा लगानी गर्ने नीति लिएको भएतापनि देशको राजनैतिक एवं आर्थिक अवस्थाको विषंम परिस्थितिले गर्दा सोचे जस्तो सफलता हासिल गर्न सकिरहेका छैनौं । विभिन्न उद्देश्य लिएर खुलेका हाम्रो जस्ता संस्थाहरुमा विभिन्न कारणले समस्यामा भईरहेको अवस्था छ । सोही परिस्थितिले गर्दा हाम्रो संस्थामा पनि अप्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । लगानीमा अझ बढी चुनौती रहेकोले, सोही अवस्थालाई मध्येनजर गर्दै समयानुसार संस्थाले गहिरो अध्ययन गरि लगानीका क्षेत्र हरु बढाउने निति लिएको छ ।

## ६.संस्थागत सुशासन

**संस्थागत सुशासन अभिवृद्धिका लागि चालिएका कदमहरुको विवरण :**

क. सञ्चालक समिति, कर्जा तथा जोखिम ब्यवस्थापन उपसमिति, मानव संशाधन उपसमिति, लेखा तथा सुपरिवेक्षण समिति लगायतका विभिन्न समितिहरु क्रियाशील छन् ।

ख. आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न लेखा तथा सुपरिवेक्षण समितिको बैठक नियमित रुपमा बसी सञ्चालक समिति समक्ष सुझावहरु पेश गरेको छ । साथै संस्थाको आन्तरिक लेखा परिक्षकले त्रैमासीक लेखा परिक्षण गरि संचालक समिति समक्ष प्रतिवेदन पेश गर्ने गरेको छ ।

ग. सञ्चालन जोखिमहरु कम गर्न तथा कारोवारलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति/विनियम, नियम तथा निर्देशिकाहरु लागू गरिएको छ ।

घ. संस्थामा तरलता व्यवस्थापनको लागि लगानीमा CD 90% and CSD 80% को Maximum Limitation कायम गरि तरलता व्यवस्थापन गरिएको छ ।

## ७. जनशक्ति

२०८२ आषाढ मसान्तसम्म संस्थामा जम्मा १५ जना कार्यरत कर्मचारीहरु मध्ये ७ जना महिला कर्मचारीहरु छन् । संस्थाको प्रगति र सफलता संस्थामा कार्यरत जनशक्तिको सीप, ज्ञान, कार्य कुशलता, इमान्दारीता, कर्तव्यनिष्ठता, नैतिकता आदिमा भर पर्दछ भन्ने कुरालाई संस्थाले मध्येनजर गर्दै आईरहेकोले कर्मचारीहरुलाई संस्थाको सम्पतिको रुपमा लिइ कर्मचारीको मनोवल एवं कार्य दक्षतामा अभिवृद्धि गरी संस्थाको प्रतिफल दर उच्च बनाउन संस्थामा कार्यरत कर्मचारीहरुलाई निरन्तर रुपमा सहकारी/वित्तिय कारोबार सम्बन्धी तालिम आन्तरिक तथा बाह्य बिशेषज्ञबाट दिँदै आईरहेको छ । आगामी दिनहरुमा तालिम कार्यक्रमलाई अझ बढी भन्दा बढी प्रभावकारी रुपमा लागू गर्दै थप कर्मचारीहरुलाई समेत सहभागिता गराई सहकारी क्षेत्रमा दक्ष जनशक्तिको विकास गर्दै लैजाने संस्थाको नीति रहेको छ । आगामी दिनमा थप २ जना कर्मचारीको आवश्यकता हुन सक्छ ।

## ८. प्रविधि

संस्थाको कार्यप्रणाली माईक्रो बैंकीङ सिस्टम (FAO-GTZ Micro Banking System) बैंकिङ्ग सफ्टवेयरबाट सञ्चालित छ । यो प्रविधिमा समय सापेक्ष सुधार गर्न आवश्यकता र कारोबारको प्रकृति अनुसार परिमार्जित गर्दै लगिएको छ । संस्थाको सूचना प्रविधिको विश्वसनियता र सुरक्षाको लागि बाह्य विशेषज्ञ मार्फत् अध्ययन गराईएको र निजको सुझावहरु सम्भव भएसम्म कार्यान्वयन गराईएको छ । संस्थाको काम छिटो छरीतो र विश्वशनीयताको लागि विभिन्न उपकरणहरुको प्रयोग गरिएको छ जस्तै Note Counting Machine, Fake Note Detector Machine, Deposit and Cheque Withdraw Printing Printer, Attendance Registration, CC Camera, Mobile SMS Alert, Smart Banking (Mobile Apps), QR Teller, Fonepay, Esewa, Khalti etc.

## जानकारी सम्बन्धमा

- आ.ब. २०८१/०८२मा सम्बन्धित नियामक निकायहरुबाट संस्थामा भए गरेको कारोबारको अनुगमन भएको छैन ।
- आ.ब. २०८०/०८१मा संस्थाको भवन निमार्ण गर्न नक्सा तयार भएको छ उचित समयमा सम्वन्धित निकायमा पेश हुने छ ।
- संस्थाले सदस्यहरुको माग अनुसार काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं.२२ न्यूरोड संकटा मन्दिर प्राङ्गण बाट मिति २०७९साल श्रावण ४ गते देखी सेवा शुभारम्भ गरि,सदस्य सेवा कार्यालय संचालन गरेको छ ।

# परिचय (INTRODUCTION)

आधुनिक एवं संवृद्ध नेपालको अवधारणा अनुसार आर्थिक क्षेत्रमा आएको सकारात्मक परिवर्तनलाई आत्मसात गर्दै सहकारीको क्षेत्रमा एक भिन्न पहिचान बनाउने लक्ष्य अनुरुप हाम्रो, हजुरहरुको र हामी सबैको डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि. को मिति २०६६/१२/२३ गते दर्ता नं. ६९६ मा दर्ता भई मिति २०६७ साल जेठ ५ गते विधिवत स्थापना भई १५ बर्ष पुरा गरि १६ औं बर्ष वित्तिय कारोबार गरेको नेपाल सरकार गरिवि तथा सहकारी मन्त्रालय, सहकारी विभागबाट इजाजत प्राप्त सहकारी संस्था हो । "We are to Serve You" हामी हजुरहरुको सेवाका निम्ति भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै सहकार्यबाट नै कुनै पनि ब्यक्ति तथा समाजको आर्थिक र सामाजिक बृद्धि विकासमा टेवा पुऱ्याउन सकिन्छ भन्ने लक्ष्य हामीले राखेका छौं । जब कुनै ब्यक्ति तथा समाजको आर्थिक स्तर उच्च हुन्छ तब मात्र एउटा सभ्य सु-संस्कृत अनि सबल समाज निर्माण हुनसक्छ । नेपाल सरकारको सहकारी ऐन २०४८ र २०७४ को अधिनमा रही, छरिएर रहेको निस्कृय पूँजीलाई विभिन्न बचत योजनाको माध्यमद्धारा निक्षेप स्वीकार गरी शैक्षिक, उत्पादनमूलक, आयमूलक, औद्योगिक तथा व्यवसायिक लगायतका विभिन्न क्षेत्रमा कर्जा लगानी गर्ने यस संस्थाको प्रमुख लक्ष्य हो । यस संस्था स्थानीय कुपण्डोल बासि प्रतिष्ठित ब्यक्तिहरुको जमघट एवं व्यवस्थापनबाट व्यवस्थापन भएको आधुनिक सहकारी संस्था हो ।

## दृष्टिकोण (Vision):

संस्थामा संलग्न सदस्यहरुको आर्थिक एवं सामाजिक विकासमा सहयोग पुऱ्याउने, समाज तथा देशको समग्र आर्थिक विकासमा टेवा पुऱ्याई समयानुरुप आर्थिक स्वतन्त्रता तथा दक्ष, सक्षम र सबल नागरिक निर्माण गर्ने मूल उद्देश्य हुनेछ । सामाजिक र सास्कृतिक विकास गरी सुरक्षित, भरपर्दो र दिगो एक उत्कृष्ट वित्तिय सहकारी संस्थाको रुपमा स्थापित हुने रहेको छ ।

## लक्ष्य (Goal):

एउटा दरिलो संयन्त्रको निर्माण गरी यस संस्थामा आबद्ध सम्पूर्ण सदस्यहरुलाई आयमूलक, रोजगारमूलक एवं सृजनशील कार्य गर्न उत्प्रेरित गर्ने र न्यून ब्याजदरमा ऋण उपलब्ध गराई संस्थामा आवद्ध सदस्यहरुलाई आर्थिक रुपमा सबल बनाउने ।

## उद्देश्य (Objectives):

- आकर्षक निक्षेप योजना बनाई बचत गर्ने बानी बसाल्न सहयोग गर्ने ।
- सहूलियत दरमा सदस्यहरुको आर्थिक तथा सामाजिक विकासको लागि उद्योग व्यापार एवं व्यक्तिगत प्रयोजनमा विभिन्न शीर्षकमा कर्जा उपलब्ध गराउने ।
- सदस्यहरुको सामूहिक रुपमा आर्थिक विकासमा ध्यान दिने ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय वित्तिय संस्थाहरुसँग सहकार्य गर्ने ।
- असहाय तथा अपाङ्गहरुलाई आय आर्जनको लागि वित्तिय सहयोग प्रदान गर्ने ।
- महिला, गरीब, सीमान्तकृत, अपाङ्ग, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिबृद्धि गर्ने ।
- सहकारी प्रबर्द्धित उद्योग व्यवसायको विकास तथा विस्तार गर्दै सहकारी क्षेत्रलाई प्रभावकारी प्रतिस्पर्धी एवं गुणस्तरीय बनाउने ।
- सहकारीको निर्दिष्ट मूल्य र सिद्धान्तहरुको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्बन तथा नियमन संस्थाको सुशासन कायम गर्ने ।
- संस्थाको वित्तिय अवस्था सदैव सवल, सक्षम र पारदर्शी राख्ने ।

## नीतिहरु (Policies)

- सहकारीको मूल्य मान्यता र सिद्धान्तहरुलाई अनुसरण गर्न गराउन सबैसदस्यहरुलाई अभिप्रेरित गरिने छ ।
- सहकारी शिक्षा, तालिम र सूचनालाई व्यापक र प्रभावकारी बनाउन सम्बन्धित सदस्यहरुलाई प्रभावकारी ढंगले परिचालन गरिने छ ।
- सदस्यहरुको चेतना अभिवृद्धि गर्न र व्यवस्थापन क्षमता बढाउन सहकारी शिक्षा र तालिमलाई अनिवार्य गरिदै लगिने छ ।
- संस्थाका सदस्यहरुलाई संस्थाको माध्यमबाट एकजुट गराई उद्योग व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- आर्थिक विकासका सम्भावित क्षेत्रहरुमा सहकारी उद्योग व्यवसायको विस्तार एवं विविधिकरणलाई प्रोत्साहन गरिने छ ।
- रोजगारी सिर्जना, उत्पादनमा बृद्धि, स्थानीय सम्भाव्यताको उपयोग, सेवा प्रवाहमा गुणस्तरीयता एवं उत्पादनको मूल्य अभिबृद्धिमा योगदान पुऱ्याउने सहकारी उद्योगहरुको स्थापना र क्षमता अभिबृद्धिको कार्यमा सहयोगका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- सहकारी उद्योग व्यवसायहरुको समग्र व्यवस्थापनलाई प्रभावकारी बनाउन सूचना प्रविधिको उपयोगमा विशेष जोड दिइने छ ।
- संस्थाका पदाधिकारी, व्यवस्थापक र कर्मचारीहरुको गुणस्तर र क्षमता अभिवृद्धिमा विशेष जोड दिइने छ ।

- संस्थाको व्यवस्थापनलाई विधि र प्रक्रियामा आधारित बनाई सहभागिता, पारदर्शिता र जवाफदेहितालाई व्यवहारमा सूनिश्चित गर्ने व्यवस्था मिलाइने छ ।


## रणनीति तथा कार्यनीतिहरु (Strategies & Working Policies)

- सदस्यहरुलाई समय अनुसार सुचना प्रविधिको माध्यमबाट संस्थामा पहुँच पुऱ्याउने ।
- संस्थालाई अर्थतन्त्रको एउटा सवल स्तम्भको रुपमा स्थापित गर्न उत्पादन तथा सेवामूलक वित्तीय सुविधा उपलब्ध गराइने छ ।
- संस्थामा आवद्ध विपन्न महिला, सीमान्तकृत, गरिब समुदाय, अपाङ्ग, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकहरुलाई स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापना गर्न आवश्यक पर्ने व्यवसायिक तथा सीपमूलक तालिमहरु प्रदान गर्ने व्यवस्था मिलाइने छ ।
- सहकारी प्रबर्द्धित उद्योग व्यवसायको विकास तथा विस्तार गर्दै सहकारी क्षेत्रलाई प्रतिस्पर्धी एवं गुणस्तरीय बनाउने नीतिहरुलाई कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिने छ ।
- सहकारीको निर्दिष्ट मूल्य र सिद्धान्तहरुको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्बन तथा नियमन मार्फत सुशासन कायम गर्ने सम्बन्धमा अंगीकार गरिने नीतिहरुलाई कार्यन्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिने छ ।
- संस्थाको विकास, विस्तार र प्रवर्द्धनमा साझेदारहरुको सहभागिता एवं सहयोग लाई समन्वयात्मक ढंगले परिचालन गरिने छ ।
- संस्था प्रभावकारी ढंगले परिचालन गर्न अल्पकालिन र दिर्घकालिन योजना निर्माण संस्थाको विकास, विस्तार र प्रबर्द्धन गरिने छ ।

## व्यवस्थापन (Management)

अन्तर्राष्ट्रिय सहकारी मुल्य, मान्यता, सिद्धान्तहरुलाई आत्मसाथ गर्दै नेपालको सहकारी ऐन, नियमावली, संस्थाको स्वीकृत विनियम र विनियमावलीहरुको अधिनमा रही नीति, विधि र प्रविधि सहित इमान्दारी पुर्वक संस्थाको व्यवस्थापन गर्नु सफल व्यवस्थापन भएको हुदाँ यस संस्थाको संचालक समिति र व्यवस्थापन यो यथार्थलाई आत्मसात गर्दै संस्था संचालन गर्न दृढ संकल्पित रहेको छ । संस्थाको योजना, नीति, नियम र कार्यक्रमहरु प्रभावकारिताका साथ कार्यान्वयन गर्न दक्ष तथा अनुभवी कर्मचारीहरु कार्यरत रहेका छन् ।

## संस्थागत संरचना


साधारण सभा
संचालक समिति
लेखा सुपरिवेक्षण समिति
प्रमुख कार्यकारी अधिकृत
कर्जा प्रवन्धक
वित्त प्रवन्धक
शाखा प्रवन्धक
कर्जा तथा कानुनी बरिष्ठ अधिकृत
लेखा अधिकृत
अप्रेशन अधिकृत
कर्जा अधिकृत
सहायक लेखा अधिकृत
सहायक प्रशासन अधिकृत
बजार सहायक
ड्राईभर एवं कार्यालय सहायक
कार्यालय सहायक

## संचालक समिति

यस संस्थामा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र ३ जना सदस्यहरु सहित ७ सदस्यीय संचालक समिति रहेको छ। संस्था संचालनको सम्पूर्ण कार्य संचालक समिति र प्रमुख कार्यकारी अधिकृतमा निहित रहेको छ।

| | |
|---|---|
| श्री लक्ष्मी नारायण अर्याल | अध्यक्ष |
| श्री सत्येन्द्र पुरुष ढकाल | उपाध्यक्ष |
| अधिवक्ता श्री मदन रेग्मी | सचिव |
| श्री मदन प्रसाद ज्ञवाली | कोषाध्यक्ष |
| श्रीमती जुलि प्रधानाङ्ग | संचालक |
| श्रीमती श्रीमणी श्रेष्ठ अमात्य | संचालक |
| श्री विनोद ताम्राकार | संचालक |

### लेखा सुपरिवेक्षण समिति

लेखा सुपरिवेक्षण समितिले प्रत्येक आ.ब.मा त्रैमासीक लेखा परिक्षण गरी संचालक समिति समक्ष संस्थाको वित्तीय प्रतिवेदन पेश गर्ने गरेको छ।

| | |
|---|---|
| सि.ए. श्री सतीशचन्द्र लाल | संयोजक |
| श्री बालमुकुन्द विष्ट | सदस्य |
| श्री तुलसी प्रसाद अर्याल | सदस्य |

### सल्लाहकार उपसमिति

यस उपसमितिले सस्थाको संचालक समितिलाई विभिन्न किसिमका आवश्यक सल्लाह सुझाव दिने गर्दछ।

| | |
|---|---|
| श्री मत्स्येन्द्र लाल कायस्थ | प्रमुख सल्लाहकार |
| श्री लक्ष्मी प्रसाद सुवेदी | सल्लाहकार |
| श्री छायाराम खनाल | सल्लाहकार |
| श्री शेर बहादुर सम्बहाम्फे | सल्लाहकार |

### प्रतिबद्धता

सहकारी ऐन २०४८ र २०७४ अन्तर्गत रही नेपाल सरकारको नीति तथा नियमलाई पालना गर्दै मानव संसाधन र प्रविधिलाई अधिकतम प्रयोग गर्ने पूर्णरुपले प्रतिबद्ध हुने छौं। साथै आफ्ना सदस्य र कर्मचारीहरु प्रति समान भाव प्रकट गर्दै छरिएर रहेका स-साना पूँजी लाई एकिकृत गरि सबैमा भविष्यको लागि बचत गर्ने बानी बसाली आर्थिक रुपमा सबल नागरिक बन्न हरदम प्रेरित गरी नै रहने छौं। यस संस्थामा आवद्ध सदस्यहरुको दुख सुखको सारथी वन्ने विश्वास व्यक्त गर्दछौं। सहकारीहरुको भीडमा सबल सक्षम र उत्कृष्ट सेवा प्रदान गर्दै एउटा असल एवं विश्वासीलो सहकारी संस्थाको नमूना बन्दै २१ औं शताब्दी अनुसारको आर्थिक विकासमा टेवा पुऱ्याउने प्रण गर्दछौं।

### साधारण सभामा सहभागिताको विधि:

क. संस्थाले साधारण सभा गर्न तोकेको स्थानमा साधारण सभा शुरु हुनु भन्दा अगाबै उपस्थिति पुस्तिकामा उपस्थिति जनाई, साधारण सभामा छलफल एवं स्वीकृतिको लागि पेश भएका प्रस्तावहरु अध्ययन गरि छलफलमा भाग लिनुहुन विनम्र अनुरोध गरिन्छ।

ख. साधारणसभामा भाग लिदा संस्थाको सदस्यता परिचय अनिवार्य खुलाउनु पर्नेछ।

ग. संस्थाको सोह्रौं बार्षिक साधारणसभा देहाय अनुसार सम्पन्न हुनेछ।

१. आशन ग्रहण
२. स्वागत मन्तव्य
३. कार्यक्रम उद्घाटन
४. अध्यक्ष ज्यू बाट आ.ब. २०८१/०८२को बार्षीक प्रतिवेदन छलफल तथा स्वीकृतीको लागि पेश गरिने छ।
५. लेखा तथा सुपरिवेक्षण समितिका संयोजक ज्यू बाट आ.ब. २०८१/०८२को बार्षीक प्रतिवेदन छलफल तथा स्वीकृतीको लागि पेश गरिने छ।
६. कोषाध्यक्ष ज्यू बाट २०८१/०८२प्रगति विवरण पेश गरिने छ।
७. आ.ब.२०८२/०८३को बार्षिक आम्दानी तथा खर्च बजेट।
८. प्रमुख कार्यकारी अधिकृतको बार्षीक प्रतिवेदन।
९. शुभकामना मन्तव्य

### दोस्रोसत्रको कार्यकम

१. अध्यक्ष ज्यू बाट प्रस्तुत आ.ब. २०८१/०८२को बार्षीक प्रतिवेदन उपर छलफल गरि अनुमोदन एवं स्वीकृत गर्ने।

| विषय सूची | पृष्ठ नं. |
|---|---|
| १. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.ब. २०८१/०८२को बार्षिक प्रतिवेदन | १ |
| २. संस्था सुरु देखी हाल सम्मको कारोबारको संक्षिप्त विवरण | ३ |
| ३. संस्थाले आ. ब. २०८१/०८२को लागि लिएको लक्ष्य एवं बजेटको पुनरावलोकन | ६ |
| ४. आ. ब. २०८१/०८२ को लाभांश बाडँफाडँ गर्न सिफारिस गरिएको रकम र सो सम्बन्धि विवरण | ७ |
| ५. संस्थाले लिएको भावी योजनाहरु | ८ |
| ६. सञ्चालक समितिको तर्फबाट कोषाध्यक्ष ज्यूको आ.ब. २०८१/०८२ को वार्षिक प्रतिवेदन | ९ |
| ७. आ. ब. २०८१/०८२ को लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन | १२ |
| ८. कार्यकारी प्रमुखको आर्थिक प्रतिवेदन | १४ |
| ९. आ.ब.२०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन | १७ |
| १०. आ. ब. २०८१/०८२ को वासलात विवरण (२०८२ असार मसान्त सम्म) | २० |
| ११. मिति २०८१/०४/०१ देखि २०८२ आषाढ ३२ गते सम्मको नाफा नोक्सानको विवरण | २१ |
| १२. मिति २०८१/०४/०१ देखि २०८२ आषाढ ३२ गते सम्मको विस्तृत आम्दानीको विवरण | २२ |
| १३. मिति २०८१/०४/०१ देखि २०८२ आषाढ ३२ गते सम्मको नाफा नोक्सानको बाँडफाँडको विवरण | २३ |
| १४. मिति २०८१/०४/०१ देखि २०८२ आषाढ ३२ गते सम्मको नगद प्रवाह विवरण | २४ |
| १५. इक्वीटीमा भएको परिर्वतन सम्बन्धि विवरण | २५ |
| १६. आ. ब. २०८१/०८२ को लेखा नीति तथा टिप्पणीहरु | २८ |
| १७. आ. ब. २०८१/०८२ को वित्तिय विवरणसँग सम्बन्धित नोटहरु | ३८ |
| १८. पर्ल्स प्रतिवेदन (२०८२ असार मसान्त) | ४६ |
| १९. नोट | ५१ |

# सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको मन्तव्य एवं आ.ब. २०८१/०८२ को बार्षिक प्रतिवेदन

आदरणीय सदस्य महानुभावहरु,प्रमुख अतिथिज्यु, अतिथि ज्यूहरु, विभिन्न समितिका साथीहरु लगायत सहभागी सम्पूर्ण अतिथि महानुभावहरु,

सर्वप्रथम यस **डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि.** (Dolphin Multipurpose Cooperative Limited) को १६ औं वार्षिक साधारणसभामा, सभाको सूचना प्रकाशित गरिए अनुसार उपस्थित हुनुभएका सम्पूर्णसदस्य महानुभावहरुमा संचालक समितिको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

यस गरिमामय सोह्रौं बार्षिक साधारण सभामा बार्षिक प्रतिवेदन २०८१/०८२ प्रस्तुत गर्न पाउँदा हर्ष महसुस गरेको छु । सहकारी अभियानमा छुट्टै पहिचान बोक्न सफल यस संस्थाको अध्यक्षको रुपमा यहाँहरुको सेवा गर्ने अवसर प्राप्त भएकोमा र संस्थाले हासिल गरेको उपलव्धीहरु यहाँहरुबिच बाँड्न पाएकोमा म अत्यन्त उत्साहित छु ।

यहाँहरुको उपस्थितिबाट संस्थाले पाउने सुझाव, सहयोग र सद्भावले भावी कार्य योजना तथा लक्ष्य प्राप्तिमा थप टेवा पुग्नेछ भन्ने हामी सबैले विश्वास लिएका छौं ।


आज यहाँहरु समक्ष २०८२ साल आषाढ मसान्तसम्मको संस्थाको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सोसँग सम्बन्धित नोटहरु छलफल तथा स्वीकृतिको निमित्त पेश गर्दै, संस्थाले आ. ब. २०८१/०८२ मा गरेका उपलब्धि तथा कार्यनीति र आगामी बर्षमा गरिने कार्य योजनाहरु प्रस्तुत गर्न यहाँहरुबाट अनुमति चाहन्छु ।

**आ.ब.२०८०/०८१र २०८१/०८२मा भएको कारोबारको तुलनात्मक विवरणः**

आर्थिक बर्ष २०८०/०८१ र २०८१/०८२ मा संस्थाको तुलनात्मक वित्तिय अवस्था/विवरण देहाय अनुसार रहेकोछ ।

| क्र. सं. | विवरण | आ.ब. २०८०/०८१ मा कूल | आ.ब. २०८१/०८२ मा भएको वृद्धि रकम | आ.ब. २०८१/०८२ मा वृद्धि प्रतिशत | आ.ब. २०८१/०८२ मा कुल रकम |
|---|---|---|---|---|---|
| १ | चुक्ता पूँजी | ११७,१९२,१००.०० | २,३१७,९००.०० | २% | ११९,५१०,०००.०० |
| २ | निक्षेप संकलन | १,५५४,२०७,६७९.१९ | (२५,०१८,९७२.९२) | -२% | १,५२९,१८८,७०६.२७ |
| ३ | कर्जा लगानी (खुद) | १,३२९,३४५,८१०.२६ | (३०४,९८४.४८) | ०% | १,३२९,०४०,८२५.७८ |
| ४ | कूल आम्दानी | २५५,३५०,०५७.६१ | (३५,७३८,११४.९८) | -१४% | २१९,६११,९४२.६३ |
| ५ | कूल खर्च | १९८,४३०,९२५.८८ | (२५,२९५,८७७.०१) | -१३% | १७३,१३५,०४८.८७ |
| ६ | खुद मुनाफा (कर अघि) | ५६,९१९,१३१.७३ | (१०,४४२,२३७.९७) | -१८% | ४६,४७६,८९३.७६ |
| ७ | कर्जा नोक्सानी व्यवस्था | २२,७०१,९००.०० | ६७८,०१२.२१ | ३% | २३,३७९,९१२.२१ |
| ८ | भाका नाघेको कर्जा | ७,९७५,४६५.०० | ५,३३६,३५९.०० | ६७% | १३,३११,८२४.०० |
| ९ | कर्जा लगानीमा उठ्न बाँकी ब्याज | ५,९७३,९८१.०९ | ४,६३३,१६३.९१ | ७८% | १०,६०७,१४५.०० |
| १० | कर्मचारी बोनस व्यवस्था | २,६६२,५१६.०० | (४७४,४०५.००) | -१८% | २,१८८,१११.०० |
| ११ | आयकर व्यवस्था | ११,०१३,६५५.०० | (१,७३४,६४४.००) | -१६% | ९,२७९,०११.०० |
| १२ | जगेडा कोष | १२१,२३९,१५४.३० | १७,६७३,४५९.१३ | १५% | १३८,९१२,६१३.४३ |
| १३ | शेयर लाभांस कोष | १६,६६५,६४४.०० | (३,४४४,०२०.००) | -२१% | १३,२२१,६२४.०० |
| १४ | भवन निर्माण, जगेडा, कर्जा नोक्सानी र अन्य सबै बचत कोषहरुमा रहेको कुल रकम | २१९,२४८,०३०.५७ | २३,२५७,८२४.०० | ११% | २४२,५०५,८५४.५७ |
| १५ | बैंक तथा वित्तिय संस्थामा रहेको तर लता रकम | ३५७,७१८,०९९.२५ | ३१,४०५,२२५.०३ | ९% | ३८९,१२३,३२४.२८ |

*गत बर्ष संरक्षित पूँजी फिर्ता कोषमा रहेको रकम संस्थाको भवन निर्माण कोषमा स्थानान्तरण गरिएको छ ।*




माथि उल्लेखित सूचकाङ्कहरु विश्लेषण गर्दा स्थापनाको छोटो अवधिमा नै संस्थाले गरेको उल्लेखनिय प्रगतिबारे यहाँहरुलाई अवगत गराउन पाउँदा मलाई खुशी लागेको छ । विगत बर्ष देखिबैंकिङ्ग क्षेत्रमा अधिक तरलताको अवस्था भएतापनि संस्थाले गरेको अथक प्रयासको फलस्वरुप निक्षेप संकलनमा आएको समस्या तथा कर्जा क्षेत्रको संकुचनका बावजुत खुद मुनाफामा केही कमि आएको छ । हाल सम्म कुनैअसुल उपर हुन नसक्ने कर्जा रहेको छैन । सहकारी क्षेत्रमा आफ्नो उच्च पहिचान बनाउन सफल भएको छ । आदरणीय सदस्य महानुभावहरु, यहाँहरुको सहकारी संस्थाले आफ्नो ब्यवसायिक कार्य कुशलता, लगनशीलता र विश्वसनियता कायम गर्न सफल भएकै कारण स्थानीय र सम्बन्धित प्रतिष्ठित ब्यक्तिहरुबाट अझ बढी हौसला मिलेको छ ।

सहकारी क्षेत्रमा विद्यमान प्रचलन एवं यस क्षेत्रको विषम परिस्थिति वावजुत लेखापरीक्षण गरी अ.ब.२०८१/०८२को आय व्यय अनुसार सञ्चालक समितिबाट ११.१०% नगद लाभांश वितरण गर्न साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने प्रस्ताव गरेको छु ।

### संस्थाका सदस्यहरुर नियामक निकायहरुसंगको ब्यवसायिक सम्बन्ध

संस्थाले आफ्ना सदस्यहरु, नियमनकर्ता, आफूसँग सम्बन्धित सबै पक्षहरु र सबै तहका कर्मचारीहरु बीच सौहार्दपूर्ण सामञ्जस्यता तथा ब्यवसायिक सम्बन्ध कायम राख्दै आईरहेको छ । अनुभवी तथा ब्यवसायिक दक्ष तथा विज्ञहरुको सल्लाह एंव सुझावका आधारमा संस्थाले स्वच्छ प्रतिस्पर्धा, ब्यवसायिकता तथा आपसी हितको सिद्धान्तमा आधारित नीति अवलम्बन गर्दै छिटो छरितो तरिकाले सदस्यमुखी सेवाहरु सदस्यहरुमाझ उपलब्ध गराउँदै आईरहेको छ । साथै यस सम्बन्धलाई अझ सुमधुर बनाउन संस्था निरन्तर प्रयासरत छ ।

### संस्थाको कारोबारमा असर पार्ने मुख्य कुराहरुः

१. लामो समय देखिदेशमा रहिरहेको राजनैतिक अस्थिरता
२. कर्जा तथा लगानीको दायरा साँघुरिएर उत्पन्न हुन सक्ने जोखिमहरु
३. निक्षेप तथा कर्जा लगानीको ब्याजदरमा हुने परिवर्तनबाट उत्पन्न हुने जोखिमहरु
४. पूँजी बजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरु
५. सहकारी संस्थाको सिमित कार्यक्षेत्र
६. उत्पादनशील क्षेत्रको विकासमा भएको शिथिलता
७. सहकारीको लगानीमा देखिएको कानूनी उल्झनहरु
८. हाल सहकारी क्षेत्रमा देखिएका समस्याहरु
९. आर्थिक क्षेत्रमा देखीएको विश्वव्यापी मन्दी

### प्रतिवेदन तयार भएको मितिसम्म संस्थाको कार्यविधि र चालु बर्षको उपलब्धिः


सहकारीको उद्देश्य अनुरुप आधुनिक सुविधा सम्पन्न वित्तिय कारोबार गर्दै आफ्नो कारोबार क्षेत्र तथा सदस्य संख्यामा बृद्धि गर्नुकासाथै संस्थाको कार्यक्षेत्र विस्तार गर्नका लागि शेयर पूँजी बृद्धि गरी संस्थाको आर्थिक अवस्थालाई अझ मजबुत पारिएको छ । संस्थाको विविध संचित कोषहरुको प्रयोग गरि आफ्नैं कार्यालय भवन निर्माण गर्ने योजना अनुसार ललितपुर–१०, कुपण्डोलको मुटुमा ३३ आना जग्गा खरिद गरिएको छ ।आगामी आर्थिक बर्ष देखी भवन निर्माण गर्न आवश्यक प्रारम्भीक कार्यहरु थालनी गरिने छ ।


संस्थाले सदस्यहरुको हितमा विभिन्न प्रकारका निक्षेप एवं ऋण लगानीका योजनाहरु ल्याएको छ । संस्थाले आफ्ना सदस्य महानुभावहरुको लागि डल्फिन कारोबार बचत र डल्फिन स्पेशल बचत तथा अन्य विभिन्न आबधिक बचत खाता सञ्चालन गरेको छ र सोही खातामा सदस्यहरुको लाभांश जम्मा गरिने छ । संस्थाले सदस्यहरुको सेवामा प्रधान कार्यालय र सेवा कार्यालय न्यूरोडबाट सातामा ६ दिन आईतबार देखि शुक्रबार सम्म विहान १०:०० वजे देखि बेलुका ५:०० बजे सम्म कारोवार सेवा दिंदै आएको छ ।


# संस्था शुरु देखि हाल सम्म भएको कारोबारको संक्षिप्त विवरण:


| क्र स | विवरण | आ.ब. २०६६/०६७ | आ.ब. २०६७/०६८ | आ.ब. २०६८/०६९ | आ.ब. २०६९/०७० | आ. ब. २०७०/०७१ | आ. ब. २०७१/०७२ | आ. ब. २०७२/०७३ | आ. ब. २०७३/०७४ | आ. ब. २०७४/०७५ | आ. ब. २०७५/०७६ | आ. ब. २०७६/०७७ | आ. ब. २०७७/०७८ | आ. ब. २०७८/०७९ | आ. ब. २०७९/०८० | आ. ब. २०८०/०८१ | आ. ब. २०८१/०८२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चुक्ता पूँजी | १३,२५३,०००.०० | १६,८७४,०००.०० | २०,९८५,०००.०० | २१,६३२,२००.०० | २३,५२७,३००.०० | ४५,३९८,६००.०० | ५१,०५३,४००.०० | ५३,२८४,०००.०० | ५५,५८५,९००.०० | ५७६६६,६००.०० | ५९,४१०,६००.०० | १११,३६४,०००.०० | ११४,९०२,३००.०० | ११५,८६९,४००.०० | ११७११२,१००.०० | ११९,५१०,०००.०० |
| २ | निक्षेप संकलन | ३,५१७,८५०.२२ | ४९,३२७,२५३.२५ | ९४,६१२,५८१.०३ | १३२,९८७,११०.२० | २२७,१०९,२७१.०६ | ३३०,८६३,९६१.३२ | ४५५,०२०,२५९.४९ | ५८२,५४३,९८९.७५ | ७१९,०४८,६९३.६२ | ८९५,८६८,९४५.२६ | १,०५७,८५३,०३८.१२ | १,३३३,२४५,७५२.५३ | १,६५२,०२०,४४५.०० | १,५३४,१२२,६११.५० | १,५५४,२०७६७९.११ | १,५२९,१८८,७०६.२७ |
| ३ | कर्जा लगानी (खुद) | १३,०२२,९३७.४७ | ३४,४६३,५७३.९५ | ६७,१८४,०११.०२ | ११७,०९९,५७८.६० | १६१,३३४,३९४.९६ | २४०,२४७,२२९.३४ | ३८१,१८५,३८४.५६ | ४७३,१७०,५६८.४० | ६०८,७२२,९७०.१८ | ७११,१६९,८६४.४६ | ९१०,२७१,८६९.७७ | १,११८,०९७,७४७.२१ | १,५८९,०७५,६१६.५७ | १,३७६,०८८,१०८.६१ | १,३२९,३४५,८१०.२६ | १,३२९,०४०,८२५.७८ |
| ४ | कूल आम्दानी | ४२३,३८५.१३ | ७,१४९,००१.९६ | १५,७३५,४७२.९३ | २१,३०२,५४८.६१ | ३०,३४०,०५२.३६ | ४२,३७९,४५१.२२ | ५६,६६८,९५६.०८ | ८१,७९६,११०.८१ | ११५,३५२,४११.९६ | १४९,१०७,०९६.६३ | १६७९३७,६३६.०२ | १७९,७००,६३४.४५ | २३७,८२९,५२४.५३ | २६८,३८३,६८७.३५ | २५५,३५०,०५७.६१ | २११,६११,९४२.६३ |
| ५ | कूल खर्च | ४०८,३४२.७० | ५,४७२,५२३.२५ | १२,०४२,७०६.८० | १४,७७८,३४३.३४ | २०,८२४,०३०.३० | ३०,३१७,९५०.८८ | ३७,३२६,२३०.२२ | ५२,३४२,६६१.१० | ८३,०८७,७६०.४६ | १०७,९८८,२३१.४५ | १२५,७०५,९९८.०० | १३७,६७७,०९४.६१ | १७६,६६९,१६७.०६ | २०८,८२३,३४७.२७ | १९८,४३०,९२५.८८ | १७३,१३५,०४८.८७ |
| ६ | खुद मुनाफा (कर अघि) | १५,०४२.४३ | १,६७६,४७८.७१ | ३,६९२,७६६.१३ | ६,५२४,२०४.२७ | ९,५१६,०२२.०६ | १२,०६१,५००.३४ | १९,८८७,४४१.३१ | २९,४५३,५२०.९१ | ३२,२६४,६५१.५० | ४१,११८,८६५.१८ | ४२,३१५,५५८.३७ | ४२,०२३,५३९.८४ | ६१,१६०,३५७.४७ | ५९,५६०,३४०.०८ | ५६,९१९,१३१.७३ | ४६,४७६,८९३.७६ |
| ७ | कर्जा नोक्सानी व्यवस्था | १,८०५.०९ | ६,७०५.९२ | १४,७७१.०० | ३२६,८६२.०३ | १,७४२,०५८.२३ | २,६४२,५४४.७१ | ४,३९१,९२६.२६ | ६,९२३,८१२.३२ | ८,५३८,१३८.९७ | ११,६३०,४५५.२१ | १३,१६६,१७९.२९ | १५,५५४,२८३.८७ | १८,३१४,२०६.२८ | २१,६९२,२६३.३३ | २२,७०१,९००.०० | २३,३७९,११२.२१ |
| ८ | भाका नाघेको कर्जा | | | | | | | | | | | | ४,०३५,५३८.४४ | २,४४७९२९.०० | ८,०४५,७९७.९८ | ७,९७५,४६५.०० | १३,३११,८२४.०० |
| ९ | कर्जा लगानीमा उठ्न बाँकी ब्याज | | | | | | | | | | | | ४,५६५,१००.४४ | ३,१३५,७५३.१७ | ३,२५३,३६७.४६ | ५,९७३,९८१.०९ | १०,६०७१४५.०० |
| १० | कर्मचारी बोनस व्यवस्था | १,२०३.३९ | ६७,०५९.१५ | १४७,७१०.६५ | ३०३,५७९.९६ | ६१८,५४१.४३ | ७८१,२७०.९७ | १,२३१,५३४.१० | १,८८४,५१४.४४ | २,१४५,५२२.४७ | २,६६१,८५८.४३ | २,८५४,५८८.४० | १,९८१,७७१.७६ | २,९२०,०२१.७५ | २,५८५,३९५.७२ | २,६६२,५१६.०० | २,१८८,१११.०० |
| ११ | आयकर व्यवस्था | ३,००८.४९ | ३३५,२९५.७६ | ७३८,५५३.२३ | १,२००,०६७.०५ | १,७२१,१५९.९९ | १,७१६,७०४.५२ | २,८५९,४८६.६२ | ४,९६६,८५१.५६ | ५,७३१,१४७.९३ | ७,१०६,२१६.११ | ३,६६१,५८३.९० | ३,९८७,६५२.८१ | ५,६५४,९९४.०१ | ५,५५६,४५९.६९ | ११,०१३,६५५.०० | ९,२७९,०११.०० |
| १२ | जगेडा कोष | ३,००८.४९ | ३३८,३०४.२२ | १,०७६,८५७.४४ | २,४०७,८९२.०० | ४,४९५,६४५.८७ | ६,६६१,४०५.४६ | १०,०३६,९८६.३६ | १८,०८३,०८३.५८ | २३,७४४,२९६.४६ | ३०,७९९,४११.८३ | ४४,६७२,४३४.८५ | ६२,८५६,९६९.८७ | ८१,३६४,२२२.७० | १०२,११०,८७४.०५ | १२१,२३९,१५४.३० | १३८,११२,६१३.४३ |
| १३ | शेयर लाभांश कोष (नगद लाभांश) | ३,००८.४९ | ११८,७१०.३२ | २,०२३,६३५.८४ | ३,२४४,८३०.०० | ३,५२९,१०७.०० | ५,१७८,११५.६२ | ७,०८८,७१९.८८ | ७,११२,६००.०० | १०,००५,४६२.०० | १०,४०७,०००.६८ | १०,६९४,८४१.१६ | १३,१६७,६१८.४५ | १९,४६८,४२१.५१ | १८,९६८,६२९.७७ | १६,६६५,६४४.०० | १३,२२१,६२४.०० |
| १४ | भवन निर्माण, जगेडा, कर्जा नोक्सानी र अन्य सबै बचत को कोषहरुमा रहेको कुल रकम | ६,०१६.९७ | ३५१,७१६.०६ | १,१०६,३९९.५६ | २,४६१,१३३.३८ | ४,५७३,६१४.४९ | ६,८५४,८२४.६६ | १०,५३४,३१३.२७ | १९,१६४,३६०.२१ | ३१,६५६,६३४.९३ | ५०,९७९,९३४.१० | ७३,३००,३१३.१३ | ११८,८१८,१३२.०३ | १५२,९०९,६४७.८६ | १८५,७५८,०११.३० | २११,२४८,०३०.५७ | २४२,५०५,८५४.५७ |
| १५ | बैंक तथा वित्तिय संस्थामा रहेको तरलता रकम | | | | | | | | १३९,३२५,५१३.०० | १६८,६३७,८७८.९५ | १९४,०४८,९४०.३५ | २६८,२३४,९३३.६५ | ३०१,३४३,२८९.७२ | २८२,८६०,३४७.३८ | ३२४,०३९,४६२.९७ | ३५७,७१८,०९९.२५ | ३८९,१२३,३२४.२८ |


## संस्था शुरु देखि हाल सम्म भएको कारोबारको चित्राङ्कन:



























कर्जा लगानीमा उठ्न बाँकी ब्याज




कर्मचारी बोनस व्यवस्था




आयकर व्यवस्था




जगेडा कोष



शेयर लाभांश कोष (नगद लाभांश)



भवन निर्माण, जगेडा, कर्जा नोक्सानी र अन्य सबै बचत कोषहरुमा रहेको कुल रकम




बैंक तथा वित्तिय संस्थामा रहेको तरलता रकम

## संस्थाले आ.ब. २०८१/०८२ को लागि लिएको लक्ष्य एवं उपलब्धिको विवरण:

संस्थाले आ.ब. २०८१/०८२ को लागि लिएको लक्ष्य एवं उपलब्धिको पुनरावलोकन गर्दा संस्थाले सोह्रौं बर्षको ईतिहासमा लिएका लक्ष्यप्राप्त गर्दै आएकोमा यस आ.ब. २०८१/०८२मा यस क्षेत्रमा देखीएको समस्याका कारण लक्ष्य लिए अनुसारको प्राप्ति हुन त सकेको छैन ।

| आ.ब. २०८१/२०८२ मा लिएको लक्ष्य एवं उपलब्धिको विवरण | | | | |
|---|---|---|---|---|
| क.सं. | विवरण | आ.ब. २०८१/०८२ को लक्ष्य | आ.ब. २०८१/०८२ मा उपलब्धी | प्रतिशत |
| १ | चुक्ता पूँजी | १२०,६९२,१००.०० | ११९,५१०,०००.०० | ९९% |
| २ | निक्षेप संकलन | १,८५४,२०७,६७९.१९ | १,५२९,१८८,७०६.२७ | ८२% |
| ३ | कर्जा लगानी (खुद) | १,६६९,३४५,८१०.२६ | १,३२९,०४०,८२५.७८ | ८०% |
| ४ | कूल आम्दानी | २७०,२४५,४४१.२९ | २१९,६११,९४२.६३ | ८1% |
| ५ | कूल खर्च | १९८,९८४,३१९.९७ | १७३,१३५,०४८.८७ | ८७% |
| ६ | खुद मुनाफा (कर अघि) | ७१,२६१,१२१.३२ | ४६,४७६,८९३.७६ | ६५% |

***संस्थाले आ.ब. २०८१/०८२ को लागि लिएको लक्ष्य एवं उपलब्धिको चित्राङ्कन:***



### लाभांश बाँडफाँड गर्न सिफारिश गरिएको रकम:

संस्थाले आ. ब. २०८१/०८२ मा रु.४,६४,७६,८९३.७६ (अक्षेरुपी चार करोड चौंसट्ठी लाख छैहत्तर हजार आठ सय त्रियानब्बे रुपैया पैसा छैहत्तर मात्र) कुल मुनाफा भएकोमा विभिन्न कोषमा बाँडफाँड गरी ११.१०% नगद लाभांश वितरण गर्नको लागि प्रस्ताव गरिएको छ। नगद लाभांश सदस्यहरुको बचत खातामा ५% TDS (कर) कट्टागरी जम्मा गरिने छ।

### आ. ब. २०८१/०८२ को कुल मुनाफा र कोष बाडफाँडको विवरण:

संस्थाले आ.ब. २०८१/०८२मा गरेको कुल मुनाफाबाट निम्नानुसारका कोषहरुमा निम्नानुसार रकम वाँडफाँड गरिएको छ।

| आ.ब. २०८१/०८२ को कुल मुनाफा वाँडफाँड विवरण: | | | | | |
|---|---|---|---|---|---|
| **क.सं** | | **रकम** | | | |
| १ | **कुल मुनाफा** | **४६,४७६,८९३.७६** | **कोषहरु** | **प्रतिशत** | **रकम** |
| | | | कर्जा नोक्सानी व्यवस्था | १.४६% | ६७८,०१२.२१ |
| | | | आय कर | १९.९६% | ९,२७९,०११.०० |
| | | | कर्मचारी बोनस | ४.७१% | २,१८८,१११.०० |
| | | | | | **१२,१४५,१३४.२१** |
| २ | **आय कर पछीको मुनाफा** | **३४,३३१,७५९.५५** | | | |
| | | | जगेडा कोष | २४.६२% | ८,४५१,०२२.२८ |
| | | | सहकारी प्रवद्धन कोष | ०.४९% | १२६,७६५.३३ |
| | | | संरक्षीत पुजी फिर्ता कोष | २४.६१% | ६,३३८,२६६.७१ |
| | | | | | **१४,९१६,०५४.३३** |
| | | | | | |
| ३ | **वितरण योग्य मुनाफा** | **१८,८८८,०३४.४४** | वितरण योग्य रकमलाई शत प्रतिशत मानी ऐन अनुसार विभिन्नकोषमा वितरण गरिएको रकमको विवरण | | |
| | | | **विवरण** | **प्रतिशत** | **रकम** |
| | | | शेयर लाभांश कोष | ७०.००% | १३,२२१,६२४.०० |
| | | | सहकारी विकास कोष | ५.००% | ९४४,४०१.७४ |
| | | | सहकारी शिक्षा कोष | ५.००% | ९४४,४०१.७४ |
| | | | घाटा पुर्ति कोष | ५.००% | ९४४,४०१.७४ |
| | | | सामुदायीक विकास कोष | ५.००% | ९४४,४०१.७४ |
| | | | स्थिरीकरण कोष | ५.००% | ९४४,४०१.७४ |
| | | | अन्य जोखीम व्यवस्थापन कोष | ५.००% | ९४४,४०१.७४ |
| | | | **कुल रकम** | **१००.००%** | **१८,८८८,०३४.४४** |

***नोट: आ. ब. २०८१/०८२ को आम्दानी बाट विविध संचित कोषमा कुल रकम रु.२,१२,६०,४७६.९८ थप संचित भएको छ।***

**संस्थाको भावी योजनाहरु :**

१. संस्थाको कार्यक्षेत्र र स्तर उन्नति बृद्धि गर्दै लैजाने ।

२. सदस्यहरुको हितमा सेवा बिस्तार गर्ने ।

३. मौलिक किसिमका बचत तथा नयाँ निक्षेप योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।

४. विभिन्न लगानीका श्रोतहरु पहिचान गरी लगानी प्रबर्द्धन गर्ने ।

५. समान किसिमका संस्थासँग सहकार्य बढाँउदै लैजाने ।

६. निम्न र मध्यम वर्गमा सहकारीको पहुँच पुऱ्याउने ।

७. सदस्यहरुको हितमा सदस्य सेवा कार्यालय बिस्तार गर्ने ।

८. संस्थाको भवन निमार्ण गर्न खरिद गरेको जग्गामा व्यवसायीक भवन निर्माण गर्ने ।

**संस्थागत सामाजिक दायित्व :**

संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व अनुसार सामाजिक उत्थानका लागि यस संस्थाले समाजमा सकारात्मक प्रभाव पारी विभिन्न वर्गलाई सुलभ दरमा ऋण प्रदान गरेको छ । संस्थागत सामाजिक दायित्वको क्षेत्र पहिचान गरी सोही अनुरुप कार्यक्रम अगाडी बढाउने योजना रहेको छ ।

**अन्त्यमा**

संस्थाको उत्तरोत्तर प्रगति तथा समृद्धिका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग सद्भाव तथा मार्गदर्शन दिनु भई यस संस्थालाई वर्तमान अवस्था सम्म पुऱ्याउन आ-आफ्नो क्षेत्रबाट निरन्तर सहयोग गर्नु हुने सम्पूर्ण आदरणीय सदस्य महानुभावहरु, नेपाल सरकार सहकारी विभाग नयाँ बानेश्वर, नेपाल सरकार वागमती प्रदेश सहकारी कार्यालय मकवानपुर, विभिन्न नियामक नियकायहरु, स्थानिय वासी एवं सम्पूर्ण ललितपुर, काठमाण्डौं, भक्तपुर जिल्लालाई कार्यक्षेत्र बनाई ब्यवसाय सञ्चालन गर्नु भएका व्यवसायीहरु, संस्थालाई विश्वास एवं माया गरी बचत गर्नुभएका सम्पूर्ण बचत कर्ताहरु,लेखापरीक्षक, कानूनी सल्लाहकार, ब्यवसायीक सल्लाहकार तथा अन्य सम्बद्ध संघ संस्था एवं सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद ब्यक्त गर्दछु ।

हाम्रा आदरणीयसदस्य महानुभावहरुले संस्थाप्रति देखाउनु भएको अगाढ विश्वासको निम्ति हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा यहाँहरुको सदाशयता र सहयोग कायमै रहने अपेक्षा गर्दछु । संस्थाका कार्यकारी प्रमुख एवं सबै तहका कर्मचारीहरुबाट संस्थाले निर्धारण गरेको लक्ष्य प्राप्तिका लागि देखाउनु भएको प्रतिबद्धता र अथक परिश्रमको सराहना गर्दैसदस्य महानुभावहरुको रचनात्मक सल्लाह, सुझाव र सहयोगलाई संस्थाले सदैव मार्गनिर्देशनका रुपमा लिनेछ भन्ने प्रतिबद्धता ब्यक्त गर्दै हार्दिक कृतज्ञता र आभार ब्यक्त गर्दछु ।सभाको छलफलको विषय सूची अनुसारका विषयहरुमा छलफल गरी पारित गर्नका लागि अनुरोध गर्दछु । अन्त्यमासंस्थाका सम्पुर्ण सदस्यहरुको सुस्वास्थ्य एवं आर्थिक सम्वृद्धिको कामना नजिकिदै आएका महान चाडहरुको अवसरमा यहाँहरुको सुख, शान्ति, प्रगति र एकताको कामना गर्दछु ।

धन्यवाद !
संचालक समितिका तर्फबाट
**लक्ष्मी नारायण अर्याल**
अध्यक्ष
मिति : २०८२ भाद्र २१ गते शनिवार

# सञ्चालक समितिका कोषाध्यक्ष श्री मदन प्रसाद ज्ञवाली ज्यूको
# सोह्रौं साधारण सभाको बार्षिक प्रतिवेदन

आदरणीय सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विभिन्न संघ संस्थाबाट सहभागी हुनुभएका अतिथिज्यूहरु, सल्लाहकार समितिका पदाधिकारीज्यूहरु, संचालक समितिका साथीहरु, लेखा तथा सुपरिवेक्षण समितिका साथीहरु, लेखापरीक्षकज्यू, सदस्य महानुभावहरु, कोषाध्यक्ष एवं मेरो व्यक्तिगत तर्फबाट यस डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको सोह्रौं बार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण सदस्य महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।

यहाँहरुको उपस्थितिबाट संस्थाले पाउने सुझाव, सहयोग र सद्भावले भावी कार्ययोजना तथा लक्ष्य प्राप्तिमा थप टेवा पुग्नेछ भन्ने हामी सबैले विश्वास लिएका छौं । संस्थाको कोषाध्यक्षको नाताले संस्थाको विभिन्न कोषमा नियमअनुसार रकम बाँडफाँड गरिएको कुरा संस्थाका अध्यक्षज्यूको प्रतिवेदन र लेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदनमा स्पष्ट पारिएको छ । संस्थाको विभिन्न कोषहरुमा भएको रकम संस्थाको विनियम अनुरुप सुरक्षण एवं उचित प्रयोजन गरेको छ ।


संस्थाले आ. ब. २०८१/०८२ मा लिएको लक्ष्य एवं उपलब्धीको विवरण यहाँहरुको हातहातमा उपलब्ध नै छ । सोहीअनुसार कार्यकारी प्रमुखले आ.ब. २०८२/०८३ को लागी तयार गरेको बार्षीक बजेट उपर संचालक समितिमा विस्तृत छलफल एवं स्वीकृत गरि अनुमोदनको लागी यस गरिमामय साधारण सभामा पेश गरेका छौं ।

### संस्थाले आ. व. २०८२/०८३ को लागि लिएको लक्ष्य एवं बजेट

संस्थाले आ. व. २०८२/०८३ को लागि निम्नानुसार लक्ष्य एवं बजेट तयार पारेको छ जसको संक्षिप्त विवरण यस प्रकार रहेको छ ।

**संस्थाले आ.ब.२०८२/०८३ को लागी लिएको बार्षिक लक्ष्य एवं बजेटः**

| क.सं. | विवरण | आ. ब. २०८१/०८२ को यथार्थ | आ.ब.२०८२/०८३ मा थप | आ.ब.२०८२/०८३ को लक्ष्य | बृद्धि प्रदिशत |
|---|---|---|---|---|---|
| १ | चुक्ता पूँजी | ११९,५१०,०००.०० | ३,५००,०००.०० | १२३,०१०,०००.०० | २.९३% |
| २ | निक्षेप (बचत) संकलन | १,५२९,१८८,७०६.२७ | ३००,०००,०००.०० | १,८२९,१८८,७०६.२७ | १९.६२% |
| ३ | कर्जा लगानी (खुद) | १,३२९,०४०,८२५.७८ | ३४०,०००,०००.०० | १,६६९,०४०,८२५.७८ | २५.५८% |
| ४ | कूल आम्दानी | २१९,६११,९४२.६३ | ९,५०७,१३२.२७ | २२९,११९,०७४.९० | ४.३३% |
| ५ | कूल खर्च | १७३,१३५,०४८.८७ | -५,४३२,४३८.८३ | १६७,७०२,६१०.०४ | -३.१४% |
| ६ | खुद मुनाफा (कर अघि) | ४६,४७६,८९३.७६ | १४,९३९,५७१.०९ | ६१,४१६,४६४.८५ | ३२.१४% |



## अनुमानीत आम्दानी बजेट:

निम्नानुसारका शिर्षकबाट आ.ब. २०८२/०८३ मा देहाय अनुसार आम्दानी हुने अनुमान गरिएको छ।

| आ.ब. २०८२/०८३ मा विविध शिंषक बाट अनुमानित आम्दानी विवरण | | |
|---|---|---|
| क.स. | विवरण | रकम |
| १ | कर्जा लगानीबाट ब्याज आम्दानी | २००,२८४,८९९.०९ |
| २ | बैंक बचतबाट ब्याज आम्दानी | ८,४९४,७३६.४१ |
| ३ | कर्जा सेवा र नविकरण शुल्कबाट आम्दनी | १५,०३९,४३९.३९ |
| ४ | रेमिटेन्स वापत कमिसन आम्दानी | ३००,०००.०० |
| ५ | विविध आम्दानी | ५,०००,०००.०० |
| | कूल अनुमानित आम्दानी | २२९,११९,०७४.९० |

## आ.ब. २०८२/०८३ मा विविध शिंषकमा अनुमानित खर्च विवरण

| क.स. | विवरण | रकम |
|---|---|---|
| १ | ब्याज खर्च | १३२,६१६,१८१.२० |
| २ | कर्मचारी खर्च | १७,२०१,४२८.८४ |
| ३ | कार्यालय संचालन खर्च | १२,२१०,०००.०० |
| ४ | विमा खर्च | ६००,०००.०० |
| ५ | मर्मत सम्भार खर्च | ३५०,०००.०० |
| ६ | संचालक समिति बैठक भत्ता एवं खर्च | २,३१०,०००.०० |
| ७ | साधारण सभा खर्च | १,३००,०००.०० |
| ८ | लेखा परिक्षण खर्च | ३५०,०००.०० |
| ९ | लेखा समिति बैठक भत्ता एवं खर्च | ३४५,०००.०० |
| १० | सल्लाहकार समिति बैठक भत्ता एवं खर्च | ६०,०००.०० |
| ११ | कर्जा उपसमिति बैठक भत्ता एवं खर्च | १६०,०००.०० |
| १२ | मानव संसाधन उपसमिति बैठक भत्ता एवं खर्च | २५,०००.०० |
| १३ | अन्य उपसमिति बैठक भत्ता एवं खर्च | १७५,०००.०० |
| १४ | भवन निर्माण व्याज खर्च | - |
| | कूल अनुमानित खर्च | **१६७,७०२,६१०.०४** |
| १ | स्थिर सम्पत्ति खरिद बजेट | ६००,०००.०० |
| २ | संस्थाको नयाँ आन्तरीक नियमहरु बनाउने र भएकालाई अपडेट गर्न | ३००,०००.०० |
| | | **९००,०००.००** |
| | | |
| आ.ब. २०८२/०८३ मा अनुमानित कूल मूनाफा | | |
| क.स. | विवरण | रकम |
| १ | कूल अनुमानित मूनाफा | ६१,४१६,४६४.८५ |

### १. कर्जा असुली :

आ.ब.२०८२/०८३ मा लगानी गरिने कर्जा र पुराना कर्जा समेतको असुली कार्य तालिका अनुसार, सहकारी ऐन, नियमावली, संस्थाको आन्तरीक विनीयामावली र कर्जा असुली न्यायाधिकरणमा भएको व्यवस्था अनुसार कर्जा असुली गरिने छ।

### २. कर्मचारीको दरबन्दी :

आ.ब. २०८२/०८३ मा विभिन्न तह/ओहदामा रही कार्य गर्ने थप २ जना कर्मचारीहरुको दरबन्दी हुन सक्नेछ ।

### ३. स्थिरसम्पत्ति खरिद बजेटः

आ.ब. २०८२/०८३ का लागि संस्थालाई आवश्यक स्थिर सम्पति खरिद गर्न रु.९,००,०००/-बजेट बिनियोजन गरिएको छ ।

### बार्षिक कार्ययोजनाः

**संस्थाको आफ्नै भवन निर्माण गर्ने**

- आ.ब. २०८२/०८३ मा संस्थाले भवन निर्माण गर्न खरिद गरेको जग्गामा संस्थाको आफ्नै भवन निर्माण गर्न आवश्यक प्रारम्भिक कार्य सुरुवात गरिनेछ ।
- संस्थाको भवन निर्माण गर्ने कार्य यस आगामी आ.ब. बाट सुरु गर्ने योजना बनाईएको छ ।

### बजेटको श्रोत व्यवस्थापन

संस्थाको नियम अनुसार संस्थाका सदस्यहरुबाट निक्षेप संकलन गरि, सम्वन्धित निकायबाट कर्जा लिई, संस्थाको आम्दानी बढाई वाकर्जा लगानी एवं तरलताको उच्च व्यवस्थापन मिलाई संस्थाको भवन निर्माण गर्न बजेट उचित व्यावस्था मिलाईनेछ ।

अन्तमा नियम अनुसार विभिन्न कोषहरुको व्यवस्था एवं प्रयोजन गरिएको छ सो विवरण लेखापरिक्षकको लेखा परिक्षण विवरणमा स्पष्ट खुलाईएको छ। सम्पुर्ण देशबासीहरु एवं संस्थाका सम्पुर्ण सदस्यहरुको सुस्वास्थ्य एवं आर्थिक सम्वृद्धिको कामना गर्दै नजिकिदै गरेकासबै चाड पर्व हरुको अवसरमा यहाँहरुको सुख, शान्ति, प्रगति र एकताको कामना गर्दछु ।

धन्यवाद
**मदन प्रसाद ज्ञवाली**
कोषाध्यक्ष
मिति : २०८२ भाद्र २१गते शनिवार

# डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

**ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान**

## सोह्रौं बार्षिक साधारण सभा समक्ष लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजक सि.ए. श्री सतीश चन्द्र लालद्वारा प्रस्तुत आ. व. २०८१/०८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन

आदरणीय सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यु, बिशेष अतिथिज्यु, सल्लाहकार समितिका सदस्यज्यूहरु, सञ्चालक समितिका पदाधिकारीज्यूहरु, लेखा समितिका साथीहरु, शेयर सदस्य महानुभावहरु, आगन्तुक महानुभावहरु र संस्थामा कार्यरत कर्मचारीहरु लगायत उपस्थित सबैमा लेखा समितिको तर्फबाट तथा मेरो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु ।

संस्था सञ्चालनको सोह्रौं बर्षमा विषम परिस्थितिको सामना गर्दै संस्थाले बचाएको साखको सराहना गर्दछु । गत बर्षको साधारण सभामा उपस्थित सदस्य महानुभावहरुले दिएको जिम्मेवारीलाई आत्मसाथ गरी संस्थाको आर्थिक एवं संचालक समितिले गरेका निर्णयका गतिविधि नियाल्ने मौका प्राप्त भए बमोजिम संस्थाको लेखा समितिको तर्फबाट प्रतिवेदन पेश गरेका छौं ।

सहकारीको माध्यमबाट सानो-सानो पूँजीलाई संकलन गरी बित्तिय क्षेत्रमा देखिएको अभावलाई पूर्ति गर्न स्थापित यस डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको लेखा सुपरिवेक्षण समितिको तर्फबाट संस्थामा आर्थिक अनुशासन कायम गर्न, सञ्चालक समितिलाई दिनु पर्ने सल्लाह, सुझाव दिने र ब्यवस्थापनको काम माथिको निगरानी र गठित अन्य समिति तथा उपसमितिहरुको निर्णय पुस्तिकामा उल्लेख भए गरेका काम कारवाहीहरु यस समितिको कार्यगत बिषय रहन गएको यहाँहरु समक्ष निवेदन गर्दछु । संस्थाले तय गरेको बार्षिक खर्च बजेटको परिधीमा रहेर संस्थागत खर्च भए गरेको पाईयो ।

संस्थाको आन्तरिक लेखापरीक्षण गरी स्पष्ट ढंगबाट प्रतिवेदन दिएर लेखापरीक्षणलाई सहयोग गर्नु पनि लेखा समितिको काम कर्तव्य भएका कारण सोही काममा यस समितिले ध्यान दिएको कुरा पनि यस सम्मानित सभामा जानकारी गराउँदछु ।

संस्थामा लेखा समितिको तर्फबाट अनौपचारिक रुपमा पनि बिभिन्न बैठकहरुमा सहभागी भई आवश्यक सुझावहरु प्रदान गरेको जानकारी गराउँदछु ।

१. यस आ.ब. २०८१/०८२ मा बसेको समिति तथा उपसमितिका बैठकहरुः
   - क) सञ्चालक समितिको १८ वटा बैठक बसेको छ ।
   - ख) लेखा तथा सुपरिवेक्षण समितिको ५ वटा बैठक बसेको छ ।
   - ग) कर्जा उप समितिको १० वटा बैठक बसेको छ ।
   - घ) मानव संसाधन उपसमितिको १ वटा बैठक बसेको छ ।
   - ङ) संचालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार उपसमिति र लेखा परिक्षकको संयुक्त बैठक ३ पटक बसेको पाईयो ।

२. साधारण सभाले दिएको सुझावलाई हर सम्भव कार्यान्वयन गरेको पाइन्छ ।

३. आ.ब.२०८०/०८१ र २०८१/०८२ को प्रतिवेदन तुलना गर्दा यस विषंम परिस्थितमा कारोवार सवल रहेको पाईयो ।

४. संस्थाको कारोवारमा औल्याउन पर्ने कमजोर पक्षहरु देखिदैन ।

५. सहकारी सिद्धान्त, ऐन, विनियम एवं संस्थाका कार्यविधि अनुसार संस्थाको कामकार्वाही भए गरेको पाईयो ।

६. कर्मचारी व्यवस्थापन सवल रहेको पाईन्छ ।

७. संचालन प्रणाली नियम संगत र व्यवस्थित रहेको छ ।

८. सहकारी विभाग वा अन्य निकायबाट आ.ब.२०८१/०८२ मा अनुगमन भए गरेको देखिएन ।

९. संस्था संचालनमा व्यवस्थापन पक्षको समग्र मूल्यांकनः प्रभावकारिता, दक्षता, क्रियाशीलता, कर्मचारीको मनोवलको अवस्था, व्यवसायिकता आदिको मूल्याङ्कन गर्दा संस्था सवल एवं सक्षम रहेको देखिन्छ ।

१०. यस अवधिमा संस्थाका सञ्चालक समितिका पदाधिकारीहरु, व्यवस्थापन पक्षबाट आर्थिक नियम तथा मापदण्ड विपरीतका काम गरे गराएको देखिएको छैन ।

संस्थाको लेखा कम्प्युटराईज्ड माध्यमबाट राखिएको छ । जसका कारण आवश्यकता बमोजिमको विवरण प्राप्त भई सबैलाई सहज महशुश भएको छ । संस्थाले विषंम परिस्थितिको उच्च मुल्याङकन गर्दै डिजिटल बैंकिङ्गमा ध्यान दिएको देखिन्छ ।

संस्थाको कर्जा उप-समितिको निर्णयलाई सञ्चालक समितिको बैठकबाट अनुमोदन गर्ने गरेको देखियो ।

संस्थाको वेबसाईट चालू छ । जसका कारण आवश्यक सूचनाहरु वेबसाईटबाट पनि प्राप्त गर्न सकिने छ । कार्यरत कर्मचारीहरुको क्षमता बृद्धिका लागि आबश्यक ठानिएका कर्मचारीहरुलाई तालिम दीने परिपाटीको विकास भएको छ ।

संस्थाको व्यवस्थापन वित्तिय अनुसाशनमा प्रतिवद्ध रहेको पाईयो । संस्थामा संलग्न सबैलाई सहयोगीको रुपमा प्रस्तुत भइ अझ आफूमा सरल र मित्रवत व्यवहार प्रस्तुत गरी सबैसदस्यहरु सामू अझ बिश्वास जित्न अनुरोध गर्दछु ।

अन्तमा यो प्रतिवेदन तयार पार्न सहयोग गर्ने यस समितिका मेरा समकक्षी साथीहरु श्री बाल मुकुन्द विष्ट र श्री तुलसी प्रसाद अर्याललाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु । नजिकिदै गरेका पर्वहरुको अग्रिम शुभकामना व्यक्त गर्दै यहाँहरुको सुख, शान्ति, प्रगति र एकताको कामना गर्दछु ।

धन्यवाद ।
**सि.ए. सतीश चन्द्र लाल**
संयोजक
मिति : २०८२ भाद्र २१ गते शनिवार

# डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

**ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान**

## प्रमुख कार्यकारी अधिकृत श्री झलक अर्याल (सुशिल)द्धारा सोह्रौं बार्षीक साधारण सभामा प्रस्तुत आर्थिक प्रतिबेदन

आदरणीय यस गरिमामय साधारणसभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विभिन्न संघ सस्थाबाट पाल्नुभएका अतिथिज्यूहरु, सल्लाहकार समितिका पदाधिकारीज्यूहरु, संचालक समितिका पदाधिकारीज्यूहरु, लेखा तथा सुपरिवेक्षण समितिका पदाधिकारीज्यूहरु, लेखा परीक्षकज्यू,सहभागी सदस्य महानुभावहरु एवं कर्मचारी साथिहरु ।

यस गरिमामय साधारणसभा मार्फत सम्पूर्णसदस्य महानुभावहरु समक्ष प्रमुख कार्यकारी अधिकृतको तर्फबाट संक्षिप्त प्रतिवेदन पेश गर्न पाउँदा आफैमा खुसीको अनुभुति भएको छ । उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरु प्रति हृदयदेखी सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

संस्थाको स्थापना बिभिन्न क्षेत्रका प्राज्ञिक ब्यक्तित्वहरुको अथक प्रयासबाट वि.सं. २०६६ साल चैत्र २३ गतेका दिन दर्ता भई २०६७ साल जेष्ठ ५ गतेका दिन विधिवत स्थापना गरी सहकारी सिद्धान्तको मूल्य, मान्यतालाई अनुशरण गर्दै आज सोह्रौं बार्षीक साधारण सभा सम्पन्न हुन गईरहेको छ ।

यसै अवसरमा संस्थाको प्रमुख कार्यकारी अधकृतको हैसीयतले संस्थाको संक्षिप्त वित्तिय प्रतिवेदन यहाँहरु समक्ष पेश गर्न पाँउदा खुसीको अनुभुती भएको छ ।

मिति २०८२ साल आषाढ मसान्त सम्म संस्थामा कूल सदस्य संख्या २७९२ (पुरुष १६७४, महिला १११८) जना सदस्यहरुमा भएको संक्षिप्त वित्तिय विवरण यस प्रकार छ ।

| | |
|---|---|
| कूल चुक्ता शेयर पूँजी | ११९,५१०,०००.०० |
| जगेडा कोष | १३८,९१२,६१३.४३ |
| अन्य संचित कोषहरु | २४२,५०५,८५४.५७ |
| कर्जा नोक्सानी कोष | २३,३७९,९१२.२१ |
| कूल बचत संकलन | १,५२९,१८८,७०६.२७ |
| कर्जा लगानी | १,३२९,०४०,८२५.७८ |
| कर्जामा उठ्न बाँकी ब्याज | १०,६०७,१४५.०० |
| असल कर्जा | १,३१५,७२९,००१.७८ |
| भाका नाघेको कर्जा | १३,३११,८२४.०० |
| कर्जा लागानीमा औषत ब्याजदर | १२.८२% |
| निक्षेपमा औषत ब्याजदर | ८.३९% |
| निक्षेप र कर्जाको औषत फरक दर | ४.४३% |
| तरलता | ३८९,१२३,३२४.२८ |
| आ.ब.२०८१/०८२ मा खूद मुनाफा | ४६,४७६,८९३.७६ |
| आ.ब.२०८१/०८२ मा कूल कारोबार | २,१३०,९६४,५६२.३७ |
| • Earning Per Share (EPS) | 29.96 |
| • Net Worth Per Share (NWPS) | 289.07 |
| • Non Proforming Loan (NPL) | 1.00% |

खुद मूनाफा बाट कर अधिका विविध कोषमा आवश्यक रकम विनियोजन गरि कूल रकम रु.९२,७९,०११.००आय कर छुट्टाईएको छ भने कूल शेयर पूँजीको ११.१०% नगद लाभांश (रु.१,३२,२१,६२४) छुट्टाई यस आ.ब.मा विविध संचीत कोषमा कूल रकम रु.२,१२,६०,४७६.९८ स्थान्तरण गरिएको छ । संस्थाको हाल सम्म विविध बचत कोषमा कूल रकम रु.२४,२५,०५,८५४.५७ (कर्जा नोक्सानी व्यवस्था समेत) रहेको छ । संस्था सुरु देखी हाल सम्मको अवस्था र बार्षिक वित्तिय प्रतिवेदन सरल तरिकाले प्रस्तुत गरिएको छ ।

संस्थाले लिएको लक्ष्य र उपलब्धीको अवलोकन गर्दा यस विषमः परिस्थितीमा आ.ब. २०८१/०८२को लागि लिएको लक्ष्य मिहिनेत अनुसार हासील गर्न सकिएको छैन । विश्व आर्थिक मन्दिका कारण हाम्रो देश पनी अछुतो रहन सकेन, हाम्रो सहकारी क्षेत्रमा आएको समस्याको कारण हामी हाम्रा सदस्यहरुको विश्वास जित्न नसकेर यस बर्ष संस्थाले लिएको लक्ष्य प्राप्त गर्न सकिएन, लक्ष्य प्राप्त गर्न नसकेकोमा सम्पुर्ण सदस्यहरु समक्ष म संस्थाको प्रमुख कार्यकारी अधिकृतको तर्फबाट क्षमायाचना गर्दै आगामी दिनमा यस आ.ब.मा लिएको लक्ष्य पुरा गर्न यहाँहरुको साथ सहायोग लिई अगाडी बढ्ने प्रण गर्दछु ।

आ.ब. २०८१/०८२ को वित्तिय प्रतिवेदन NFRS (Nepal Financial Reporting Standard) मा तयार पारिएको छ । यस संस्थाको वित्तिय प्रतिवेदन विश्व भरिका वित्तिय संस्थाहरुले पेश गर्ने ढाँचा अनुसार भएकोले विश्व भरिका वित्तिय संस्थाहरुले पेश गर्ने वित्तिय प्रतिवेदन संग तुलना गरेर संस्थाको वित्तिय अवस्था मुल्याङ्कन गर्न सक्नुहुनेछ ।

### संस्थाले राजश्वमा गरेको योगदानः

संस्थाले आ.ब. २०८१/०८२ मा निम्नानुसार राजश्व दाखिला (तिरेको) छ ।

| आ.ब. | आम्दानी कर | व्याज बापतको कर | पारिश्रमिक र सामाजीक सुरक्षा कर | व्यक्तिगत कर | लाभांश कर | घरबहाल र TDS कर | कूल कर |
|---|---|---|---|---|---|---|---|
| २०८१/०८२ | ९२,७९,०११.०० | ८५,८१,५४०.०३ | १९,२२,२२०.०० | ३,४५,६७५.०० | ८,३२९३७.७२ | ५,१८,७००.९८ | २,१४,८०,०८४.७३ |

### संस्थागत आचरसंहिताः

संस्थाले संचालक समितिका सबै सदस्यहरु, व्यवस्थापन टोली र सबै तहका कर्मचारीहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने आचारसंहिताको तर्जुमा गरी कार्यान्वयन गरेको छ । संस्थाले तर्जुमा गरेका आचारसंहिता सुशासन ऐनको भावना तथा संस्थागत सुशासन सम्बन्धी नेपाल सरकार सहकारी विभागले जारी गरेको निर्देशन अनुकूल रहेको छ ।

### आन्तरिक नियन्त्रण प्रणालीः

संस्थाले सुरक्षित र स्वच्छ तवरले संस्था संचालन हूनसकोस भन्ने कुरालाई सुनिश्चित गर्न स्वतन्त्र रुपमा कार्य गर्न सक्ने गरी आन्तरिक एवं बाह्य लेखा परिक्षण प्रणाली तथा संरचना लागू गरेको छ । आन्तरिक लेखापरिक्षक सोझैं संस्थाको लेखापरिक्षण समितिको मातहतमा रहेको छ । निजबाट नेपाल सरकार सहकारी विभागको विभिन्न निर्देशन पालना भए नभएको निगरानी राख्ने समेतको जिम्मेवारी दिइएको छ । संस्थाको लेखा तथा सुपरिवेक्षण समितिले संस्थाको वित्तिय अवस्थाको आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तता पुनरावलोकन गर्नुका साथै आन्तरिक लेखा परीक्षण प्रतिवेदनबाट प्राप्त सुझाबको आधारमा आवश्यक निर्देशन जारी गर्ने गर्दछ । संस्थाले लगानी गरेको कर्जामा थोरैपनि जोखिम देखे नियम अनुसार जोखिम व्यवस्थापन (Provision) गर्ने गरेको छ ।

### जोखिम ब्यवस्थापनः

जोखिम न्यूनीकरण एवं नियन्त्रणका लागि संस्थामा एउटा स्वतन्त्र जोखिम अनुगमन संरचना विद्यमान रहेको छ । यस व्यवसायमा जहिले पनि जोखिम र प्रतिफल विच टकराव हुने गर्दछ । जोखिम र प्रतिफल विचको उत्कृष्ट सन्तुलन नै संस्थाको निरन्तरता र समृद्धि सुनिश्चित गर्दछ ।

### सम्पत्ति र दायित्व व्यवस्थापनः

सम्पत्ति तथा दायित्व समुचित व्यवस्थापन लाई सुनिश्चित गर्न संस्था सक्षम रहेको छ । संस्थाले समयमै सम्पत्ति तथा दायित्व व्यवस्थापनको अवस्था पुनरावलोकन गर्ने गरेको छ । बजार जोखिमको प्रभावकारी व्यवस्पापनकालागि तरलता र सम्पति तथा दायित्व व्यवस्थापन सम्बन्धी विस्तृत प्रणाली लागु गरिएको छ । तरलता तथा ब्याजदर सम्बन्धी जोखिमलाई स्ट्रक्चरल लिक्विडिटी रिर्पोट (SLR) को माध्यमबाट मापन गर्ने गरिन्छ । १ दिन देखि ९० दिन सम्मको समय अन्तरालमा तरलता अवस्थाको नियमित रुपमा अनुगमन गर्ने गरिएको छ ।

### मानव संशाधान (कर्मचारी व्यवस्थापन):

संस्था आफैं अमूर्त रहेकोमा संस्थालाई गतिशिलता दिन कर्मचारीहरुको भूमिका महत्वपुर्ण रहेको हुन्छ । तसर्थ संस्थामा कार्यरत कर्मचारीहरु संस्थाको गहनाको रुपमा प्रस्तुत गर्दै कर्मचारीहरुको वृत्ति विकास, उत्प्रेरणा र उपयुक्त कार्य वातावरणको सिर्जना गरी सोही बमोजिम कर्मचारी व्यवस्थापनका कार्य भईरहेको छ । संस्थामा भईरहेको जन शक्तिलाई थप प्रतिस्पर्धी बनाई सेवाको स्तर थप अभिवृद्धि गर्न उपयुक्त तालिम तथा उत्प्रेरणामूलक कार्यहरु गदै आईरहेको छ । हाल संस्थामा १५ जना कर्मचारी कार्यरत रहेका छन् आ.ब.२०८२/०८३माथप २ जना कर्मचारीको आवश्यकता रहन सक्नेछ । समयानुकुल कर्मचारीहरुको सेवा, सुविधा समायोजन गरि कर्मचारीहरुको मनोवल उच्च राखिएको छ । कार्यरत र्कमचारीहरुमा पारिवारीक वातावरण रहेको छ ।

### सूचना प्रविधि तथा प्रणालीगत सुरक्षाः

सूचना प्रविधि तथा जोखिमहरुको नियन्त्रण गर्ने उद्देश्यले संस्थाको सूचना प्रविधि तथा सूचना प्रणालीको सुरक्षा सम्बन्धी विस्तृत प्रणाली विकसित गरेको छ । सदस्यहरुलाई आधुनिक युग अनुसारको सूचना प्रविधिको माध्यमबाट सेवा सुविधा दिने नीति लिएको छ ।

## चालु आ.ब. २०८२/०८३को रणनीति एवं भावी मार्ग:

संस्थाले आ.ब. २०८२/०८३मा सदस्यहरु वृद्धि गरी सोही अनुसार निक्षेप एवं कर्जा लगानी बढाई बढी भन्दा बढी प्रतिफल कमाउन जोड दिइनेछ। संस्थाले दिर्घकालीन आम्दानी गर्ने श्रोत पहिचान गरी लगानी बढाउने योजना बनाएको छ।

## संस्थाले प्रदान गर्ने सुविधा

- आधुनिक सहकारीको अवधारणा अवलम्बन गदै सदस्यहरुलाई उच्चस्तरीय सेवा सुविधा दिने प्रण गरेको छ।
- जस्तै

  Mobile Banking

  Mobile Marketing

  Online Payment System

  Smart Banking (Mobile Apps)

  QR Withdraw

  Fonepay, Khalti& Esewa

जस्ता आधुनिक माध्यमबाट सेवा उपलब्ध गराउदै जाने नीति लिएको छ।

## लगानी

- समय र आवश्यकता अनुसार कर्जा सम्बन्धित कागजात परिमार्जित गर्दै लैजाने र सदस्यहरुलाई विविध शिर्षकमा सहकारी विभागले जारी गरेको सन्दर्भ व्याजदरको सिमा भित्र रही सर्वसुलभ, बजारले निर्धारण गरेको प्रतिस्पर्धात्मक व्याजदरमा छिटो छरीतो कर्जा प्रवाह गर्ने।
- संस्थाको बहुउद्देश्यीय नीति अनुसारसमय परिरिस्थितिको मूल्याङ्कन गर्दै दिर्घकालिन लगानीका श्रोतहरु पहिचान गरी लगानीगर्ने नीति लिएको छ।

## कृतज्ञता ज्ञापन

आदरणीय सदस्य महानुभावहरु यहाँहरुको आगाढ, प्रेम, सद्भाव, लगनशिलता, ईमान्दारीताको प्रतिफलताका कारण संस्थाले सहकारी क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाएको छ। यो संस्था "We are to Serve You" भन्ने मुलमन्त्रलाई आत्मासात गर्दै संस्थाबाट के प्राप्त गर्ने भन्दा संस्थालाई कसरी अझ बढी सेवामुखी सशक्त बनाउने भन्ने विषयमा अझ गम्भिरताका साथ लाग्नु नैसदस्यहरुको विशेषता हो। संस्थाबाट भई रहेको कामकाज प्रति सन्तुष्टि/असन्तुष्टि जे प्राप्त गर्नु भएको छ सो बारेमा स्वच्छ विचारहरुको उच्च मूल्याङकन गर्दै हामी कर्मचारीहरुलाई दिने आवश्यक सहयोग सुझावको सदर कदर गर्दै सेवामा समर्पित हुनेनै छौं। विभिन्न समयमा संस्थाका सदस्यहरु सँगको आन्तरिक छलफल एवं सुझाव अनुरुप नै संस्थाको नीति तथा कार्यक्रम बनेको छ। संस्थाले सदस्यहको सेवा एवं हितलाई नै संस्थाको मूल मन्त्र मानेर अगाडी बढेको छ।

अन्तमा यस संस्थावाट जे जति सेवामुखी कार्य भईरहेका छन्। ती बारेमा समयानुसार पुनः विचार गरि नयाँ नीति तथा कार्यक्रम बनाउन मार्गदर्शन दिनुनै हुनेछ भन्ने अपेक्षा राखेका छौं। यहाँहरुको अझ वढी अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दै, यस विषमः परिस्थितिमा संस्थाका सदस्यहरुले आफ्नो संस्थामा पुऱ्याउनु पर्ने कर्तव्य र भुमिका सुझ बुझ संग निभाउनुहुन विनम्र अनुरोध गर्दै हामी नेपालीहरुको नजिकीदै गरेको महान चाडपर्वहरुको उपलक्ष्यमा यहाँ उपस्थितप्रमुख अतिथि, अतिथि, संचालक समिति एवं सम्पुर्ण सदस्य महानुभावहरुलाई अग्रिम शुभकामना टक्र्याउदै विदा हुने अनुमति चाहन्छु।

धन्यवाद।<br>
प्रमुख कार्यकारी अधिकृत<br>
**झलक अर्याल (सुशिल)**<br>
मितिः २०८२/०५/२१

# डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका शेयर सदस्यहरुलाई

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**राय**

हामीले यसै साथ संलग्न **श्री डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड** (यस पछि "संस्था" वा "सहकारी संस्था" भनिएको) को मिति २०८२ आषाढ ३२ को वित्तीय अवस्थाको विवरण (वासलात), सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को आय विवरण, नगद प्रवाहको विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा यसै प्रतिवेदनको "रायको आधार" शिर्षकमा उल्लेख भएका व्यहोराले वित्तीय विवरणमा पार्ने प्रभाव बाहेक संलग्न वित्तीय विवरणहरुले संस्थाको २०८२ आषाढ ३२ को वित्तीय स्थिती, संस्थाको आर्थिक वर्ष २०८१/०८२ को नाफा नोक्सान, नगद प्रवाह र इक्वीटीमा भएको परिवर्तनको सहकारी ऐन २०७४ तथा नियमावली २०७५ को अधिनमा रहि नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम सारभुत रुपमा, सही र यथार्थ चित्रण गर्दछ ।

**रायको आधार**

यसै प्रतिवेदनको संलग्न वित्तीय विवरणको नोट ७ मा उल्लेख भएबमोजिम "सहकारी संघ/संस्था दर्ता, संचालन लेखापरीक्षण, अनुगमन, तथा नियमन सम्बन्धी मापदण्ड, २०६८" को दफा ३० बमोजीम सहकारी संस्थाले असल ऋण, शंकास्पद ऋण र खराब ऋणमा क्रमश १%, ३५% र १००% ऋण नोक्सानी व्यवस्था प्रावधान गर्नुपर्ने व्यवस्था रहेकोमा संस्थामा सोही नोटमा उल्लेख भएबमोजिम केही सदस्यहरुको कर्जा असुली हुन नसकेको अवस्थामा संचालक समिती र व्यवस्थापनको मुल्याङ्कन बमोजिम सो ऋणीहरुको ऋण असुली गर्न संस्था कानुनी प्रक्रियामा रहेको र करिब अन्तिम टुंगो लाग्ने चरणमा रहेकोले कर्जा असुल उपर हुने सुनिश्चित भएको र संस्थाको जगेडा कोषहरु मजबुद रहेको कारण सो ऋणहरुमा कर्जा नोक्सानी व्यवस्था हाललाई गर्न नपर्ने भनि निर्णय भएकाले सो ऋणहरुमा १ प्रतिशत मात्र कर्जा नोक्सानी व्यवस्था गरिएको छ । यस कारणले मापदण्ड बमोजिम समग्रमा कर्जा नोक्सानी व्यवस्था रु ७ करोड ११ लाख ५६ हजार ७ सय ९० ले कम लेखाकंन भएको छ ।

त्यसैगरी चालु आर्थिक वर्षमा एक ऋणी सदस्यको धितो संस्थाले रु ८४,५२,५४८ मा सकार गरेको र गैह्र सहकारी सम्पत्तिको रुपमा लेखाकंन गरेको छ । राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी निर्देशनले सहकारी संस्थाले ऋणी सदस्यको धितो सकार गरेकै मिति देखि शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ भन्ने व्यवस्था गरेकोमा सो सम्पत्तिको हकमा उपरोक्त निर्देशन बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम नगरिएकोले कर्जा नोक्सानी व्यवस्था थप रु ८४ लाख ५२ हजार ५ सय ४८ ले कम लेखाकंन भएको देखिएको छ ।

हामीले नेपाल लेखापरीक्षणमान को आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । सो अनुरुप हाम्रो जिम्मेवारी लेखापरीक्षकको दायित्वमा उल्लेख गरिएको छ । हामी नेपाल चाटर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको आचार संहिता (Code of Ethics) बमोजिम सस्थाबाट स्वतन्त्र छौं र सो आचार संहिता (Code of Ethics) बमोजिम नैतिक जिम्मेवारी वहन गरेका छौ । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षकको राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

Khatiwada Dipesh & Associates Chartered Accountants

**विषय उपर जोड (Emphasis of Matter)**

संस्थाको यस अर्थिक वर्षको लेखापरीक्षणका दौरान संस्थाको वित्तीय विवरणमा सारभुतरुपमा असर नगर्ने मामिलाहरु संस्थाको व्यवस्थापन तथा सञ्चालक समितिलाई प्रारम्भिक प्रतिवेदन मार्फत जानकारी गराइसकिएको छ । यी मध्ये केही सुझावहरु सहकारी ऐन, नियम, मापदण्ड लगायतका प्रावधानहरुको पालना सम्बन्धमा छन् भने अन्य विषय आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्नुपर्ने सुझावहरु छन् । जस्तै, बागमती प्रदेश सहकारी नियमावली २०७६ को नियम ३० (२) को व्यवस्था बमोजिम एकै व्यक्तिलाई संस्थाको तत्काल कायम रहेको कुल पुँजीकोषको २० प्रतिशत भन्दा बढी नहुने गरी ऋण प्रदान गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोमा संस्थाले केही सदस्यलाई सो सिमा भन्दा अधिक कर्जा लगानी भएको, बाग्मती प्रदेश सहकारी संघ/संस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड २०७९ को दफा ३३ (ख) बमोजिम बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले ब्याज मात्र भुक्तान हुने गरी कर्जा प्रवाह गर्न नहुने प्रावधान भएको भएतापनि चालु आ.व. मा संस्थाले आफ्नो कुल कर्जा लगानीमध्ये करिब २० प्रतिशत ब्याज मात्र भुक्तान हुने गरी कर्जा प्रवाह भएको छ। संस्थाको व्यवस्थापन र सञ्चालक समतिबाट उल्लेखित विषयमा प्रदान गरिएका सुझावहरु क्रमैसँग सुधार गर्दै लैजाने लिखित प्रतिबद्धता प्रारम्भिक प्रतिवेदनको जवाफमा प्राप्त भएका छन् ।

**अन्य मामिलाहरु (Other Matters)**

संस्थाको वार्षिक प्रतिवेदनमा उल्लेख भएका वित्तीय विवरण र लेखापरीक्षकको राय उल्लेखित प्रतिवेदन बाहेक, सञ्चालक समिति, व्यवस्थापनको प्रतिवेदन लगायतका विवरण उपरको जिम्मेवारी व्यवस्थापन र सञ्चालक समितिमा निहित रहेको छ ।

वित्तीय विवरणको लेखापरीक्षणका दौरान हाम्रो जिम्मेवारी अर्न्तगत अन्य विवरणहरुको अध्ययन र वित्तीय विवरणसँग सारभुत रुपमा फरक भए नभएको यकिन गर्ने कार्य पर्दछन् । यस प्रतिवेदनका बखत वित्तीय विवरण बाहेकका अन्य विवरणहरु तयार हुने क्रममा रहेको र सो विवरणको अन्तिम संस्करण उपलब्ध गराउने प्रतिवद्धता व्यवस्थापनबाट प्राप्त भएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र समितिको दायित्व**

नेपाल वित्तीय प्रतिवेदनमान, सम्बन्धित ऐन र अन्य नियम, कानून, अभ्यास अनुरुप वित्तीय विवरण तयार पार्ने तथा यथोचित प्रस्तुतिकरण गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारीता कायम राख्ने कार्यहरु पर्दछन र जसमा वित्तीय विवरणहरु त्रुटी तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नितिहरुको छनौट र कार्यान्वयन गर्ने, आवश्यकतानुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

**वित्तीय विवरणमा लेखापरीक्षकको दायित्व**

व्यवस्थापनले तयार गरेका वितीय विवरणहरु उपर राय व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । संस्थाले वित्तिय विवरण तयार गर्दा अवलम्बन गरेको लेखा सिद्धान्त, लेखा नितिको सान्दर्भिकता, विश्लेषण र व्यवस्थापनले गरेका महत्वपूर्ण लेखाअनुमानको उपयुक्तता एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्याङ्कन गर्ने कार्यसमेत लेखापरिक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ । वित्तीय विवरण जालसाजी वा त्रुटीको कारण सारभुत रुपमा गलत आँकडारहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षणमान अनुसार योजना तयार गरी तद्अनुसार लेखापरिक्षण सम्पन्न गर्नु पर्दछ ।

वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको छड्के परीक्षण कार्यविधि समेत लेखापरिक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीको कारण सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी

Khatiwada Dipesh & Associates
Chartered Accountants

यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तताबारे परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन ।

लेखापरीक्षण परिधी तथा अवधी, लेखापरीक्षण कैफियत तथा आन्तरीक नियन्त्रण प्रणालीमा देखिएका कमी कमजोरीका बारेमा व्यवस्थापनलाई सुझाव पेश गर्नु हाम्रो जिम्मेवारी हो र सो अनुरुप हामीले व्यवस्थापनलाई सुझाव पेश गरी सकेका छौ ।

**सहकारी ऐन बमोजिम हाम्रो प्रतिवेदन**

उपरोक्त अनुसार हामीले परीक्षण गरेको विवरणहरुको आधारामा देहाय अनुसार प्रतिवेदन पेश गरेका छौँ।

क) लेखा परीक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टिकरणहरु उपलब्ध भएका छन् । हिसाब किताब, श्रेस्ता सहकारी ऐन तथा प्रचलीत कानुन बमोजिम यसै प्रतिवेदनको "रायको आधार" शिर्षकमा उल्लेख भएको अवस्थामा बाहेक, रितपूर्वक राखिएको पाइयो ।

ख) यसै प्रतिवेदनको "रायको आधार" शिर्षकमा उल्लेख भएको अवस्थामा बाहेक, यस प्रतिवेदनसँग सम्बन्धित वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, इक्वीटिमा भएको परिवर्तन सम्बन्धि विवरण सहकारी विभागबाट जारी भएका निर्देशनहरु एवं प्रचलित कानुन अनुसार आधार मानी तयार गरिएका छन् र सस्थाले राखेका हिसाब किताबसँग दुरुस्त रहेका छन्,

ग) हामीले लेखा परीक्षण गरेका श्रेष्ताहरुको आधारमा संस्थाको कारोबार यसै प्रतिवेदनको "रायको आधार" र "विषय उपर जोड" शिर्षकमा उल्लेख भएबमोजिमको अवस्थामा बाहेक सन्तोषजनक रहेको पाइयो,

घ) हामीलाई प्राप्त जानकारी तथा स्पष्टिकरण र हामीले परीक्षण गरेका श्रेस्ताहरुबाट संचालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले यसै प्रतिवेदनको "रायको आधार" र "विषय उपर जोड" शिर्षकमा उल्लेख भएबमोजिमको अवस्थामा बाहेक कानुनी व्यवस्था विरुद्ध कामकाज वा हानी नोक्सानी गरेको, वा संस्था वा निक्षेपकर्ताको सुरक्षा विपरित हुने कुनै काम गरको पाएनौं ।

खतिवडा दिपेश एण्ड एसोसिएटस्
चार्टर्ड एकाउण्टेण्ट्सका तर्फबाट

Khatiwada Dipesh & Associates
Chartered Accountants

दिपेश खतिवडा
लेखापरीक्षक

स्थान : ललितपुर
मिति : २०८२।०५।०५
UDIN: 250821CA01360yauYR

# डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि.

ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान

## वित्तीय अवस्थाको विवरण

**२०८२ असार ३२ को**

| विवरण | नोट | २०८२ असार मसान्तको | २०८१ असार मसान्तको |
|---|---|---|---|
| **सम्पत्तीहरु** | | | |
| नगद तथा नगद समान | ४.१ | २३९,१२३,३२४ | १३७,७१८,०९९ |
| सदस्यलाई कर्जा सापटी | ४.२ | १,३४०,५६२,८१७ | १,३४६,५३७,७०० |
| लगानी | ४.३ | १५०,०३८,५०० | २२०,०३८,५०० |
| सम्पत्ती तथा उपकरण | ४.४ | २०७,०१५,८३२ | १८९,५६७,२६८ |
| गैह्र सहकारी सम्पत्ति | | ८,४५२,५४८ | ४८,९८२,५५७ |
| अमुर्त सम्पत्ती | ४.५ | १२४,८९६ | १३८,६८६ |
| स्थगन कर सम्पत्ती | ४.६ | ९१५,०२१ | १,१०७,५८४ |
| अन्य सम्पत्तीहरु | ४.७ | १३,७८२,६७५ | ८,६३४,३१३ |
| **जम्मा सम्पत्ती** | | १,९६०,०१५,६१४ | १,९५२,७२४,७०८ |

| | | | |
|---|---|---|---|
| **दायित्वहरु** | | | |
| सदस्यहरुबाट निक्षेप | ४.८ | १,५२९,१८९,१०२ | १,५५४,२०८,४७६ |
| सापटी | ४.९ | - | - |
| स्थगन कर दायित्व | ४.६ | - | - |
| कर्जा नोक्सानी व्यवस्था | ४.१० | २३,३७९,९१२ | २२,७०१,९०० |
| अन्य दायित्व | ४.११ | ६१,९७५,४५२ | ५१,७८९,६४२ |
| **जम्मा दायित्व (क)** | | १,६१४,५४४,४६७ | १,६२८,७००,०१९ |
| **इक्युटी** | | | |
| शेयर पुँजी | ४.१२ | ११९,५१०,००० | ११७,१९२,१०० |
| साधारण जगेडा कोष | | १३८,९१२,६१३ | १२१,२३९,१६३ |
| अन्य कोषहरु | ४.१३ | ८७,०४८,५३३ | ८५,५९३,४२५ |
| **कुल इक्युटी (ख)** | | ३४५,४७१,१४६ | ३२४,०२४,६८८ |
| **कुल दायित्व तथा इक्युटी (क)+(ख)** | | १,९६०,०१५,६१४ | १,९५२,७२४,७०८ |

*उपरोक्त मितिको संलग्न प्रतिवेदन अनुसार*

| | | | | |
|---|---|---|---|---|
| **लक्ष्मी गुरुङ्ग**<br>वित्त प्रबन्धक | **झलक अर्याल (सुशिल)**<br>प्रमुख कार्यकारी अधिकृत | **सिए. सतीश चन्द्र लाल**<br>ले.स. संयोजक | **लक्ष्मी नारायण अर्याल**<br>अध्यक्ष | **सिए. दिपेश खतिवडा**<br>लेखापरिक्षक<br>खतिवडा दिपेश एण्ड एसोशिएटस्<br>चार्टर्ड एकाउन्टेन्ट्स् |
| **सत्येन्द्र पुरुष ढकाल**<br>उपाध्यक्ष | **मदन रेग्मी**<br>सचिव | **मदन प्रसाद ज्ञवाली**<br>कोषाध्यक्ष | **श्रीमणी श्रेष्ठ अमात्य**<br>संचालक सदस्य | |
| **जुली प्रधानाङ्ग**<br>संचालक सदस्य | **विनोद ताम्राकार**<br>संचालक सदस्य | **बालमुकुन्द विष्ट**<br>ले.स. सदस्य | **तुलसी प्रसाद अर्याल**<br>ले.स. सदस्य | स्थानः ललितपुर, नेपाल<br>मिति २०८२/०५/०३ |

# डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि.

ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान

## नाफा वा नोक्सानको विवरण

**२०८१ श्रावण १ देखि २०८२ असार ३२ सम्मको**

| विवरण | नोट | २०८१।८२ | २०८०।८१ |
|---|---|---|---|
| **आम्दानी** | | | |
| व्याज आम्दानी | ४.१४ | १९६,८८८,०४७ | २२७,४६४,४५२ |
| व्याज खर्च | ४.१५ | १४३,४९५,१४७ | १७१,७१५,३८० |
| **खुद व्याज आम्दानी (क)** | | ५३,३९२,९०० | ५५,७४९,०७२ |
| शुल्क तथा कमिशन आम्दानी | ४.१६ | २१,६४३,८९६ | २६,८०५,६०५ |
| **खुद शुल्क र कमिशन आम्दानी (ख)** | | २१,६४३,८९६ | २६,८०५,६०५ |
| **खुद व्याज, शुल्क र कमिशन आम्दानी (क+ख)** | | ७५,०३६,७९६ | ८२,५५४,६७८ |
| खुद कारोबार आम्दानी | | - | - |
| अन्य कारोबार आम्दानी | ४.१७ | १,२९८,१३० | १,०८०,००० |
| **कुल सन्चालन आम्दानी** | | ७६,३३४,९२६ | ८३,६३४,६७८ |
| कर्जा जोखिम व्यवस्था/(फिर्ता) | ४.१० | ६७८,०१२ | १,००९,६३७ |
| **खुद सन्चालन आम्दानी** | | ७५,६५६,९१४ | ८२,६२५,०४१ |
| **सञ्चालन खर्च** | | ३१,८९४,७०१ | २९,३७४,६७२ |
| कर्मचारी खर्च | ४.१८ | १८,६३७,०२० | १७,२७२,१३२ |
| अन्य सञ्चालन खर्च | ४.१९ | ९,८६७,९६४ | ११,३४६,५५४ |
| ह्रासकटटी र परिशोधन | ४.२० | ३,३८९,७१७ | ७५५,९८६ |
| **सञ्चालन नाफा** | | ४३,७६२,२१३ | ५३,२५०,३६८ |
| गैर सञ्चालन आम्दानी (स्थीर सम्पत्तिको निसर्गबाट लाभ) | | १,९९७,३४७ | - |
| गैर सञ्चालन खर्च (स्थीर सम्पत्तिको अपलेखन) | | १७३,०६८ | - |
| **आयकर अधिको नाफा** | | ४५,५८६,४९२ | ५३,२५०,३६८ |
| आयकर खर्च | | | |
| यस आर्थिक वर्षको | ४.२१ | ९,२७९,०११ | ११,०१३,६६४ |
| गत आर्थिक वर्षको | | ३१३,४८२ | - |
| स्थगन कर खर्च/(आम्दानी) | ४.६ | १९२,५६३ | (३७२,८४०) |
| **यस आर्थिक वर्षको नाफा** | | ३५,८०१,४३६ | ४२,६०९,५४५ |

*उपरोक्त मितिको संलग्न प्रतिवेदन अनुसार*

**लक्ष्मी गुरुङ्ग**
वित्त प्रबन्धक

**झलक अर्याल (सुशिल)**
प्रमुख कार्यकारी अधिकृत

**सिए. सतीश चन्द्र लाल**
ले.स. संयोजक

**लक्ष्मी नारायण अर्याल**
अध्यक्ष

**सत्येन्द्र पुरुष ढकाल**
उपाध्यक्ष

**मदन रेग्मी**
सचिव

**मदन प्रसाद ज्ञवाली**
कोषाध्यक्ष

**श्रीमणी श्रेष्ठ अमात्य**
संचालक सदस्य

**जुली प्रधानाङ्ग**
संचालक सदस्य

**विनोद ताम्राकार**
संचालक सदस्य

**बालमुकुन्द विष्ट**
ले.स. सदस्य

**तुलसी प्रसाद अर्याल**
ले.स. सदस्य

**सिए. दिपेश खतिवडा**
लेखापरिक्षक
खतिवडा दिपेश एण्ड एसोशिएटस्
चार्टर्ड एकाउन्टेन्ट्स्

स्थानः ललितपुर, नेपाल
मिति २०८२/०५/०३

# डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि.

ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान

## अन्य विस्तृत आम्दानीको विवरण

**२०८१ श्रावण १ देखि २०८२ असार ३२ सम्मको**

| विवरण | नोट | २०८१।८२ | २०८०।८१ |
|---|---|---|---|
| **यस आर्थिक वर्षको नाफा** | | ३५,८०१,४३५.९४ | ४२,६०९,५४४.५१ |
| अन्य विस्तृत आम्दानी | | | |
| नाफा र नोक्सानमा पूर्नवर्गिकरण नगरिने वस्तु | | | |
| स्थीर सम्पत्तिको पुर्नमुल्याङ्कन नाफा/नोक्सान | | | |
| परिभाषित लाभ योजनामा भएको विमाङ्किक नाफा/नोक्सान | | | |
| माथिका विषय सँग सम्बन्धित आयकर | | | |
| नाफा र नोक्सानमा पूर्नवर्गिकरण गरिने वस्तु | | | |
| | | | |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | | – | – |
| **कुल विस्तृत आम्दनी** | | ३५,८०१,४३५.९४ | ४२,६०९,५४४.५१ |

*उपरोक्त मितिको संलग्न प्रतिवेदन अनुसार*

**लक्ष्मी गुरुङ्ग**
वित्त प्रबन्धक

**झलक अर्याल (सुशिल)**
प्रमुख कार्यकारी अधिकृत

**सिए. सतीश चन्द्र लाल**
ले.स. संयोजक

**लक्ष्मी नारायण अर्याल**
अध्यक्ष

**सिए. दिपेश खतिवडा**
लेखापरिक्षक
खतिवडा दिपेश एण्ड एसोशिएटस्
चार्टर्ड एकाउन्टेन्ट्स्

**सत्येन्द्र पुरुष ढकाल**
उपाध्यक्ष

**मदन रेग्मी**
सचिव

**मदन प्रसाद ज्ञवाली**
कोषाध्यक्ष

**श्रीमणी श्रेष्ठ अमात्य**
संचालक सदस्य

**जुली प्रधानाङ्ग**
संचालक सदस्य

**विनोद ताम्राकार**
संचालक सदस्य

**बालमुकुन्द विष्ट**
ले.स. सदस्य

**तुलसी प्रसाद अर्याल**
ले.स. सदस्य

स्थानः ललितपुर, नेपाल
मिति २०८२/०५/०३

# डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि.

ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान

## नाफा वा नोक्सानको बाँडफाडको विवरण

**२०८१ श्रावण १ देखि २०८२ असार ३२ सम्मको**

| विवरण | नोट | २०८१।८२ | २०८०।८१ |
|---|---|---|---|
| **आयकर पछिको खुद नाफा। (नोक्सान) बाँडफाँड** | | ३५,८०१,४३६ | ४२,६०९,५४५ |
| **घटाउने** | | | |
| आर्थिक वर्षमा NFRS समायोजनकोषमा रकमान्तर | | - | (०) |
| स्थीर सम्पत्ति निसर्गमा नाफा जगेडा कोषमा सारिएको | | १,९९७,३४७ | |
| **बाँडफाँडको लागि योग्य नाफा नोक्सान** | | ३३,८०४,०८९ | ४२,६०९,५४५ |
| जगेडा कोष | | ८,४५१,०२२ | १०,६५२,३८६ |
| सहकारी प्रर्बद्धन कोष | | १२६,७६५ | १५९,७८६ |
| संरक्षित पूंजी फिर्ता कोष | | ६,३३८,२६७ | ७,९८९,२९० |
| वितरण योग्य मुनाफाको बाँडफाँड | | १८,८८८,०३५ | २३,८०८,०८३ |
| क) शेयर लाभांश कोष | | १३,२२१,६२४ | १६,६६५,६५८ |
| ख) सहकारी बिकास कोष | | ९४४,४०२ | १,१९०,४०४ |
| ग) सहकारी शिक्षा कोष | | ९४४,४०२ | १,१९०,४०४ |
| ङ) घाटापुर्ति कोष | | ९४४,४०२ | १,१९०,४०४ |
| च) सामुदायिक विकास कोष | | ९४४,४०२ | १,१९०,४०४ |
| छ) स्थिरीकरण कोष | | ९४४,४०२ | १,१९०,४०४ |
| ज) अन्य जोखिम व्यवस्थापन कोष | | ९४४,४०२ | १,१९०,४०४ |

*उपरोक्त मितिको संलग्न प्रतिवेदन अनुसार*

| | | | | |
|---|---|---|---|---|
| **लक्ष्मी गुरुङ्ग**<br>वित्त प्रबन्धक | **झलक अर्याल (सुशिल)**<br>प्रमुख कार्यकारी अधिकृत | **सिए. सतीश चन्द्र लाल**<br>ले.स. संयोजक | **लक्ष्मी नारायण अर्याल**<br>अध्यक्ष | **सिए. दिपेश खतिवडा**<br>लेखापरिक्षक<br>खतिवडा दिपेश एण्ड एसोशिएटस्<br>चार्टर्ड एकाउन्टेन्ट्स् |
| **सत्येन्द्र पुरुष ढकाल**<br>उपाध्यक्ष | **मदन रेग्मी**<br>सचिव | **मदन प्रसाद ज्ञवाली**<br>कोषाध्यक्ष | **श्रीमणी श्रेष्ठ अमात्य**<br>संचालक सदस्य | |
| **जुली प्रधानाङ्ग**<br>संचालक सदस्य | **विनोद ताम्राकार**<br>संचालक सदस्य | **बालमुकुन्द विष्ट**<br>ले.स. सदस्य | **तुलसी प्रसाद अर्याल**<br>ले.स. सदस्य | स्थानः ललितपुर, नेपाल<br>मिति २०८२/०५/०३ |

# डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि.

ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान

## नगद प्रवाहको विवरण

**२०८१ श्रावण १ देखि २०८२ असार ३२ सम्मको**

| विवरण | | २०८१।८२ | २०८०।८१ |
|---|---|---|---|
| **क) संचालन गतिविधिको नगद प्रवाह** | | | |
| आयकर व्यवस्था अगाडीको नाफा | | ४५,५८६,४९२ | ५३,२५०,३६८ |
| जोड्ने | | | |
| १.स्थिर सम्पत्ति बिक्रीमा नाफा/नोक्सान | | (१,९९७,३४७) | - |
| २.ह्रास कट्टी तथा परिशोधन खर्च | | ३,३८९,७१७ | ७५५,९८६ |
| ३.स्थीर सम्पत्तिको अपलेखन | | १७३,०६८ | - |
| ४. कर्जा नोक्सानी व्यवस्था | | ६७८,०१२ | १,००९,६३७ |
| कार्यशील पुंजीमा भएको परिवर्तन | | | |
| १. निक्षेपमा हिसाबमा बृद्धि/(कमी) | | (२५,०१९,३७४) | २०,०८५,८५७ |
| २. अन्य दायित्वमा बृद्धि/(कमी) | | १०,१८५,८११ | (१८८,६६२) |
| ३. कर्जा सापटीमा कमी/(बृद्धि) | | ४६,५०४,८९३ | (१२,८१८,८९४) |
| ४. अन्य सम्पतीमा कमी/(बृद्धि) | | (१८,६५९,२७५) | २७६,०४५ |
| **आयकर भुक्तानी अगाडी सञ्चालनबाट नगद प्रवाह** | | ६०,८४१,९९६ | ६२,३७०,३३८ |
| **घटाउने** | | | |
| आयकर खर्च | | (९,५९२,४९३) | (११,०१३,६६४) |
| **कुल सञ्चानल गतिविधिबाट नगद प्रवाह** | | ५१,२४९,५०३ | ५१,३५६,६७४ |
| **ख) लगानी गतिविधिको नगद प्रवाह** | | | |
| १. स्थिर सम्पत्ति (खरिद) | | (७,८८९,३००) | (३५,४५०) |
| २. स्थिर सम्पत्ति विक्रि | | २,४००,००१ | - |
| ३. लगानीमा कमी/(बृद्धि) | | ७०,०००,००० | १०० |
| ४. सापटीमा (कमी)/बृद्धि | | - | - |
| **कुल लगानी गतिविधिबाट नगद प्रवाह** | | ६४,५१०,७०१ | (३५,३५०) |
| **ग) वित्तिय गतिविधिको नगद प्रवाह** | | | |
| १. चुक्ता शेयर पुंजीमा भएको बृद्धि | | २,३१७,९०० | १,३२२,७०० |
| २. अन्य कोष | | (१४,१८७) | - |
| ३. शेयर लाभाशं कोष | | (१६,६५८,६९१) | (१८,९६५,३८८) |
| **कुल वित्तिय गतिविधिबाट नगद प्रवाह** | | (१४,३५४,९७८) | (१७,६४२,६८८) |
| **कुल गतिविधिबाट नगद प्रवाह (क + ख + ग)** | | १०१,४०५,२२५ | ३३,६७८,६३६ |
| गत बर्षको बैंक तथा नगद मौज्दात | | १३७,७१८,०९९ | १०४,०३९,४६३ |
| **कुल बैंक तथा नगद मौज्दात** | | २३९,१२३,३२४ | १३७,७१८,०९९ |

***उपरोक्त मितिको संलग्न प्रतिवेदन अनुसार***

**लक्ष्मी गुरुङ्ग**
वित्त प्रबन्धक

**झलक अर्याल (सुशिल)**
प्रमुख कार्यकारी अधिकृत

**सिए. सतीश चन्द्र लाल**
ले.स. संयोजक

**लक्ष्मी नारायण अर्याल**
अध्यक्ष

**सत्येन्द्र पुरुष ढकाल**
उपाध्यक्ष

**मदन रेग्मी**
सचिव

**मदन प्रसाद ज्ञवाली**
कोषाध्यक्ष

**श्रीमणी श्रेष्ठ अमात्य**
संचालक सदस्य

**जुली प्रधानाङ्ग**
संचालक सदस्य

**विनोद ताम्राकार**
संचालक सदस्य

**बालमुकुन्द विष्ट**
ले.स. सदस्य

**तुलसी प्रसाद अर्याल**
ले.स. सदस्य

**सिए. दिपेश खतिवडा**
लेखापरिक्षक
खतिवडा दिपेश एण्ड एसोशिएटस्
चार्टर्ड एकाउन्टेन्ट्स्

स्थानः ललितपुर, नेपाल
मिति २०८२/०५/०३

# इक्विटीमा भएको परिवर्तनको विवरण

## २०८२ असार ३२ को

| विवरण | शेयर पुँजी | साधारण जगेडा कोष | शेयर लाभांश कोष | सहकारी प्रर्वद्धन कोष | सहकारी बिकास कोष | सहकारी शिक्षा कोष | भवन निर्माण कोष | संरक्षित पूंजी फिर्ता कोष | घाटापूर्ती कोष | सामुदायीक विकाष कोष | स्थिरीकरण कोष | अन्य जोखिम व्यवस्थापन कोष | एनएफआरएस समायोजन कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **साउन १, २०८० को रकम** | ११५,८६९,४०० | १०२,१९०,८७३ | १८,९६८,६३० | ४१३,५५८ | १,४०४,१०३ | १,४०२,९१४ | ४,०४४,८७९ | ९,०३२,६८१ | १,३९७,३६१ | १,३८७,३६१ | १,३९७,३६१ | १,३९७,३६१ | १५१,३५० | २९९,०५७,८३१ |
| आर्थिक बर्ष २०८०।८१ को विस्तृत आम्दानी | | | | | | | | | | | | | | - |
| आर्थिक वर्ष २०८०।८१ को नाफा | | | | | | | | | | | | | | - |
| कर पछिको अन्य विस्तृत आम्दानी | | | | - | | | | | | | | | | - |
| स्थीर सम्पत्तिको पुर्नमुल्याङ्कन नाफा/नोक्सान | | | | | | | | | | | | | | - |
| परिभाषित लाभ योजनामा भएको विमाङ्किक नाफा/नोक्सान | | | | | | | | | | | | | | - |
| आर्थिक वर्ष २०८०।८१ को नाफाबाट कोषहरुमा स्थानान्तरण | | १०,६५२,३८६ | १६,६६५,६५८ | १५९,७८६ | १,१९०,४०४ | १,१९०,४०४ | - | ७,९८९,२९० | १,१९०,४०४ | १,१९०,४०४ | १,१९०,४०४ | १,१९०,४०४ | - | ४२,६०९,५४५ |
| थप पुजी निष्काशन | १,३२२,७०० | | | | | | | | | | | | | १,३२२,७०० |
| **शेयर सदस्यलाई लाभांश वितरण** | | | | | | | | | | | | | | - |
| **समायोजन** | | | | | | | | | | | | | | - |
| **शेयर पुजी निष्काशन** | | | | | | | | | | | | | | - |
| **शेयर पूँजी फिर्ता** | | | | | | | | | | | | | | - |
| **शेयर लाभांश कोष** | | ३,२९१ | (३,२९१) | | | | | | | | | | | - |
| **लाभाश वितरण** | | | (१८,९६५,३८८) | | | | | | | | | | | (१८,९६५,३८८) |
| **कर्मचारी बोनस कोष** | | | | | | | | | | | | | | - |
| **संरक्षीत पूँजी फिर्ता कोष** | | ८,६१२ | | | | | ९,०३२,६८१ | (९,०४१,२९३) | | | | | | - |
| **संस्था विकास कोष** | | | | | | | | | | | | | | - |
| **भवन नीर्माण कोष** | | | | | | | | | | | | | | - |
| **सहकारी प्रर्बद्दन कोष** | | | | | | | | | | | | | | |
| **सहकारी बिकास कोष** | | १,४०४,००० | - | | (१,४०४,०००) | | | | | | | | | |
| **घाटापूर्ती कोष** | | १,३९७,००० | - | | | | | | (१,३९७,०००) | | | | | - |
| **सामुदायीक विकाष कोष** | | १,३८७,००० | - | | | | | | | (१,३८७,०००) | | | | - |
| **स्थिरीकरण कोष** | | १,३९७,००० | - | | | | | | | | (१,३९७,०००) | | | - |
| **अन्य जोखिम व्यवस्थापन कोष** | | १,३९७,००० | - | | | | | | | | | (१,३९७,०००) | | - |
| **सहकारी शिक्षा कोष** | | १,४०२,००० | - | | | (१,४०२,०००) | | | | | | | | - |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कर्मचारी विदा तथा उपदान | | | | | | | | | | | | | | - |
| स्थीर सम्पतीको निशर्ग बाट प्राप्त मुनाफा | | | | | | | | | | | | | | - |
| शेयर सदस्यलाई लाभांश वितरण | | | | | | | | | | | | | | - |
| अन्य वितरण | | | | | | | | | | | | | | - |
| साउन १, २०८१ को रकम | ११७१९२,१०० | १२१,२३९,१६३ | १६,६६५,६०९ | ५७३,३४४ | १,१९०,५०७ | १,१९१,३१८ | ५३,०७७,५६० | ७,९८०,६७७ | १,१९०,७६५ | १,१९०,७६५ | १,१९०,७६५ | १,१९०,७६५ | १५१,३५० | ३२४,०२४,६८८ |
| आर्थिक बर्ष २०८१।८२ को विस्तृत आम्दानी | | | | | | | | | | | | | | - |
| आर्थिक बर्ष २०८१।८२ को नाफा | | | | | | | | | | | | | | - |
| कर पछिको अन्य विस्तृत आम्दानी | | | | | | | | | | | | | | - |
| स्थीर सम्पत्तिको पुर्नमुल्याक्तन नाफा/नोक्सान | | | | | | | | | | | | | | - |
| परिभाषित लाभ योजनामा भएको विमाक्तिक नाफा/नोक्सान | | | | | | | | | | | | | | - |
| आर्थिक बर्ष २०८१।८२ को नाफाबाट कोषहरुमा स्थानान्तरण | | ८,४५१,०२२ | १३,२२१,६२४ | १२६,७६५ | ९४४,४०२ | ९४४,४०२ | | ६,३३८,२६७ | ९४४,४०२ | ९४४,४०२ | ९४४,४०२ | ९४४,४०२ | | ३३,८०४,०८९ |
| थप पुजी निष्काशन | २,३१७,९०० | | | | | | | | | | | | | २,३१७,९०० |
| शेयर सदस्यलाई लाभांश वितरण | | | | | | | | | | | | | | - |
| समायोजन | | | | | | | | | | | | | | - |
| शेयर पुजी निष्काशन | | | | | | | | | | | | | | - |
| शेयर पूँजी फिर्ता | | | | | | | | | | | | | | - |
| शेयर लाभांश कोष | | | | | | | | | | | | | | - |
| लाभाश वितरण | | ६,९१८ | (१६,६६५,६०९) | | | | | | | | | | | (१६,६५८,६९१) |
| कर्मचारी बोनस कोष | | | | | | | | | | | | | | - |
| संरक्षीत पूँजी फिर्ता कोष | | | | | | | | (७,९८०,६७७) | | | | | | (७,९८०,६७७) |
| संस्था विकास कोष | | १,१८०,००० | | | (१,१८०,०००) | | | | | | | | | - |
| भवन नीर्माण कोष | | | | | | | ७,९८०,६७७ | | | | | | | ७,९८०,६७७ |
| सहकारी प्रर्बद्दन कोष | | | | | | | | | | | | | | - |
| सहकारी बिकास कोष | | | | | | | | | | | | | | - |
| घाटापूर्ती कोष | | १,१८०,००० | | | | | | | (१,१८०,०००) | | | | | - |
| सामुदायीक विकाष कोष | | १,१८०,००० | | | | | | | | (१,१८०,०००) | | | | - |
| स्थिरीकरण कोष | | १,१८०,००० | | | | | | | | | (१,१८०,०००) | | | - |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अन्य जोखिम व्यवस्थापन कोष | | १,१८०,००० | | | | | | | | | | (१,१८०,०००) | | - |
| सहकारी शिक्षा कोष | | १,१८१,००० | | | | (१,१८१,०००) | | | | | | | | - |
| कर्मचारी विदा तथा उपदान | | | | | | | | | | | | | | - |
| स्थीर सम्पतीको निशर्ग बाट प्राप्त मुनाफा | | १,९९७,३४७ | | | | | | | | | | | | १,९९७,३४७ |
| एनएफआरएस समायोजन कोष | | १५१,३५० | | | | | | | | | | | (१५१,३५०) | - |
| अन्य वितरण | | (१४,१८७) | | | | | | | | | | | - | (१४,१८७) |
| **असाढ ३२, २०८२ को मौज्दात** | १९,५१०,००० | १३८,९१२,६१३ | १३,२२१,६२४ | ७००,१०९ | ९५४,९०९ | ९५४,७२० | ६१,०५८,२३८ | ६,३३८,२६७ | ९५५,१६७ | ९५५,१६७ | ९५५,१६७ | ९५५,१६७ | ० | ३४५,४७१,१४६ |

*उपरोक्त मितिको संलग्न प्रतिवेदन अनुसार*

**लक्ष्मी गुरुङ्ग**
वित्त प्रबन्धक

**झलक अर्याल (सुशिल)**
प्रमुख कार्यकारी अधिकृत

**सिए. सतीश चन्द्र लाल**
ले.स. संयोजक

**लक्ष्मी नारायण अर्याल**
अध्यक्ष

**सिए. दिपेश खतिवडा**
लेखापरिक्षक
खतिवडा दिपेश एण्ड एसोशिएटस्
चार्टर्ड एकाउन्टेन्ट्स्

**सत्येन्द्र पुरुष ढकाल**
उपाध्यक्ष

**मदन रेग्मी**
सचिव

**मदन प्रसाद ज्ञवाली**
कोषाध्यक्ष

**श्रीमणी श्रेष्ठ अमात्य**
संचालक सदस्य

**जुली प्रधानाङ्ग**
संचालक सदस्य

**विनोद ताम्राकार**
संचालक सदस्य

**बालमुकुन्द विष्ट**
ले.स. सदस्य

**तुलसी प्रसाद अर्याल**
ले.स. सदस्य

स्थानः ललितपुर, नेपाल
मिति २०८२/०५/०३

# डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान

## वित्तीय विवरण सँग सम्बन्धित महत्वपुर्ण लेखा निति तथा टिप्पणीहरु

**आर्थिक वर्ष २०८१।८२**

## १. सामान्य जानकारी

डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (यस पश्चात "सहकारी" वा "संस्था" वा "सहकारी संस्था" भनी उल्लेख गरिएको) सहकारी ऐन अनुसार मिति २०६६।१२।२३ मा स्थापित भइ वित्तीय कारोवार गरिरहेको संस्था हो । यस संस्थाको प्रमुख क्रियाकलापहरुमा सदस्यलाई कर्जा सापटी र बचत सेवा प्रदान गर्नु हो । ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थानमा रजिष्टर्ड कार्यलय रहेको यस सहकारी संस्थाको कार्यक्षेत्र काठमाडौं उपत्यका अर्न्तगत पर्दछन । संस्था मिति २०६६।१२।०३ मा आन्तरिक राजश्व कार्यलयमा पान नं. ३०४१३२७३९ लिइ दर्ता भएको हो ।

संस्थामा मिति २०८२।०३।३२ सम्ममा २७९२ शेयर सदस्यहरु रहेका छन् । जसमध्ये २१५ सदस्यहरुले कर्जा उपभोग गरिरहनुभएको छ भने २७९२ सदस्यहरुले बचत गरिरहनुभएको छ ।

## २. वित्तीय विवरण तयारीका आधार

संस्थाको वित्तीय विवरणहरु उल्लेखित भएको अवस्थामा बाहेक संस्थाको वित्तीय विवरणहरु प्रोदभावी आधारमा ऐतिहासिक मुल्यको आधारमा लेखांकन गरिएका छन् । वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण, नगद प्रवाह विवरण, नाफा वा नोक्सानको विवरण अन्य विस्तृत आम्दानीको विवरण, ईक्विटीमा परिवर्तनको विवरण र लेखाका लागि वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु समावेश गरिएका छन् ।

### २.१. *अनुपालन सम्बन्धी उद्घोषण (Statement of Compliance)*

वित्तीय विवरण संचालक समितिको बैठकबाट अनुमोदित भइ सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ लगायत सहकारी सम्बन्धि अन्य नियमहरुको अधिनमा रहि नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standrard-NFRS) का आधारमा रही नेपाल लेखामान बोर्ड (Accounting Standards Board – ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (Institute of Chartered Accountants Nepal – ICAN) द्वारा अनुपालनको लागि सुचित गरिएका व्यवस्था अनुसार तयार गरिएका हुन् ।

### २.२. *समिक्षा अवधि र वित्तीय विवरणहरुको अनुमोदन*

वित्तीय विवरणहरु नेपाली आर्थिक वर्ष (श्रावण १ देखि असार ३१ सम्म) को आधारमा तयार गरिएको छ ।

| विवरण | अवधि/मिति |
|---|---|
| वित्तीय विवरणको अवधि (Current Period) | आर्थिक वर्ष २०८१।८२ (२०८१ श्रावण १ देखि २०८२ असार ३२ सम्मको) |
| तुलनात्मक अवधि (Comparative Period) | आर्थिक वर्ष २०८०।८१ (२०८० श्रावण १ देखि २०८१ असार ३१ सम्मको) |

संलग्न वित्तीय विवरणहरु मिति २०८२ साल श्रावण महिनाको ३१ गतेको २५९औ संचालक समितिको बैठकमा प्रस्तुत भई अनुमोदन भएको र आगामी १६ औ वार्षिक साधारण सभामा शेयरधनीहरुबाट पारित गर्न प्रस्तुत गरिने छ । साधारण सभाले पारित नगरेसम्म सञ्चालक समितिले यो प्रतिवेदनमा फेरबदल गर्न सक्नेछन् । त्यस्ता फेरबदलहरु सेयर सदस्यले पारित गर्ने नगर्ने भनेर निर्णय गर्न सक्नेछन् ।

### २.३. *कार्यात्मक तथा प्रस्तुतिकरण मुद्रा (Functional and Presentation Currency)*

वित्तीय प्रतिवेदन नेपाली रुपैयाँ (नेरु) मा तयार पारिएको छ । सहकारीले कारोबार गर्ने मुद्रा पनि यही नै हो । सबै अंकलाई अन्यथा उल्लेख नभएको अवस्थामा रुपैयाँमा उल्लेख गरिएको छ ।

### २.४. *लेखा निति र लेखा अनुमान*

NFRS अन्तर्गत संस्थाले आफ्नो परिस्थिति र संचालन परिवेशसँग मिल्ने गरी लेखा नीतिहरु लागु र लेखा अनुमानहरुको प्रयोग गर्नुपर्नेहुन्छ । कुनै खास नीति वा अनुमानको छनौटले वित्तीय विवरणलाई सारभुत रुपमा असर गर्नसक्ने भएकोले सो सम्बन्धमा संस्थाले निर्णय लिनुपर्ने हुन्छ । यसले पछि अन्य विकल्पहरु अझ बढी उपयुक्त हुनसक्थे भन्ने पनि निर्धारण हुन सक्छ । वास्तविक परिमाणहरु मुल्यांकन गरे भन्दा फरक पर्न सक्दछन्

र कहिले काहीं यस्ता भिन्नताहरु महत्वपूर्ण पनि हुन सक्दछन् । संस्थाले आफ्नो परिस्थिति र सञ्चालन वातावरणको आधारमा छनौट गरेका लेखामान नीतिहरु, संस्थाको मूनाफा, वित्तीय स्थितीको विवरण र वित्तीय विवरणको प्रस्तुत गरिएका अन्य टिप्पणीहरुसँगै समावेश गरिएको छ ।

### २.५. *निरन्तरता (Going Concern)*

वित्तीय विवरण तयार पार्दा संस्थाको निरन्तरतामा सञ्चालक समिति सन्तुष्ट छ र व्यापार भविष्यमा पनि बढ्दै जानेमा आशावादी रहेको छ । यो अनुमान गर्नका लागि सहकारीको सञ्चालक समितिबाट धेरै विषय (जस्तै भविष्यको अवस्था, नाफा, तरलता र स्रोत आदि) मा विमर्श भएको छ ।

### २.६. *लेखानीतिमा परिवर्तन*

संस्थाले गत आर्थिक वर्ष २०७८।७९ बाट NFRS लागू गरेको हो । NFRS ले लेखाङ्कन आवश्यक मानेको सबै सम्पत्ति र दायित्व लेखाङ्कन गर्दै, NFRS ले आवश्यक नठानेको सम्पत्ति र दायित्वको अपलेखाङ्कन गर्दै र सम्पत्ति र दायित्वको लेखाङ्कनमा NFRS को मापन लागू गर्दै सहकारीले वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम तयार पारेको छ ।

### २.७. *NFRS लागुगर्दा प्रयोग भएका छुटहरु (Carve Outs)*

#### २.७.१ **नेपाल वित्तीय प्रतिवेदनमान ९ : वित्तीय उपकरण** *(Financial Instruments)*

**क. अघिल्लो आर्थिक वर्षहरुको ब्याज आम्दानीको लेखांकन**

नेपाल वित्तीय प्रतिवेदनमान १५ बमोजिम ब्याज आम्दानी प्रभावकारी ब्याज दर (Effective Interest Rate) को आधारमा लेखांकन गरिन्छ । प्रभावकारी ब्याजदर बारे नेपाल वित्तीय प्रतिवेदनमान ९ : वित्तीय उपकरण मा व्याख्या गरिएको छ ।

प्रभावकारी ब्याजदर भनेको त्यो दर हो जुन दरले वित्तीय उपकरण (वित्तीय सम्पत्ति जस्तै कर्जा, वित्तीय दायित्व जस्तै निक्षेप) को अपेक्षित जीवनमा हुने नगद भुक्तानी वा प्राप्तिहरूलाई discount गर्दा वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको खुद वर्तमान मूल्यसंग बराबर हुन्छ । प्रभावकारी ब्याजदर गणना गर्दा संस्थाले वित्तीय उपकरणका सबै अनुबन्धित शर्तहरु लाई ध्यानमा राखी नगद प्रवाहको अनुमान गर्नुपर्छ तर भविष्यको कर्जा क्षति लाई समायोजन गर्नु हुदैन । प्रभावकारी ब्याजदरको गणना गर्दा प्रभावकारी ब्याजदरसंग सम्बन्धित सम्पूर्ण शुल्क, कारोबार लागत र प्रिमियम वा discount लाई समावेश गरिन्छ ।

मिति २०७६।०८।०४ गते नेपाल लेखामान बोर्डबाट जारी भएको वैकल्पिक व्यवस्था अनुसार अघिल्लो आर्थिक वर्षहरुको ब्याज आम्दानीलाई प्रभावकारी ब्याजदर अर्न्तगत लेखांकन गरिने छैन । कर कार्यलयमा बुझाइएको कर विवरणसँग तालमेल गर्न सो व्यवस्था लागु गरिएको हो । अघिल्लो आर्थिक वर्षहरुको ब्याज आम्दानी NFRS लागुहुन पुर्वकै रकम हुनेछ । संस्थाले यहि अनुरुप अघिल्लो अर्थिक वर्षको ब्याज रकमलाई पुनः स्थापना गरेको छैन । साथै मिति २०७९।०३।३१ मा जारी नेपाल लेखामान बोर्डबाट जारी भएको वैकल्पिक व्यवस्था अनुसार कर्जाको प्रभावकारी ब्याजदर गणना गर्दा प्रभावकारी ब्याजदरसंग सम्बन्धित सम्पूर्ण शुल्क, कारोबार लागत र प्रिमियम वा discount लाई समावेश गरिनु पर्ने व्यवस्था भएकोमा, सो समावेश गर्न अव्यवहारिक भएमा शुल्क, कारोबार लागत र प्रिमियम वा discount लाई समावेश गर्न छुट प्रदान गरिएको छ ।

उल्लेखित व्यवस्थाहरुको सम्बन्धमा सहकारी संस्थाले पहिलो पटक नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम वित्तीय विवरण तयार गरेकोमा संस्थाको वित्तीय प्रणालीमा NFRS बमोजिमको लेखांकन हुने गरि व्यवस्था नभएको अवस्था र सम्पुर्ण कर्जाहरुलाई सो बमोजिम लेखांकन गर्न अव्यवहारिक भएकाले कर्जाको तोकिएको ब्याजदर (Contractual Rate) लाई नै प्रभावकारी ब्याजदर मानि लेखांकन गरिएको छ ।

### २.८. *जारी गरिएको तर कार्यान्वयन नगरिएका नेपाल लेखामानहरु*

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले मिति २०७७।०४।०१ गते NFRS 2018 लागु गरेको छ । त्यस बमोजिम संस्थालाई लागुहुने तपसिल बमोजिमका लेखामानहरुको लागु मिति यस प्रकार रहेको छ ।

| नेपाल लेखामान | लागुहुने मिति | लगुभएपछि प्रतिस्थापन हुने नेपाल लेखामान (संस्थाले वित्तीय विवरण तयार पार्दा प्रयोग गरेको नेपाल लेखामान) | संस्थामा यसको अवस्था |
|---|---|---|---|
| नेपाल वित्तीय प्रतिवेदनमान १६ : पट्टा | अर्थिक वर्ष २०७८।७९ | नेपाल लेखामान १६ पट्टा र त्यस सँग सम्बन्धित व्याख्याहरु | संस्थाले यस वित्तीय प्रतिवेदनमान सम्बन्धमा प्रभावपुर्नमुल्याकंन गरिरहेको । |

संस्थाले वित्तीय विवरण तयार गर्दा उल्लेखित लेखामानहरु बाहेकका NFRS 2018 का लेखामानहरु अवलम्बन गरेको छ । तपसिलमा उल्लेखित नेपाल लेखामानहरु सहकारी संस्थाको वित्तीय विवरण प्रस्तुत गर्दा लागु गरीएको छैन । उल्लेखित लेखामानहरुको लागु भइनसकेकोले सो सम्बन्धमा NFRS 2013 बमोजिम लेखांकन गरिएका छन् ।

## ३. आधारभुत लेखामान नितिहरु

### *३.१ मापनको आधार (Basis of Measurement)*

वित्तीय विवरणमा संलग्न कारोबारहरु निम्नबाहेक ऐतिहासिक मूल्यमा लेखांकन गरिएको छ ।

वित्तीय सम्पत्ति र दायित्वलाई यिनको सुरुवाति लेखांकन अनुरुप fair value मा मापन गरिन्छ । FVTOCI / FVTPL वित्तीय उपकरणको त्यसपछिको लेखांकन fair value मा मापन गरिएको छ । लगानी सम्पत्ति fair value मा मापन गरिएको छ ।

### *३.२ नगद वा नगद समान (Cash and Cash Equivalents)*

नगद वा नगद समान भन्नाले संस्थाको नगद मौज्दात, अन्य संस्था तथा बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात, माग तथा अल्पसूचनामा प्राप्त हुने रकम र तीन वा तीन महिना भन्दा कम परिपक्वता अवधि (Maturity Period) भएको अति तरल वित्तीय सम्पत्ति बुझिन्छ । संस्थाले अल्पकालिन प्रतिवद्धता पूरा गर्न प्रयोग गर्ने र fair value परिवर्तन हुन नगण्य जोखिम भएको वित्तीय सम्पत्ति नै नगद तथा नगद समान हो । वित्तीय अवस्थाको विवरणमा नगद र नगद समानलाई परिशोधित मूल्य (Amortized Cost) मा राखिन्छ ।

### *३.३ वित्तीय उपकरण : वित्तीय सम्पत्ति र वित्तीय दायित्व (Financial Instruments: Financial Assets and Liabilities)*

**क) पहिचान र लेखाङ्कन**

संस्थामा प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई तब मात्रै लेखाङ्कन गरिन्छ जब संस्था वित्तीय उपकरणसँग सम्बन्धित करारको व्यवस्थाको पक्ष हुन्छ । संस्थाले सुरुमा कर्जा र सापटी, निक्षेप र अन्य वित्तीय सम्पत्ति र दायित्व (जस्तै भुक्तानी पाउनुपर्ने वा भुक्तानी दिनपर्ने रकम) उनीहरूको उत्पत्ति भएको मितिमा लेखांकन गर्दछ । कुनै अर्को संस्थाको इक्विटी उपकरण जस्तै शेयरमा लगानी लाई खरिद भएको मितिमा लेखांकन गरिन्छ । वित्तीय सम्पत्तिको नियमित हुने खरिद र बिक्रीलाई कारोबारहुने मितिमा हुने मितिमा लेखाङ्कन (Trade Date Accounting) गरिन्छ ।

**ख) वर्गीकरण**

**अ) वित्तीय सम्पत्ति** *(Financial Assets)*

वित्तीय सम्पत्ति अर्न्तगत कर्जा लगानी, अन्य संस्थाको शेयरमा लगानी, नगद र नगद समान सम्पत्ति, भुक्तानी पाउनुपर्ने लगायतका हिसाबहरु पर्दछन् ।

संस्थाले वित्तीय सम्पत्तिहरू व्यवस्थापन गर्नका लागि संस्थाको व्यापार मोडल (Business Model) र वित्तीय सम्पत्तिको करारगत नगद प्रवाह विशेषता (Contractual Cash Flow Characterstics) को आधारमा परिशोधित लागत (Amortized Cost) वा fair value मा मापन गरिने वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गर्छ । वित्तीय सम्पत्तिका दुई वर्गहरु यसप्रकार छन् :

**अअ) परिशोधित लागतमा मापन गरिने वित्तीय सम्पत्ति** *(Financial Assets Measured at Amortized Cost)*

परिशोधित लागत भन्नाले कुनै वित्तीय सम्पत्ति वा दायित्वको सुरुमा लेखांकन गरिएको मुल्यमा हालसम्म आर्जित भएको प्रभावकारी व्याजदरले गणना गरिएको व्याज रकम जोडी त्यसबापत भएका भुक्तानीहरुलाई घटाइ आउने मुल्य भनिन्छ । जस्तै कर्जाको हकमा परिशोधित मुल्य भन्नाले कर्जा भुक्तानभएको रकममा हाल सम्म आर्जित भएको व्याज जोडी त्यसमा पाएको भूक्तानी घटाएपछि आउने मुल्य भन्ने बुझिन्छ ।

***संस्थाले देहायका दुवै शर्तहरु पूरा भएको खण्डमा परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गर्छ :***

- यदि वित्तीय सम्पत्ति सो सम्पत्तिको परिपक्वता अवधि भरि करारअनुसारको नगद प्रवाह संकलन गर्नको लागि राखिने उद्देश्य भएको व्यापार मोडलअन्तर्गतको सम्पत्ति भएमा र,
- वित्तीय सम्पत्तिको सम्झौताका सर्तहरूले निर्दिष्ट मितिमा नगद प्रवाह हुन्छ र सो नगद प्रवाह साँवा वा व्याज रकमको मात्र भुक्तानी हो ।

**अआ)** *fair value* **मा मापन गरिएको वित्तीय सम्पत्ति** *(Financial Assets Measured at Fair Value)*

परिशोधित मूल्यमा मापन गरिएको बाहेकका वित्तीय सम्पत्ति fair value मा मापन गरिन्छ । fair value मा मापन गरिएको वित्तीय सम्पत्तिलाई देहाय बमोजिम वर्गीकरण गरिन्छ :

- **नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्ति (Financial Assets Measured at Fair Value through profit or loss)**

यदि कुनै वित्तीय सम्पत्ति संस्थाको व्यवसायिक मोडल अनुरुप खरिद विक्री गर्ने प्रयोजन (Held for Trading) को लागि राखिएको भए सो वित्तीय सम्पत्ति नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने सम्पत्तिको रुपमा लेखांकन गरिन्छ । प्रारम्भिक पहिचान र लेखांकनमा, सो

सम्पत्ति fair value मा लेखांकन गरिन्छ भने कारोवार लागतलाई खर्चको रुपमा लेखांकन गरिन्छ । त्यसपश्चात त्यस्ता सम्पत्तिहरु fair value मा मापन गरिन्छन् र fair value मा भएका परिवर्तनहरू नाफा वा नोक्सानको विवरणमा पहिचान र लेखांकन गरिन्छ ।

यस आर्थिक वर्षको अन्त सम्ममा संस्थामा नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्ति नभएको ।

- अन्य विस्तृत आम्दानी मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्ति (Financial Assets Measured at Fair Value through other comprehensive income)

नियमित खरिद विक्रीको लागि नराखिएको अन्य संस्थाको इक्विटी उपकरण (शेयर) मा गरिएको लगानीलाई संस्थाले सो लगानीको fair value मा भएको परिवर्तनलाई अन्य विस्तृत आयमा लेखाङ्कन गर्ने गरी वर्गीकृत गरिको छ । त्यस्ता सम्पत्तिपछि fair value मा मापन हुन्छन् र fair value मा परिवर्तनहरू अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिन्छ ।

संस्थाले गरेका जिल्ला सहकारी संस्था लि., राष्ट्रिय सहकारी बैंक लि., ललितपुर डिष्ट्रिक कोअपरेटिभ लि., आई.एम.ई. सहकारी लि. को शेयर लगानीलाइ यस अनुरुप वर्गीकरण गरेको छ ।

**आ) वित्तीय दायित्व**

वित्तीय दायित्व अन्तर्गत सदस्यहरुको निक्षेप, सापटी र अन्य भुक्तानी दिनुपर्ने हिसाबहरु पर्दछन् ।

- • परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्वहरु

परिशोधित लागत भन्नाले कुनै वित्तीय दायित्वको सुरुमा लेखांकन गरिएको मुल्यमा हालसम्म प्रभावकारी व्याजदरले गणना गरिएको व्याज रकम जोडी त्यसबापत भएका भुक्तानीहरुलाई घटाइ आउने मुल्य भनिन्छ । जस्तै सापटी र निक्षेप हिसाबकको हकमा परिशोधित मुल्य भन्नाले सापटी वा निक्षेप रकममा हाल सम्म आर्जित भएको व्याज जोडी त्यसबापत गरिएको भुक्तानी घटाई आउने मुल्य भन्ने बुझिन्छ ।

- • नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय दायित्वहरु

यदि खरिद विक्रीका लागि सिर्जित दायित्व हो भने त्यस्ता दायित्वलाई fair value मा मापन गरिन्छ र fair value मा भएको परिवर्तनलाई नाफा नोक्सान हिसाबमा देखाइन्छ ।

संस्थामा यस किसिमका दायित्वहरु नभएको ।

**ग) मापन**

**अ) प्रारम्भिक मापन**

संस्थामा वित्तीय सम्पत्ति वा दयित्व सिर्जना हुदाका बखत, नाफा वा नोक्सानको माध्यमबाट मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा वित्तीय दायित्व सुरुको fair value मा कारोबार रकम जोडेर वा घटाएर मापन गरिन्छ । नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको सम्बन्धमा कारोबार लागत नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ ।

**आ) त्यसपछिको मापन**

वित्तीय सम्पत्ति वा वित्तीय दायित्व पछि वर्गीकरणको आधारमा fair value मा वा परिशोधित लागतमा मापन गरिन्छ ।

### ३.३.१ वित्तीय सम्पत्ति र दयित्वको अपलेखांकन (*Derecognition*)

***वित्तीय सम्पत्तिको अपलेखाङ्कन***

जब संस्थाको वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अधिकार समाप्त हुन्छ वा जब संस्थाले कारोबारमा नगद प्रवाह प्राप्त गर्ने अधिकार अन्य संस्था वा व्यक्तिलाई हस्तान्तरण गर्छ र वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण हुन्छ, त्यसबेला संस्थाले वित्तीय सम्पत्तिको अपलेखांकन गर्छ । त्यसबेला वित्तीय सम्पत्तिको लेखांकन भएको रकम र प्राप्त प्रतिफल को भिन्नता नाफा वा नोक्सान हिसाबमा लेखांकन गरिन्छ ।

***वित्तीय दायित्व अपलेखाङ्कन***

दायित्व भरपाई गरियो वा रद्द गरियो वा म्याद समाप्त भयो भने वित्तीय दायित्वको अपलेखांकन गरिन्छ । वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफलबीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखांकन गरिन्छ ।

### ३.३.२ *Fair value* को निर्धारण

Fair value भनेको त्यो मूल्य हो जुन मापन मितिमा बजार सहभागीहरू (Market Participants) बीच व्यवस्थित कारोबार भएको अवस्थामा सम्पत्ति बेच्दा पाईने वा दायित्व हस्तान्तरण गर्दा तिरिने रकम हो । निम्न तह अनुसार प्राप्त विवरणहरुको आधारमा वित्तीय सम्पत्ति र दायित्वको Fair value निर्धारण गरिन्छ :

*तह १ : सक्रिय बजारमा असमायोजित सूचीकृत मूल्यहरूबाट ।*

*तह २ : सक्रिय बजारमा उस्तै उपकरणहरुको लागि सूचीकृत मूल्यहरू वा निष्क्रिय बजारमा समान वा यस्तै उपकरणहरूका लागि सूचीकृत मूल्यहरूबाट ।*

*तह ३ : अन्य विवरणहरुबाट जस्तै, संस्थामा आन्तरिक रुपमा प्राप्त हुने विवरणहरु ।*

३.३.३ *Impairment/ Loss Provisioning*

नोक्सानी व्यवस्थाको गणनाको लागि NFRS बमोजिमको कर्जा नोक्सानी व्यवस्था गरिएको छैन । सहकारी ऐन अर्न्तगत सहकारी मापदण्ड बमोजिमको कर्जा नोक्सानी व्यवस्था गरी लेखांकन गरिएको छ । कर्जा नोक्सानी व्यवस्थाको लेखांकन गर्दा आर्थिक वषान्त पश्चात वित्तीय विवरण सञ्चालक समितिले स्वीकृत गर्ने बेला सम्म नियमित भएका कर्जा, सो अवधिमा असुली भएका कर्जा, धितोको पर्याप्तता लगायतका अन्य कुराहरुलाई समेत मध्यनजर गरिएको छ ।

सहकारी मापदण्ड बमोजिमको कर्जा नोक्सानी व्यवस्था

सहकारी मापदण्ड अनुसार लगानीमा रहिरहेको रकममा तपसिल बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने हुन्छ ।

| | |
|---|---|
| भाखा ननाघेको | १ प्रतिशत |
| १ वर्ष सम्म भाखा नाघेको | ३५ प्रतिशत |
| १ वर्ष भन्दा बढी समय भाखा नाघेको | १०० प्रतिशत |

## ३.४. सम्पत्ति तथा उपकरण

**लेखांकन र मापन**

संस्थामा रहेका सम्पत्ति तथा उपकरणहरुको सुरुवाती लेखांकन संस्थामा तबमात्र गरिन्छ जब

- सो सँग सम्बन्धित भविष्यका आर्थिक लाभहरू संस्थामा प्रवाहित हुनेछन् र,
- सम्पत्ति र उपकरणको लागत विश्वसनीय रुपमा मापन गर्न सकिन्छ ।

सम्पत्ति तथा उपकरणको सुरुवाती लेखांकन लागत मुल्यमा गरिन्छ । त्यसपश्चात जग्गा बाहेकका अन्य सम्पत्ति तथा उपकरणलाई लागत मुल्यमा हालसम्मको ह्रासकट्टी रकम घटाई लेखांकन गरिन्छ । ल्ँच्क बमोजिम सम्पत्तिलाई बजार मुल्यमा लेखांकन गर्न सकिने भएतापनि संस्थाले सो निति अवलम्बन गरेको छैन ।

**ह्रासकट्टी व्यवस्था**

संस्थामा रहेका सम्पत्ति तथा उपकरणहरुलाई तपसिल बमोजिमको उपयोगी जिवनको अनुमान गरि घट्दो प्रणालीका आधारमा ह्रासकट्टी रकमको गणना गरिन्छ ।

| सम्पत्ति तथा उपकरण | उपयोगि जीवन | घट्दो ह्रसकट्टी दर |
|---|---|---|
| फर्निचर तथा फिक्चर्स | २० वर्ष | १०% |
| कम्प्युटर तथा मेसिनरी | २० वर्ष | १०% |
| सवारी साधन | १० वर्ष | २०% |
| अन्य स्थीर सम्पत्ति | २० वर्ष | १०% |

**अपलेखाङ्कन**

सम्पत्ति र उपकरणहरूको किताबी रकम सम्पत्ति र उपकरणहरु निसर्ग गर्दा वा भविष्यमा कुनै आर्थिक लाभका आशा नहुने हुँदा अपलेखाङ्कन गरिन्छ । सम्पत्ति र उपकरणको अपलेखनबाट उत्पन्न हुने लाभ वा नोक्सान नाफा वा नोक्सान हिसाबमा समावेश हुनेछ ।

## ३.५ अमूर्त सम्पत्ति

**कम्प्युटर सफ्टवेयर**

खरिद गरिएको कम्प्युटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतमा लेखांकन गरिन्छ । कम्प्युटर सफ्टवेयर लागत अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित हुन्छन् । सफ्टवेयर कायम गर्न सम्बन्धित लागतहरू खर्चको रूपमा पहिचान र लेखांकन गरिन्छ । सफ्टवेयर प्रयोगको लागि उपलब्ध भएको मितिदेखि यसको अनुमानित उपयोगी जीवनमा नाफा वा नोक्सानमा

परिशोधित गरिन्छ । हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी जीवन १० बर्ष हो ।

## ३.६. लगानी सम्पत्ति

लगानी सम्पत्ति भन्नाले संस्थाले भाडामा दिन वा पुँजीगत लाभका लागि लगानी भएका जग्गा, भवन वा दुवैको संयोजनलाई जनाउछ । यसमा प्रशासनिक प्रयोजनका लागि लगानी गरिएका सम्पत्तिहरु पर्दैनन् । यस्ता सम्पत्तिहरु Fair Value वा लागत मुल्यमा लेखांकन गरिन्छन् । Fair Value मा लेखांकन भएका सम्पत्तिहरुमा ह्रासकट्टी गरिदैन र सम्पत्तिका] Fair Value मा भएको परिवर्तनलाई नाफा नोक्सान हिसाबमा लेखांकन गरिन्छ । लागत मुल्यमा लेखांकन भएको लगानी सम्पत्तिलाई सम्पत्ति तथा उपकरणलाई जस्तै लेखांकन गरिन्छ ।

आर्थिक वर्षको अन्त सम्ममा संस्थाले रु १८,३९,६६,८७५।०० जग्गामा लगानी गरेको र सो जग्गा भाडामा दिएको भएतापनि सो जग्गा संस्थाको भवन निर्माण प्रयोजनका लागि लगानी भएकाले सम्पत्ति तथा उपकरण अर्न्तगत नै लेखांकन गरिएको छ ।

## ३.७. आयकर

आयकर अर्न्तगत चालु कर र स्थगन कर पर्दछन् । प्रत्यक्ष इक्विटीमा वा अन्य विस्तृत आयमा लेखाङ्कन नगरिएको हदसम्म भने चालू कर र स्थगन करलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ ।

**क) चालू कर**

संस्थाको चालु आर्थिक वर्षको खुद नाफामा आयकर मुक्त आम्दानी घटाइ, आयकर ऐन अनुसार हुने अमान्य खर्चलाई समायोजन गरी बाँकी रहेको नाफामा आयकर ऐन २०५८ बमोजिम आयकरको ब्यवस्था गर्ने गरिएको छ ।

**ख) स्थगन कर**

स्थगन कर वित्तीय रिपोर्टिङ उद्देश्यको लागि सम्पत्ति र दायित्वहरूको किताबी रकम र कर प्रयोजनका लागि प्रयोग गरिएको रकमबीच अस्थायी भिन्नताको सन्दर्भमा लेखाङ्कन गरिन्छ । स्थगन कर संस्थामा लागू हुने कर दरको प्रयोग गरी निर्धारण गरिन्छ । भविष्यमा करयोग्य मुनाफा उपलब्ध हुने सम्भावना भए स्थगन कर सम्पत्तिहरू लेखाङ्कन गरिन्छ । त्यसैगरी भविष्यमा करयोग्य रकम भुक्तान गर्नुपर्ने सम्भावना भएमा स्थगन कर दायित्वको लेखांकन गरिन्छ ।

## ३.८. आम्दानीको लेखांकन

आम्दनी भन्नाले संस्थाको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो । अम्दानी बापत पुरा गर्नुपर्ने दायित्व पुरा गरिसकेको (Performance obligation satisfied) कारोबार मुल्यमा सो आम्दानीको लेखांकन गरिन्छ । आम्दानीको लेखांकन गर्दा संस्थालाई आर्थिक लाभको प्रवाहहुने निश्चितता भएपश्चात मात्र सो को लेखांकन गरिन्छ ।

संस्थाको आम्दानी अर्न्तगत व्याज आम्दानी, शुल्क र कमिसन आम्दानी लगायतका आम्दानी रहेका छन् र आय लेखाङ्कनको आधारहरू निम्नानुसार छन् :

### ३.८.१. ब्याज आम्दानी

परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिबाट हुने व्याज आम्दानीलाई संस्थाको साविकको व्याजदरमा लेखाङ्कन गरिन्छ जुन प्रभावकारी व्याजदरसँग लगभग समान हुन्छ । नोट २.७.१ मा उल्लेख भएअनुसार प्रभावकारी व्याजदरमा सेवा शुल्क बापतको रकमलाई समावेश गरिएको छैन ।

सहकारी ऐन बमोजिम सहकारी संस्थाले व्याज आम्दानी नगद आधारमा लेखांकन गर्नुपर्ने भएकाले व्याज आम्दानीको लेखांकन सोही बमोजिम गरिएको छ । मिति २०८२/०३/२२ गते राष्ट्रिय सहकारी नियमन प्राधिकरण बाट जारी निर्देशन अनुसार मिति २०८२ श्रावण १५ गते सम्म संकलन भएको व्याज रकमलाई अर्थिक वर्ष २०८१।८२ को व्याज आम्दानीमा लेखांकन गर्न छुट सुविधा निर्देशन भए बमोजिम मिति २०८२।०४।०१ देखि २०८२।०४।१५ सम्म संकलन भएको व्याज रकम रु ९,१४,८४६।३९ लाई व्याज आम्दानीमा लेखांकन गरिएको छ ।

### ३.८.२. शुल्क र कमिसन

शुल्क र कमिसनहरु तपसिल बमोजिम लेखांकन गरिन्छ ।

**सेवा शुल्क, आवेदन शुल्क र कर्जा नविकरण शुल्क**

कर्जा प्रवाहमा लिइने तपसिलमा उल्लेखित शुल्कहरु कर्जा प्रवाह भएपछि आम्दानीमा लेखांकन गरिन्छ । प्रभावकारी व्याजदरमा समावेश हुन पर्ने भएता पनि नोट २.७.२ बमोजिम सम्पुर्ण शुल्कलाई आम्दानीमा लेखांकन गरिएको छ ।

**विलम्ब शुल्क**

सदस्यबाट भुक्तानी हुनपर्ने किस्ता रकम समयमै भुक्तानी नभएको अवस्थामा विलम्ब शुल्क लिने गरिएकोमा सो विलम्ब शुल्क व्यवस्थापनको निर्णय बमोजिम मिनाह पनि हुन सक्ने भएकोमा अर्थिक लाभको सुनिश्चितता नभएको कारण, विलम्ब शुल्क निर्धारण भएर सदस्यबाट भुक्तानी भएको बखतमा आम्दानीमा लेखांकन गरिन्छ ।

**रेमिटेन्स कमिशन**

संस्थाको प्रभु मनि ट्रान्सफर, आई. एम ई लि.,सिजि फिन्को(वेष्टर्न यूनियन), सि एफ एस (हिमाल रेमिट) ,सिटि एक्सप्रेस मनि ट्रान्सफर, ई सेवा मनि ट्रान्सफर, आई पे र मोर्डन रेमिट सँग रेमिटेन्स सम्झौता रहेको छ । रेमिटेन्स कमिशनलाई रेमिटेन्स बापतको रकम ग्राहकलाई भुक्तानी भएपछि सो कमिशनको लागि दयित्व पुरा हुने भएकाले सोही बखत रेमिटेन्स कमिशन आम्दानीको लेखांकन गरिन्छ ।

**अन्य कमिशन तथा आम्दानी**

अन्य कमिशन तथा आम्दानीको हकमा संस्थाले सो कमिशन तथा आम्दानी प्राप्त गर्न पुरा गर्नुपर्ने सम्पुर्ण दायित्व पुरा भएपछि आम्दनीमा लेखांकन गरिन्छ ।

**लाभांश आम्दानी**

लाभांश प्राप्त गर्न अधिकार स्थापित भएमा लाभांश आय लेखाङ्कन गरिन्छ । लाभांश खुद व्यापार आयमा प्रस्तुत गरिन्छ ।

## ३.९. खर्चको लेखांकन

तपसिलमा उल्लेखित बाहेक अन्य खर्चको लेखांकन प्रोधभावी ९ब्अअचगबा० आधारमा गरिन्छ ।

### ३.९.१ **व्याज खर्च**

निक्षेप, सापटी लगायत सबै वित्तीय दायित्वहरूमा व्याज खर्च प्रभावकारी व्याज दर विधि प्रयोग गरेर नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ । नोट २.७.१ बमोजिम प्रभावकारी व्याज दर गणना गर्दा सापटीमा भुक्तान गरिएको सेवा शुल्क समावेश गरिएको छैन ।

### ३.९.२. **कर्मचारी लाभ** *(Employee Benefits)*

**क) अल्पकालिन कर्मचारी लाभ (Short Term Employee Benefits)**

अर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी हुने छोटो अवधिको कर्मचारी लाभ म्ष्कअयगलत नगरी मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गरिएको अर्थिक वर्षमा खर्च लेखिन्छ । यस अन्तर्गत तपसिल बमोजिमका कर्मचारी खर्चहरु पर्दछन् ।ः

- तलब, भत्ता
- युनिफर्म खर्च
- कर्मचारी विमा
- संचार तथा इन्धन भत्ता
- कर्मचारी बोनस

**ख) सेवा पछिको लाभ (Post Employment benefits)**

सेवा पछिको लाभमा निम्न लिखित लाभहरु समावेश हुन्छन् ः

**अ) परिभाषित योगदान योजना (Defined Contribution Plan)**

परिभाषित योगदान योजना सेवापछिको लाभ योजना हो जस अन्तर्गत संस्थाले योगदानलाई छुट्टै संस्थामा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन । परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखांकन गरिन्छ । परिभाषित योगदान योजनामा हुनुपर्ने योगदान जुन कर्मचारीले दिएको सेवाको रिपोर्टिङ अवधिको १२ महिनापछि सम्म भुक्तानी भएको हुँदैन त्यसलाई म्ष्कअयगलत गरेर वर्तमान मूल्यमा लेखाङ्कन गरिन्छ । संस्थाका सबै कर्मचारीले कर्मचारी सञ्चय कोषबाट लाभ प्राप्त गर्छन् जुन परिभाषित योगदान योजना अन्तर्गत हो जसमा संस्था र कर्मचारीले दुवै पूर्वनिर्धारित दर अनुसार मासिक रुपमा आफ्नो तलबको १० प्रतिशत रकम योगदान गर्दछन् ।

**आ) परिभाषित लाभ योजना (Defined Benefit Plan)**

परिभाषित लाभ योजना भन्नाले कर्मचारीले सेवा बाट अवकाष पाएका बखत भुक्तानीहुने रकम पर्दछन् । संस्थामा यस लाभ योजना अन्तर्गत

उपदान सुविधा पर्दछ। संस्थाको कर्मचारी सम्बन्धि नियमावली अनुसार संस्थाको कर्मचारीले सेवा बाट अवकाष पाएको बखत तपसिल बमोजिम उपदान सुविधा पाउनेछन् ।

- संस्थाले सामाजिक सुरक्षा कोषमा रकम जम्मा नगरेको अवस्थामा कर्मचारीको उपदान प्रयोजनका लागि प्रत्येक आ व को अन्त्यमा एक महिनाको तलब बराबरको रकम जम्मा गरि उपदान कोष खडा गर्नेछ। उपदान कोषको संचालन संचालक समितिले तोकेको बमोजिम हुनेछ।
- स्थायी सैवा गरेका कर्मचारीहरुले संस्थाको सेवाबाट अवकाष हुदाँका बखत श्रम ऐन २०७४ बमोजिमको उपदान रकम पाउनेछन् ।
- १० वर्ष भन्दा बढी संस्थामा अटुट सेवा गरेका कर्मचारीले श्रम ऐन २०७४ बमोजिम पाउने उपदान रकमको अतिरिक्त निजले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको आखिरि तलबको १५ दिन बराबरको अतिरिक्त उपदान रकम दिईने छ। तर विभागीय कार्वाहीमा परेको कर्मचारीले यस अतिरिक्त उपदान रकम पाउने छैन ।
- कुनै कर्मचारीको मृत्यु भएमा वा अंग भंग भई कामगर्न नसक्ने भएमा त्यस्तो कर्मचारीले सेवा गरेको वर्षको निमित्त खाईपाई आएको तलबको १ महिनाको दरले रकम पाउने छन् ।

परिभाषित लाभ योजना NFRS बमोजिम Acturial Valuation गरेर दायित्वको लेखांकन गर्नुपर्नेमा सो बमोजिम गरिएको छैन । संस्थाले आर्थिक वर्षको अन्तमा कर्मचारीले अवकाष पाएमा के कति रकम उपदान बापत पाउने हो, सोहि बमोजिम दायित्वको लेखांकन गरिएको छ।

संस्थाले कर्मचारीको आधारभुत तलबमानको ८.३३ प्रतिशत रकम उपदान बापत कर्मचारीलाई भुक्तानी गर्नुपर्ने रकम नागरिक लगानीकोषमा योगदान गरेर राखेको छ। परिभाषित लाभ योजनाको दायित्व र सम्पत्तिलाई वासलातमा खुद रकममा प्रस्तुत गरिएको छ।

**इ) अन्य दिर्घकालिन लाभ (Other Long Term Benefits)**

अर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी नहुने कर्मचारी लाभलाई अन्य दिर्घकालिन लाभ भनिन्छ। यस अर्न्तगत विदा बापतको व्यवस्था पर्दछ। संस्थाको कर्मचारी नियमावली बमोजिम जति दिन पनि घर विदा र विरामी विदा संचित हुने व्यवस्था रहेको र संचित विदा बापतको रकम कर्मचारी अवकाष भएको बखतमा भुक्तानी दिने व्यवस्था रहेको छ।

परिभाषित लाभ योजना NFRS बमोजिम Acturial Valuation गरेर दायित्वको लेखांकन गर्नुपर्नेमा सो बमोजिम गरिएको छैन । संस्थाले आर्थिक वर्षको अन्तमा कर्मचारीले अवकाष पाएमा के कति रकम विदा बापत पाउने हो, सोहि बमोजिम दायित्वको लेखांकन गरिएको छ।

**ई) रद्घ लाभ (Termination Benefits)**

कुनै कर्मचारीलाई सेवाबाट सेवा अवधि समाप्त हुन अघि नै अवकाष दिने प्रयोजनार्थ भुक्तानी हुने लाभलाई रद्द लाभ भनिन्छ। सो लाभको लेखांकन गर्दा जुन आर्थिक बर्षमा अवकाश दिईएको हो सोही आर्थिक बर्षमा खर्चको लेखांकन गरिन्छ। यदि सुविधाहरू रिपोर्टिंग मितिको १२ महिना पछि भुक्तानयोग्य छन् भने, त्यस्तो अवस्थामा सो भुक्तानी हुने रकमलाई हालको मुल्यमा discount गरिन्छ।

संस्थको चालु अर्थिक वर्षमा रद्द लाभ बापत भुक्तानी गरेको वा गर्नुपर्ने रकम नभएको ।

## ३.१०. पट्टा/भाडा आम्दानी तथा खर्च

संस्थाले आफ्नो स्वामित्वमा भएको जग्गालाई पार्किङ प्रयोजनका लगि भाडामा दिएको छ। साथै संस्थाको कार्यालय भएको भाडामा लिएको परिसरमा रहेको छ। सोही बमोजिम संस्थामा भाडा आम्दानी र खर्च उत्पन्न भईरहेको छ।

नेपाल लेखामान १७ को अनुच्छेद ३३ को व्यवस्था बमोजिम, सञ्चालन पट्टा (भाडा) अन्तर्गतको पट्टा भुक्तानी पट्टा अवधिभर समदर प्रणाली (Straight Line Basis) को आधारमा लेखाङ्कन गर्नु पर्दछ।

साथै भाडा बापतको आम्दानी समेत सोही बमोजिम समदर प्रणालीको आधारमा गरिन्छ।

## ३.११ शेयर पूँजी

संस्थामा शेयर सदस्यहरुबाट सदस्यता प्रदान गर्दाका बखत प्राप्त रकमलाइ शेयर पुजीमा लेखांकन गरिन्छ। साथै सदस्यबाट हट्ने शेयरधनीहरुलाई शेयर बापत भुक्तान हुने रकमलाई शेयर पुजी बाट घटाइन्छ। आर्थिक वर्ष २०८१।८२ मा शेयर पुजीमा भएको परिवर्तन तपसिल बमोजिम रहेको छ।

| विवरण | शेयर सदस्य संख्या | शेयर संख्या | शेयर रकम |
|---|---|---|---|
| अघिल्लो आर्थिक वर्षको रकम | २,७१२ | ११,७१,९२१ | ११,७१,९२,१०० |
| यस आर्थिक वर्षमा थप | १३१ | ३५४११ | ३५,४१,१०० |
| यस आर्थिक वर्षमा फिर्ता | ५१ | १२२३२ | १२,२३,२०० |
| आर्थिक वर्षको अन्तमा शेयर पुजीमा रहिरहेको | २७९२ | ११,९५,१०० | ११,९५,१०,००० |

## ३.१२. जगेडा कोष

सहकारी ऐन २०७४ को दफा ६८ बमोजिम बाँडफाँडको लागि योग्य आयकर पछिको खुद मुनाफाको २५ प्रतिशत रकम जगेडा कोषमा राख्नुपर्ने

व्यवस्था बमोजिम संस्थामा सोही अनुरुप कोषमा रकम बाँडफाँड गरिएको छ । यस अर्थिक वर्षमा जगेडा कोषमा भएको परिवर्तन तपसिल बमोजिम रहेको छ ।

| विवरण | रकम |
|---|---|
| अघिल्लो अर्थिक वर्षको रकम | १२१,२३९,१६३ |
| यस अर्थिक वर्षमा थप बाँडफाँडको लागि योग्य रकम | ८,४५१,०२२ |
| यस अर्थिक वर्षमा अन्य कोषबाट रकमान्तर भएको | ९२,२२,४२८ |
| अर्थिक वर्षको अन्तमा जगेडाकोषमा रहिरहेको | १३,८९,१२,६१३ |

## ३.१३. अन्य कोषहरु

संस्थामा बाँडफाँडको लागि योग्य आयकर पछिको खुद मुनाफालाई सहकारी ऐन बमोजिम विभिन्न प्रयोजनार्थ राख्नुपर्ने कोषमा तपसिल बमोजिम बाँडफाँड गरिन्छ ।

| विवरण | बाँडफाँड योग्य रकम | यस अर्थिक वर्षमा रकमान्तर भएको | अर्थिक वर्षको अन्तमा मौज्दात |
|---|---|---|---|
| सहकारी प्रर्वद्दन कोष | बाँडफाँड योग्य रकममा जगेडा कोषमा रकमान्तर गर्नुपर्ने रकम घटाई आउने रकमको ०.५% | १२६,७६५ | ७००,१०९ |
| संरक्षित पुँजी फिर्ता कोष | बाँडफाँड योग्य रकममा जगेडा कोषमा रकमान्तर गर्नुपर्ने रकम घटाई आउने रकमको २५% | ६,३३८,२६७ | ६,३३८,२६७ |
| सहकारी विकास कोष | बाँडफाँड योग्य रकममा जगेडा कोष, सहकारी प्रर्वद्दन कोष र संरक्षित पुँजी फिर्ता कोषमा रकमान्तर गरेपछिको रकमको ५% | ९४४,४०२ | ९५४,९०९ |
| सहकारी शिक्षा कोष | | ९४४,४०२ | ९५४,७२० |
| घाटापुर्ति कोष | | ९४४,४०२ | ९५५,१६७ |
| सामुदायिक विकास कोष | | ९४४,४०२ | ९५५,१६७ |
| स्थिरिकरण कोष | | ९४४,४०२ | ९५५,१६७ |
| अन्य जोखिम व्यवस्थापन कोष | | ९४४,४०२ | ९५५,१६७ |
| शेयर लाभांश कोष | अन्य सबै कोषमा रकमान्तर गरिसकेपछि अधिक्तम शेयर पूँजीको १८ % सम्म | १३,२२१,६२४ | १३,२२१,६२४ |

## ३.१४. भाडाको लेखांकन सम्बन्धमा

सहकारी संस्थाले यस आर्थिक वर्ष २०८१।८२ बाट NFRS 16: Leases लागु गरेको छ । यस लेखामानले विषेशत, भाडाको लेखांकनलाई नयाँ ढाँचामा प्रस्तुत गर्ने व्यवस्था गरेको छ । NFRS 16 ले निर्दिष्ट गरेको Transitional Provisions बमोजिम cumulative catch-up approach प्रयोग गरी लागू गरेको छ, त्यसैले तुलनात्मक विवरणहरु पुनः प्रस्तुत गरिएको छैन र सविककै लेखा निति अनुरुप प्रस्तुत गरिएको छ ।

***भाडामा लिएका सम्पत्ति सम्बन्धि लेखा नीतिहरू (१ श्रावण २०८१ देखि लागू हुने)***

सहकारी संस्थाले कुनै सम्झौता भाडा हो वा हैन भनि सम्झौताका प्रारम्भमा मूल्याङ्कन गर्दछ । सहकारी संस्थाले सबै भाडा करारको सुरुमा "सम्पत्ति प्रयोगको अधिकार (Right of use assets)" र "भाडाको दायित्व (Lease Liability)" को लेखांकन गर्दछ ।

यी सम्पत्ति र दायित्वको लेखांकन भाडा करार प्रारम्भि भएको मितिमा करार अवधीमा भुक्तानी गर्नपर्ने भाडा रकमको आजको मुल्य (Present value) मा हिसाब गरिन्छ । आजको मुल्य (Present value) मा हिसाब गर्दा भाडा करारमा निहित रहेको व्याजदर वा सो व्याजदर निर्क्यौल नहुन सकेको अवस्थामा सहकारी संस्थाको औसत निक्षेपको व्याजदरले हिसाब गरिन्छ । सहकारीले औसत व्याजदर ९.२८ प्रतिशत लिएर हिसाब गरेको छ ।

एकातर्फ "सम्पत्ति प्रयोगको अधिकार (Right of use assets)" लाई भाडा अवधिमा ह्रासकट्टी गरी स्थीर सम्पत्ति शिर्षकमा स्थीर सम्पत्ति सरह लेखांकन गरिन्छ । अर्को तर्फ "भाडाको दायित्व (Lease Liability)" लाई कर्जाको भुक्तानी सरह उल्लेखित व्याजदरले व्याज खर्च र सावाको भुक्तानी सरह लेखांकन गरिन्छ । यसले गर्दा वित्तीय विवरणमा भाडा खर्च भनि देखिदैन र व्याज खर्च र ह्रासकट्टी खर्च प्रस्तुत हुन्छ ।

यस नितिको अपवादमा यदि कुनै भाडा करारहरु छोटो अवधिका (१२ महिना वा सोभन्दा कम अवधि भएका) छन् वा कम मूल्यका सम्पत्तिहरू

(जस्तैः ट्याबलेट र व्यक्तिगत कम्प्युटर, साना अफिस फर्निचर र टेलिफोन) सँग सम्बन्धित भएमा भाडा खर्च भाडा अवधिमा समनतरुपमा लेखांकन गरिन्छ ।

सहकारी संस्थाले आर्थिक वर्ष २०८१।८२ देखि नयाँ लेखांकन निति अनुरुप २०८१।०४।०१ गते रहेका करारहरुको आधारमा "सम्पत्ति प्रयोगको अधिकार (Right of use assets)" रकम रु ३,७२४,७७१ र सोही बरावरको "भाडाको दायित्व (Lease Liability)" लेखांकन गरेकोमा केन्द्रिय कार्यलयको साविकको करार सम्पन्न हुदाँ १,३४७,६३६ सुरु मुल्य भएको "सम्पत्ति प्रयोगको अधिकार (Right of use assets)" निसर्ग भएको छ । रु ९,७८६,१४२ मुल्य वापतको नयाँ करार अनुसार को "सम्पत्ति प्रयोगको अधिकार (Right of use assets)" थप हुदाँ अर्थिक वर्षमा रु २,५२५,७८५ को ह्रासकट्टी खर्च लेखांकन भई आर्थिक वर्षको मसान्तमा रु १०,९८५,१२८ को "सम्पत्ति प्रयोगको अधिकार (Right of use assets)" स्थीर सम्पत्ति नोट ४.४ मा देखिएको छ ।

साथै, सुरुमा लेखांकन भएको भाडाको दायित्व (Lease Liability) रु ३,७२४,७७१ मा नयाँ करार अनुसारको दायित्व रु ९,७८६,१४२ थप भएको छ । भुक्तानी भएको भाडा रकम रु २,७५५,९३० मध्ये सहकारीले प्रयोग गरेको व्याजदरको आधारमा व्याज खर्च रु ४९६,९०१ लेखांकन भएको र बाँकी २,२८६,०२९ भाडाको दायित्वको साँवा बापतको भुक्तानी भए सरह लेखांकन गरिएको छ । २०८२ असार मसान्तमा भुक्तानी दिन बाँकी भाडा रु ११,२२४,८८४ अन्य दायित्व नोट ४.११ मा लेखांकन गरिएको छ ।

व्याज खर्च रु ४९६,९०१ र रु २,५२५,७८५ को ह्रासकट्टी खर्च लेखांकन भएको कारण संचालन खर्च (नोट ४.१९) मा यस वर्ष भाडा खर्च लेखांकन भएको छैन ।

***भाडामा दिएका सम्पत्ति सम्बन्धि लेखा नीतिहरू***

यस सम्बन्धमा साविककै लेखानिति बमोजिम भाडा आम्दानीलाई समनन्तर प्रणालीमा लेखांकन गरिएको छ । संस्थाको स्वामित्वमा रहेको जग्गा भाडामा दिएबापत संस्थाले रु १,०८०,००० आम्दानी लेखांकन गरेको छ ।

## ३.१५. इकाई रिपोर्टिङ (Segment Reporting)

इकाई भन्नाले संस्थाको तपसिल बमोजिमको निकायलाई जनाउँछ ।

- व्यवसायिक गतिविधिमा संलग्न भएकाले आम्दानी प्राप्त गर्ने र खर्च गर्ने ।
- उपयुक्त वित्तीय विवरण प्राप्त गर्न सकिने ।
- संस्थाको प्रमुख कार्यकारीबाट व्यवसायिक निर्णयको नियमित रुपमा वित्तीय विवरणको समीक्षा हुने ।

NFRS 8: Operating Segments बमोजिम संस्थाले रिपोर्टिङ इकाईको पहिचान गरी छुट्टै वित्तीय विवरणहरु प्रस्तुत गर्नुपर्ने र सो वित्तीय विवरणलाई संस्थाको समष्टिगत वित्तीय विवरण सँग भिडान गरी प्रस्तुत गर्नुपर्ने हुन्छ । संस्थाको प्रमुख कार्यकारीबाट समष्टिगत रुपमा पुरै संस्थाको वित्तीय विवरण समीक्षा भइ निर्णयहरु हुने हुदाँ छुट्टै इकाई रिर्पोटिङ गरिएको छैन ।

## ३.१६. वित्तीय विवरण पछिको अवधिमा भएका घटनाहरु (Events after Reporting Period)

वित्तीय विवरण पछिको अवधिमा भएका घटनाहरु भन्नाले संस्थाको वित्तीय विवरणको रिपोर्टिङ मिति (यस वित्तीय विवरणको लागि २०८० आषाढ मसान्त भन्दा पछि भएका घटनाहरु पर्दछन् । यी घटनाहरु संस्थाको लागि अनुकुल (favourable) वा प्रतिकुल (unfavourable) दुबै हुन सक्छन् । यी घटनाहरु दुई प्रकारका हुन्छन् ।

***समायोजन हुने घटनाहरु (Adjusting Events)***

यी घटनाहरु रिपोटिङ अवधिको अन्त्य पछि उत्पन्न भएका घटनाहरु हुन् तर यी घटनाहरुले रिपोर्टिङ अवधिको अन्त्यमा भएका घटनाहरुको लागि थप प्रमाण प्रदान गर्दछ । नेपाल लेखामान १० बमोजिम यी घटनाहरुलाई रिपोटिङ अवधिको वित्तीय विवरणमा समायोजन गर्नुपर्दछ ।

***समायोजन नहुने घटनाहरु (Non-Adjusting Events)***

यी घटनाहरु रिपोटिङ अवधिको अन्त्य पछि उत्पन्न भएका घटनाहरु हुन् र यी घटनाहरुले रिपोटिङ अवधि पछि उत्पन्न भएका अवस्थाहरुलाई थप प्रमाण प्रदान गर्दछन् । नेपाल लेखामान १० बमोजिम यी घटनाहरु सारभुत रुपमा महत्वपुर्ण भए वित्तीय विवरणको टिप्पणीमा खुलासा गर्नुपर्दछ ।

# डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि.

ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान

## वित्तीय विवरण सँग सम्बन्धित नोटहरु

**आर्थिक वर्ष २०८१।८२**

### ४.१ नगद तथा नगद समान

| विवरण | २०८२ असार मसान्तको | २०८१ असार मसान्तको |
|---|---|---|
| नगद मौज्दात (क) | ८,६४८,७८२ | ६,२०४,४९० |
| बैंक मौज्दात | | |
| ग्लोबल आई.एम.इ बैंङ्क लि. | १७७,०३६,९०२ | ७१,६४८,१४६ |
| एन सि सि बैंक लि. | ५,०५७ | ५,०५७ |
| प्रभु बैंक लि. | १९,४०४ | १९,३२९ |
| मेगा बैंक लि. | ५,८३८ | ९६५,२८० |
| सेन्चुरी कमर्सियल बैंक लि. | ११,००९ | ११,००९ |
| एन.एम.बि बैंक लि. | १४,३८८ | १४,२६६ |
| कृषि बिकास बैंक लि. | ५,००० | ५,००० |
| राष्ट्रिय सहकारी बैंक लि. | २५,४०६ | ६०,३३४ |
| सिटिजन्स् बैंक ईन्टरनेशनल लि. | ४,३१६,०५२ | २२,४२२,५२५ |
| सिदार्थ बैंक लि. | १०,४६९,९०८ | ५३७,६६० |
| ललितपुर बचत तथा ऋण सहकारी संघ लि. | ३२१,३०६ | ३०८,३४२ |
| आई.एम.ई. सहकारी संस्था लि. | १०६,८७१ | १०४,३९९ |
| मुक्तीनाथ विकास बैंक लि. | ६,९३५,५२१ | ३,१७८,४०४ |
| सानिमा बैंक लिमिटेड | १,९९८,३०५ | ६,७३८ |
| कुमारी बैंक लिमिटेड | २९,२०३,५७५ | ३२,२२७,१२१ |
| बैंक मौज्दात (ख) | २३०,४७४,५४२ | १३१,५१३,६०९ |
| **जम्मा (क+ख)** | २३९,१२३,३२४.२८ | १३७,७१८,०९९.२५ |

### ४.२ सदस्यलाई कर्जा सापटी

| विवरण | २०८२ असार मसान्तको | २०८१ असार मसान्तको |
|---|---|---|
| कर्जा तथा सापट | १,३२९,०४०,८२६ | १,३२९,३४५,८१० |
| भुक्तानी पाउन पर्ने ब्याज रकम | ११,५२१,९९१ | १७,१९१,८९० |
| **जम्मा कर्जा रकम (क)** | १,३४०,५६२,८१७ | १,३४६,५३७,७०० |

### ४.२.१ कर्जाको किसिम अनुसारको विवरण

| विवरण | २०८२ असार मसान्तको | २०८१ असार मसान्तको |
|---|---|---|
| व्यवसायिक कर्जा | ६९४,३१५,६९९ | ५७५,३३५,९१४ |
| हायर पर्चेज कर्जा (२ पाङ्ग्रे) | ११८,१८२ | - |
| हायर पर्चेज कर्जा (४ पाङ्ग्रे) | २१,४६३,९४५ | १७,८४९,६३३ |
| मुद्दती निक्षेप वापत कर्जा | १३,७८६,२२८ | १६,६८४,०७० |
| इजी लोन | १७७,२६१,६३८ | १९१,१५४,२०८ |
| घर निर्माण कर्जा | ११,५८६,७०० | १७,८९३,३१३ |
| सरल कर्जा | ८३,१३३,०७० | ८२,८४९,३३८ |
| घर कर्जा | ७०,७०२,८०३ | ६५,५७८,३८८ |
| जग्गा खरिद कर्जा | १४२,७८१,३३५ | २७३,७५६,६६८ |
| सामूहिक जमानी कर्जा | ६,२९४,६९५ | ७,२७०,८०१ |
| ब्यक्तिगत कर्जा | १०७,१५१,५३१ | ८०,८५२,६८४ |
| आवधिक वचत वापत कर्जा | ४४५,००० | १२०,७९२ |
| **जम्मा कर्जा रकम (क)** | १,३२९,०४०,८२६ | १,३२९,३४५,८१० |

### ४.२.२ धितोको आधारमा कर्जाको किसिम

| विवरण | २०८२ असार मसान्तको | २०८१ असार मसान्तको |
|---|---|---|
| सामूहिक जमानी | ६,२९४,६९५ | ७,२७०,८०१ |
| सवारी साधन धितो | २१,५८२,१२७ | १७,८४९,६३३ |
| अचल सम्पत्ति | १,१७९,७८१,२४६ | १,२०६,५६७,८२९ |
| मुद्दती निक्षेप | १४,२३१,२२८ | १६,८०४,८६३ |
| व्यक्तिगत जमानी | १०७,१५१,५३१ | ८०,८५२,६८४ |
| | | |
| *धितो सुरक्षण नभएको* | - | - |
| | | |
| जम्मा कर्जा रकम (क) | १,३२९,०४०,८२६ | १,३२९,३४५,८१० |

### ४.३ लगानी

| विवरण | २०८२ असार मसान्तको | २०८१ असार मसान्तको |
|---|---|---|
| शेयर लगानी | | |
| जिल्ला सहकारी संस्था लि. | २,५००.०० | २,५००.०० |
| राष्ट्रिय सहकारी बैंक लि. | १०,०००.०० | १०,०००.०० |
| ललितपुर जिल्ला सहकारी लि. | ११,०००.०० | ११,०००.०० |
| आई.एम.ई. सहकारी लि. | - | - |
| बागमती प्रदेश सहकारी | १५,०००.०० | १५,०००.०० |
| **जम्मा (क)** | ३८,५००.०० | ३८,५००.०० |
| | | |
| ३ महिना भन्दा बढी अवधि भएको मुद्धति निक्षेप | | |
| सिटिजन्स् बैंक ईन्टरनेशनल लि.(मुद्दती खाता) | - | ७०,०००,०००.०० |
| मुक्तीनाथ विकास बैंक लि.(मुद्दती खाता) | ८०,०००,०००.०० | ८०,०००,०००.०० |
| ग्लोबल आई.एम.इ बैंङ्क लि. | ७०,०००,०००.०० | ७०,०००,०००.०० |
| **जम्मा (ख)** | १५०,०००,०००.०० | २२०,०००,०००.०० |
| | | |
| **जम्मा (क+ख)** | १५०,०३८,५००.०० | २२०,०३८,५००.०० |

### ४.४ सम्पत्ति तथा उपकरण

| विवरण | जमिन | सम्पत्ति प्रयोग अधिकार | भवन | फर्निचर तथा फिक्चर्स | कम्प्यूटर तथा मेशिनरी | सवारी साधन | अन्य स्थिर सम्पत्ति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| लागत | | | | | | | | |
| **आषाढ ३१, २०८० सम्मको रकम** | १८३,९६६,८७५ | | - | ४,४०४,०२६ | ३,०९०,१३२ | ३,६८०,७०० | ९१०,१५९ | १९६,०५१,८९३ |
| आर्थिक वर्ष २०८०।८१ मा थप | - | | | | ३५,४५० | - | - | ३५,४५० |
| आर्थिक वर्ष २०८०।८१ मा निसर्ग | - | | - | - | - | - | - | - |
| आर्थिक वर्ष २०८०।८१ मा समायोजन | - | | - | - | - | - | - | - |
| **आषाढ ३१, २०८१ सम्मको रकम** | १८३,९६६,८७५ | | - | ४,४०४,०२६ | ३,१२५,५८२ | ३,६८०,७०० | ९१०,१५९ | १९६,०८७,३४३ |
| समायोजन (नोट ३.१४) | | ३,७२४,७७१ | | | | | | ३,७२४,७७१ |
| आर्थिक वर्ष २०८१।८२ मा थप | | ९,७८६,१४२ | - | २३,५०० | ९४,८०० | ७,७७१,००० | | १७,६७५,४४२ |
| आर्थिक वर्ष २०८१।८२ मा निसर्ग | | (१,३४७,६३६) | | (३२,९६४) | (४१९,३९६) | (३,०००,०००) | (८९,३०२) | (४,८८९,२९८) |
| आर्थिक वर्ष २०८१।८२ मा समायोजन | | | | | | | | - |
| **आषाढ ३२, २०८२ सम्मको रकम** | १८३,९६६,८७५ | १२,१६३,२७७ | - | ४,३९४,५६२ | २,८००,९८६ | ८,४५१,७०० | ८२०,८५७ | २१२,५९८,२५८ |
| **संचित ह्रासकट्टी** | | | | | | | | |
| आषाढ ३१, २०८० सम्मको रकम | - | | - | १,६२४,७४२ | १,१७३,५९८ | २,६१५,९०६ | ३६५,२५२ | ५,७७९,४९९ |
| आर्थिक वर्ष २०८०।८१ मा थप | | | | २७७,९२८ | १९६,९०८ | २१२,९५९ | ५२,७८१ | ७४०,५७६ |
| आर्थिक वर्ष २०८०।८१ मा निसर्ग | - | | - | - | - | - | - | - |
| आर्थिक वर्ष २०८०।८१ मा समायोजन | - | | - | - | - | - | - | - |
| **आषाढ ३१, २०८१ सम्मको रकम** | - | | - | १,९०२,६७० | १,३७०,५०७ | २,८२८,८६५ | ४१८,०३३ | ६,५२०,०७५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| समायोजन (नोट ३.१४) | | - | | | | | | |
| आर्थिक वर्ष २०८१।८२ मा थप | | २,५२५,७८५ | | २४५,८६९ | २१९,१९८ | ३५७,१५५ | २७,९१९ | ३,३७५,९२६ |
| आर्थिक वर्ष २०८१।८२ मा निसर्ग | | (१,३४७,६३६) | | (२६,१७७) | (३०२,५११) | (२,५९७,३४७) | (३९,९०५) | (४,३१३,५७६) |
| आर्थिक वर्ष २०८१।८२ मा समायोजन | | | | | | | | |
| **आषाढ ३२, २०८२ सम्मको रकम** | - | १,१७८,१४९ | - | २,१२२,३६२ | १,२८७,११४ | ५८८,६७३ | ४०६,०४७ | ५,५८२,४२५ |
| | | | | | | | | |
| **खुद सम्पत्ति आषाढ ३१, २०८०** | १८३,९६६,८७५ | | - | २,७७९,२८५ | १,९१६,५३४ | १,०६४,७९४ | ५४४,९०७ | १९०,२७२,३९४ |
| **खुद सम्पत्ति आषाढ ३१, २०८१** | १८३,९६६,८७५ | | - | २,५०१,३५६ | १,७५५,०७६ | ८५१,८३५ | ४९२,१२६ | १८९,५६७,२६८ |
| **खुद सम्पत्ति आषाढ ३२, २०८२** | १८३,९६६,८७५ | १०,९८५,१२८ | - | २,२७२,२०० | १,५१३,७९२ | ७,८६३,०२७ | ४१४,८११ | २०७,०१५,८३२ |

### ४.५ अमुर्त सम्पत्ति

| **विवरण** | **२०८२ असार मसान्तको** | **२०८१ असार मसान्तको** |
|---|---|---|
| लागत | | |
| सुरु मुल्य | २४५,१५० | २४५,१५० |
| आर्थिक वर्षमा थप | - | - |
| आर्थिक वर्षमा निसर्ग | - | - |
| आर्थिक वर्षमा समायोजन | - | - |
| **जम्मा लागत (क)** | २४५,१५० | २४५,१५० |
| **संचित अपलेखन** | | |
| सुरु मुल्य | १०६,४६४ | ९१,०५४ |
| आर्थिक वर्षमा थप | १३,७९१ | १५,४१० |
| आर्थिक वर्षमा निसर्ग | - | - |
| आर्थिक वर्षमा समायोजन | | |
| **जम्मा संचित अपलेखन (ख)** | १२०,२५४ | १०६,४६४ |
| | | |
| **खुद अमुर्त सम्पत्ति** | १२४,८९६ | १३८,६८६ |

### ४.६ स्थगन कर सम्पत्ति/दायित्व

| **विवरण** | **२०८२ असार मसान्तको** | **२०८१ असार मसान्तको** |
|---|---|---|
| **लेखा अनुसारको रकम** | | |
| स्थीर सम्पत्ति | २०७,०१५,८३२ | १८९,५६७,२६८ |
| अमुर्त सम्पत्ति | १२४,८९६ | १३८,६८६ |
| बिदा तथा उपदान वापतको दायित्व | (८,७४७,८८९) | (७,५०१,७४७) |
| कर्जा तथा सापटमा भुक्तानी पाउन बाँकी ब्याज | - | - |
| अग्रिम भुक्तानी गरिएको भाडा | (११,२२४,८८४) | (२१८,१७९) |
| **लेखा अनुसारको रकम जम्मा (क)** | १८७,१६७,९५६ | १८१,९८६,०२८ |
| | | |
| **कर आधार** | | |
| ह्रासयोग्य सम्पत्ति | १९१,७४३,०६० | १८७,५२३,९४६ |
| विदा/उपदान बापतको दायित्व | - | - |
| अग्रिम भुक्तानी गरिएको भाडा | - | - |
| **जम्मा कर आधार (ख)** | १९१,७४३,०६० | १८७,५२३,९४६ |
| | | |
| **अस्थायी भिन्नता (क-ख)** | (४,५७५,१०४) | (५,५३७,९१८) |
| | | |
| **करको दर** | २० | २० |
| | | |
| **स्थगन कर (सम्पत्ति)/दायित्व** | (९१५,०२१) | (१,१०७,५८४) |
| **स्थगन कर खर्च/(आम्दानी)** | १९२,५६३ | (३७२,८४०) |

४.७ अन्य सम्पत्तिहरु

| विवरण | २०८२ असार मसान्तको | २०८१ असार मसान्तको |
|---|---|---|
| अग्रिम खर्च भुक्तानी | २,३०९,३६२ | ६१६,२१५ |
| अग्रिम आयकर | ७,५४७,५५९ | ६,१४२,६८५ |
| मसलन्द मौज्दात | २५८,६४७ | १७४,४९६ |
| धरौटी (दूर संचार) | ४,५०० | ४,५०० |
| धरौटी (आ एम ई) | ३००,००० | ३००,००० |
| रेमिटेन्स एजेन्सी मौज्दात | २,२१३,५९६ | ६५,९८९ |
| स्मार्ट बैंकिङ्ग | ४५४,९०७ | १५७,६४६ |
| अन्य सम्पत्ति | - | ६०६,०४३ |
| | | |
| **जम्मा (क)** | १३,०८८,५७१ | ८,०६७,५७५ |
| | | |
| **खुद परिभाषित लाभ योजना सम्पत्ति** | | |
| नागरिक लगानी कोषमा उपदान बापतको लगानी | ९,४४१,९९३ | ८,०६८,४८६ |
| उपदान तथा विदा वापतको दायित्व | (८,७४७,८८९) | (७,५०१,७४७) |
| **जम्मा (ख)** | ६९४,१०४ | ५६६,७३९ |
| **जम्मा** | १३,७८२,६७५ | ८,६३४,३१३ |

४.८ ग्राहकबाट निक्षेप

| विवरण | २०८२ असार मसान्तको | २०८१ असार मसान्तको |
|---|---|---|
| मुद्धति बचत (६ महिना) | २६,२६१,००० | ३१,९५९,००० |
| मुद्धति बचत (९ महिना) | - | १००,००० |
| मुद्धति बचत (१२ महिना) | ७७३,५८१,३०० | ९०५,९५९,५९० |
| मुद्धति बचत (२४ महिना) | २४९,४१७,६४० | १५०,०३५,५०० |
| मुद्धति बचत (३६ महिना) | १२४,८५९,४५५ | १२९,१२६,११० |
| आवधिक बचत (६ महिना) | १५,०२८ | १४६,९७२ |
| आवधिक बचत (१२ महिना) | ३,३९०,८८५ | ९,३६१,५९३ |
| आवधिक बचत (२४ महिना) | १२८,८७४ | ४६५,३५७ |
| आवधिक बचत (३६ महिना) | ४,०४७,०२९ | ५,४२७,५०१ |
| दैनिक बचत | ३४,४९४,६९९ | २६,४७६,०२२ |
| लघु बचत | ४७,७६४ | ५०,१३५ |
| साधारण बचत | १०७,९४४,९९६ | १०३,२३७,३१३ |
| महिला बचत | २,९७७,८४१ | २,८०५,७६५ |
| युवा बचत | ६,०७३ | ५,१२२ |
| डल्फिन विशेष बचत | १०४,७३३,८४६ | ११२,०९६,३७५ |
| कर्मचारी बचत | ७४२,५४६ | १,०७५,८८४ |
| डल्फिन विप्रेषण बचत | १,३६८,८६७ | १,३०४,५४८ |
| डल्फिन व्यापार बचत | ९४,५५२,१७७ | ७३,८४२,३९२ |
| **जम्मा निक्षेप रकम** | १,५२८,५७०,०२१ | १,५५३,४७५,१७८ |
| | | |
| **निक्षेपमा भूक्तानी दिन बाँकी ब्याज** | ६१९,०८१ | ७३३,२९८ |
| | | |
| **जम्मा** | १,५२९,१८९,१०२ | १,५५४,२०८,४७६ |

### ४.९ सापटी

| विवरण | २०८२ असार मसान्तको | २०८१ असार मसान्तको |
|---|---|---|
| बैंक बाट सापटी | - | - |
| राष्ट्रिय सहकारी बैंक लि. | - | - |
| जिल्ला सहकारी संघ | - | - |
| **जम्मा** | - | - |
| **सापटीमा भुक्तानी दिन बाँकी ब्याज** | | |
| **जम्मा** | | |

### ४.१० कर्जा नोक्सानी व्यवस्था

| विवरण | २०८२ असार मसान्तको | २०८१ असार मसान्तको |
|---|---|---|
| **कर्जा तथा सापट** | | |
| भाखा ननाघेको | १,२२९,७४५,५१५ | १,३१६,९२१,१३४ |
| एक वर्ष भन्दा कम अवधिले भाखा नाघेको | २६,२४५,१०८ | ४,४४९,२११ |
| **एक वर्ष भन्दा बढी अवधिले भाखा नाघेको** | ७३,०५०,२०२ | ७,९७५,४६५ |
| | १,३२९,०४०,८२६ | १,३२९,३४५,८१० |
| **नोक्सानी व्यवस्था** | | |
| भाखा ननाघेको | १२,२९७,४५५ | १३,१६९,२११ |
| एक वर्ष भन्दा कम अवधिले भाखा नाघेको | ९,१८५,७८८ | १,५५७,२२४ |
| एक वर्ष भन्दा बढी अवधिले भाखा नाघेको | ७३,०५०,२०२ | ७,९७५,४६५ |
| **जम्मा** | ९४,५३३,४४५ | २२,७०१,९०० |
| **कर्जा नोक्सानी व्यवस्थामा भएको परिवर्तन विवरण** | | |
| शुरु मौज्दात | २२,७०१,९०० | २१,६९२,२६३ |
| यस वर्ष थप | ६७८,०१२ | १,००९,६३७ |
| यस वर्ष फिर्ता | - | - |
| **जम्मा** | २३,३७९,९१२ | २२,७०१,९०० |

### ४.११ अन्य दायित्व

| विवरण | २०८२ असार मसान्तको | २०८१ असार मसान्तको |
|---|---|---|
| भुक्तानी दिन बांकी लेखापरिक्षण शुल्क | ३३४,५०० | २६३,४१९ |
| भुक्तानी गर्नबाँकी अग्रिम करकट्टी | १,९६४,८२४ | २,४९४,१५४ |
| कर्मचारी कल्याणकारी कोष | १,६०८,१९० | १,९२९,६७२ |
| आयकरबापत भुक्तानी दिनपर्ने | ९,२७९,०११ | ११,०१३,६६४ |
| ब्याज (सस्पेन्स खाता) | १०,६०७,१४५ | ५,९७३,९८१ |
| कर्मचारी बोनस | २,१८८,१११ | २,६६२,५१८ |
| अन्य दायित्व | २४,७६८,७८८ | २७,२३४,०५४ |
| भुक्तानी दिन बाँकी भाडा | ११,२२४,८८४ | २१८,१७९ |
| **जम्मा** | ६१,९७५,४५२ | ५१,७८९,६४२ |

### ४.१२ शेयर पूँजी

| विवरण | २०८२ असार मसान्तको | २०८१ असार मसान्तको |
|---|---|---|
| शेयर पुंजी | ११९,५१०,००० | ११७,१९२,१०० |
| **जम्मा** | ११९,५१०,००० | ११७,१९२,१०० |

### ४.१२.१ शेयर सदस्य विवरण

| विवरण | २०८२ असार मसान्तको | २०८१ असार मसान्तको |
|---|---|---|
| व्यक्तिगत | २,७९२ | २,७१२ |
| **जम्मा** | २,७९२ | २,७१२ |

### ४.१३ अन्य कोषहरु

| विवरण | २०८२ असार मसान्तको | २०८१ असार मसान्तको |
|---|---|---|
| शेयर लाभांश कोष | १३,२२१,६२४ | १६,६६५,६०९ |
| सहकारी प्रर्बद्दन कोष | ७००,१०९ | ५७३,३४४ |
| सहकारी बिकास कोष | ९५४,९०९ | १,१९०,५०७ |
| सहकारी शिक्षा कोष | ९५४,७२० | १,१९१,३१८ |
| भवन निर्माण कोष | ६१,०५८,२३८ | ५३,०७७,५६० |
| संरक्षित पूंजी फिर्ता कोष | ६,३३८,२६७ | ७,९८०,६७७ |
| घाटापूर्ती कोष | ९५५,१६७ | १,१९०,७६५ |
| सामुदायीक विकाष कोष | ९५५,१६७ | १,१९०,७६५ |
| स्थिरीकरण कोष | ९५५,१६७ | १,१९०,७६५ |
| अन्य जोखिम व्यवस्थापन कोष | ९५५,१६७ | १,१९०,७६५ |
| NFRS समायोजन कोष | ०.०० | १५१,३५० |
| **जम्मा** | ८७,०४८,५३३ | ८५,५९३,४२५ |

### ४.१४ ब्याज आम्दानी

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| सदस्यलाई कर्जा सापटमा ब्याज आम्दानी | १७७,०७७,९२८ | २०४,६७९,०८१ |
| बैंकबाट प्राप्त ब्याज आम्दानी | १९,८१०,११८ | २२,७८५,३७१ |
| **जम्मा ब्याज आम्दानी (क)** | १९६,८८८,०४७ | २२७,४६४,४५२ |
| ब्याज मुल्तवी रकम (ख) | - | - |
| **जम्मा (क+ख)** | १९६,८८८,०४७ | २२७,४६४,४५२ |

### ४.१५ ब्याज खर्च

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| ग्राहकबाट संकलित निक्षेपमा ब्याज खर्च | १४३,०२५,२४६ | १७१,७१५,३८० |
| सापटीमा ब्याज खर्च | - | - |
| अन्य (लिज दायित्वमा ब्याज खर्च) | ४६९,९०१ | - |
| **जम्मा ब्याज खर्च** | १४३,४९५,१४७ | १७१,७१५,३८० |

### ४.१६ शुल्क तथा कमिशन आम्दानी

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| सेवा शुल्क | ४,७६६,७५१ | ३,९४८,०८२ |
| आवेदन शुल्क | ४७६,६७५ | ३९४,८०८ |
| कर्जा नविकरण शुल्क | ९,६३६,१९४ | १०,९३२,६५८ |
| विलम्ब शुल्क | ९८४,१९८ | १०,७२२,८५८ |
| रेमिटेन्स कमिशन | १६५,२०० | २२६,७०४ |
| अन्य शुल्क तथा आम्दानी | ५,६१४,८७८ | ५८०,४९५ |
| **जम्मा** | २१,६४३,८९६ | २६,८०५,६०५ |

४.१७ अन्य कारोबार आम्दानी

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| संस्थाको जग्गा भाडा बापत आम्दानी | १,०८०,००० | १,०८०,००० |
| अन्य आम्दानी | २१८,१३० | |
| **जम्मा** | १,२९८,१३० | १,०८०,००० |

४.१८ कर्मचारी खर्च

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| तलब | १०,३४७,२७३ | ८,९५२,००० |
| भत्ता | १,१०३,६६७ | १,१४०,००० |
| संचय कोष | १,०३४,७२७ | ८९५,२०० |
| युनिफर्म | २२०,११७ | २१६,२५७ |
| कर्मचारी बीमा | २०८,०१५ | १५९,५५५ |
| दशैं भत्ता | ८७७,९०० | ७४६,००० |
| संचित बिदा | ८०३,२३२ | ६७३,९०० |
| संचार तथा इन्धन भत्ता | ३८४,००० | ३८४,००० |
| उपदान | १,४६९,९७८ | १,४४२,७०२ |
| कर्मचारी बोनश | २,१८८,१११ | २,६६२,५१८ |
| **जम्मा** | १८,६३७,०२० | १७,२७२,१३२ |

४.१९ अन्य संचालन खर्च

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| घर भाडा | (०) | २,५९६,९९५ |
| प्रिन्टिग तथा स्टेशनरी खर्च | ३४६,६८२ | ४३४,५९७ |
| पेन्टिङ तथा पर्दा खर्च | - | १८५,८७१ |
| पत्रपत्रिका तथा पुस्तक खर्च | ८,६२० | ८,९७० |
| विज्ञापन तथा प्रवर्द्धन खर्च | २८,८१५ | १८,०६८ |
| अतिथि सत्कार खर्च | ३५६,७४३ | ३६१,४८८ |
| सबारी कर तथा पाटपुर्जा | ३५,४३५ | ३५,८०० |
| कानूनी खर्च | १०६,०६१ | १६३,३८४ |
| सफ्टवेयर खर्च | १३२,९८३ | १६१,६८५ |
| एन्टि भाईरस खर्च | २९,००० | २२,३०० |
| कर खर्च | १५,८०९ | १९,०५९ |
| अन्य कर खर्च | १५,८०९ | १९,०५९ |
| जग्गा तथा गाडिको कर | | |
| बत्ती र विजुली | ३३२,४२३ | ३४८,४०१ |
| इमेल तथा इन्टरनेट खर्च | १०८,७३४ | ९३,६३२ |
| टेलिफोन खर्च | २५,०२५ | २२,६१५ |
| बिमा खर्च | १८८,०९७ | १५४,२१९ |
| इन्धन खर्च | १९१,५१२ | २०२,४८७ |
| डल्फिन बार्षिकोत्सव खर्च | ९,११० | ६,७५० |
| पूजा खर्च | ४२,१८० | ३९,७७० |
| सफाई खर्च | ७०,११० | ६१,५९५ |
| क्यालेण्डर छपाई खर्च | ३६२,५४१ | २८६,९८६ |
| कर्जा स्थलगत भ्रमण भत्ता तथा खर्च | १९५,२०६ | ६१,००० |
| विविध खर्च | ५८३,५४१ | १३५,३५८ |
| मर्मत तथा संभार खर्च | २९२,४४० | १९४,०४३ |
| संचालक समिति बैठक भत्ता | १,९०८,००० | १,९८१,५०० |
| सञ्चालक समिति खर्च | १२२,७२८ | १३३,७२५ |

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| साधारण सभा खर्च | १,२७८,९५८ | ९८३,५४० |
| लेखा परिक्षण शुल्क | ३३९,००० | २६६,९६३ |
| लेखा समिति बैठक भत्ता | २९२,००० | २९६,००० |
| लेखा समिति खर्च | ७,१९६ | ८,२६० |
| गार्ड तलब | ५८५,००० | ५२५,७८० |
| सेयर होल्डर बैठक खर्च | ५४१,२३७ | ३९८,८९१ |
| कर्मचारी रिफ्रेसमेण्ट | ६५१,३७१ | ४०५,३०४ |
| कर्जा समिति बैठक भत्ता | ९५,००० | १११,००० |
| मानव संसाधन बैठक भत्ता | ९,५०० | - |
| निर्वाचन समिति बैठक भत्ता | - | ९२,५०० |
| तालिम खर्च | ४१,५०४ | ३७,१९० |
| स्मार्ट बैंकिङ्ग खर्च | ७८,५३५ | ७९,१०० |
| एस एम एस ब्याङकिङ खर्च | २६६,७८३ | २८१,५८५ |
| त्रैमासिक समापन खर्च | १७४,२२८ | ११४,३४४ |
| बैक लकर खर्च | ७,००० | ७,१६७ |
| वेबसाइट मर्मत खर्च | ८,८५९ | ८,६३३ |
| **जम्मा** | ९,८६७,९६४ | ११,३४६,५५४ |

४.२० **ह्रासकट्टी तथा परिशोधन**

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| स्थीर सम्पत्तिमा ह्रासकट्टी | ३,३७५,९२६ | ७४०,५७६ |
| अमुर्त सम्पत्तिमा परिशोधन | १३,७९१ | १५,४१० |
| **जम्मा** | ३,३८९,७१७ | ७५५,९८६ |

४.२१ **चालु आयकर खर्च**

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| वित्तीय विवरण अनुसारको आयकर अघिको नाफा | ४५,५८६,४९२ | ५३,२५०,३६८ |
| **आयकर प्रयोजनको लागि अमान्य आम्दानी तथा खर्च** | | |
| भुक्तानी नपाएको कर्जा तथा सापटमा व्याज | - | - |
| कर नलाग्ने लाभांश आम्दानी | (१,१००) | (१,३५९) |
| ह्रासकट्टी खर्च | ३,३८९,७१७ | ७५५,९८६ |
| विदा बापतको व्यवस्था | ८०३,२३२ | ६७३,९०० |
| उपदान बापतको व्यवस्था | १,४६९,९७८ | १,४४२,७०२ |
| समानान्तर प्रणालीबाट भाडा खर्चको लेखांकनले | - | ३,३४३ |
| स्थीर सम्पत्तिको निसर्गबाट प्राप्त लाभ | (१,९९७,३४७) | - |
| स्थीर सम्पत्तिको अपलेखन | १७३,०६८ | - |
| भाडा दायित्वमा व्याज | ४६९,९०१ | - |
| मर्मत सम्भार खर्च | २९२,४४० | १९४,०४३ |
| **आयकर प्रयोजनको लागि आम्दानी तथा खर्च** | | |
| ह्रासकट्टी खर्च | (८३५,२३५) | (१,०७०,९८७) |
| भाडा खर्च करार अनुसार | (२,७५५,९३०) | - |
| मर्मत सम्भार खर्च | (२००,१६१) | (१७९,६७८) |
| **आयकर प्रयोजनको लागि खुद नाफा** | ४६,३९५,०५५ | ५५,०६८,३१९ |
| करको दर | २० | २० |
| **चालु आयकर दायित्व** | ९,२७९,०११ | ११,०१३,६६४ |

# डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि.

ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान

**पर्ल्स प्रतिवेदन**

(२०८२ **असार मसान्त**)

| | "P-E-A-R-L-S RATIOS (पर्ल्स अनुपात) | "GOALS (लक्ष्य) | रकम रू. | कूल रकम रू. | परिणाम (प्रतिशत) |
|---|---|---|---|---|---|
| **P** | **PROTECTION** (संरक्षण) | | | | |
| १ | १२ महिना भन्दा बढि भाखा नाघेको ऋणको लागि ब्यवस्था | १००% | ७३,०५०,२०२.३१ | ९,२०३,४५८.४३ | १२.६०% |
| २ | १२ महिना भन्दा कम भाखा नाघेको ऋणको लागि ब्यवस्था | ३५% | १,२५५,९९०,६२३.४७ | १४,१७६,४५३.७८ | १.१३% |
| **E** | **Effective financial Structure** (प्रभावकारी वित्तिय संरचना) | | | | |
| १ | जम्मा खुद ऋण/जम्मा सम्पत्ति | ७०-८०% | १,३४०,५६२,८१७.१७ | १,९६०,०१५,६१३.९५ | ६८.४०% |
| २ | जम्मा बचत/जम्मा सम्पत्ति | ७०-८०% | १,५२९,१८९,१०२.१७ | १,९६०,०१५,६१३.९५ | ७८.०२% |
| ३ | बाह्य ऋण/जम्मा सम्पत्ति | बढिमा ५% | - | १,९६०,०१५,६१३.९५ | ०.००% |
| ४ | जम्मा शेयर पूँजी/जम्मा सम्पत्ति | १०-२०% | ११९,५१०,०००.०० | १,९६०,०१५,६१३.९५ | ६.१०% |
| ५ | संस्थागत पूँजी/जम्मा सम्पत्ति | कम्तिमा १०% | ३४५,४७१,१४५.७९ | १,९६०,०१५,६१३.९५ | १७.६३% |
| **A** | **Assets Quality** (सम्पत्तिको गुणस्तर) | | | | |
| १ | जम्मा भाखा नाघेको ऋण/जम्मा उठ्न बाँकी ऋण | ५% भन्दा कम | ९९,२९५,३१०.३३ | १,३२९,०४०,८२५.७८ | ७.४७% |
| २ | आयआर्जन नगर्ने सम्पत्ति/जम्मा सम्पत्ति | ५% भन्दा कम | ४४६,२६४,०५२.५० | १,९६०,०१५,६१३.९५ | २२.७७% |
| **R** | **Rates of Return and Costs** (लगानीको प्रतिफल तथा लागत) | | | | |
| १ | संचालन खर्च/औसत सम्पत्ति | ५% | ६३,७८९,४०२.२८ | १,९५६,३७०,१६१.०२ | ३.२६% |
| २ | खुद आय/औसत सम्पत्ति | १०% | ३५,८०१,४३५.९४ | १,९५६,३७०,१६१.०२ | १.८३% |
| **L** | **Liquidity** (तरलता) | | | | |
| १ | तरलता रकम/जम्मा बचत रकम | कम्तिमा १५% | ३८९,१६१,८२४.२८ | १,५२८,५७०,०२१.४० | २५.४६% |
| २ | आयआर्जन नगर्ने तरल सम्पत्ति/जम्मा सम्पत्ति | १% भन्दा कम | ८,६४८,७८१.९६ | १,९६०,०१५,६१३.९५ | ०.४४% |
| **S** | **Signs of Growth** (बृद्धिको संकेत) | | | | |
| १ | सदस्यता बृद्धि | १२% | २,७९२ | २,७१२ | २.९५% |
| २ | सम्पत्तिमा बृद्धि | मुद्रा स्फिती भन्दा बढि | १,९६०,०१५,६१३.९५ | १,९५२,७२४,७०८.०९ | ०.३७% |

# डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि.

ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान

**दफा १९ बमोजिम कट्टी हुने ह्रासकट्टी खर्चको विवरण**

| विवरण | समूह क | समूह ख | समूह ग | समूह घ | समूह ङ | जम्मा |
|---|---|---|---|---|---|---|
| **आर्थिक वर्ष २०८०।२०८१ को लागी अ.ल्या.** | १८३,९६६,८७५ | ३,०१९,८९७ | १,०६४,५०१ | ४३४,७५६ | ५९,०९० | १८८,५४५,११८ |
| **यस वर्षको खरिद** | | | | | | |
| श्रावण देखि पुष सम्म | – | ३२,४०० | – | – | – | ३२,४०० |
| ह्रास खर्चको लागी समायोजन | – | ३२,४०० | – | – | – | ३२,४०० |
| माघ देखि चैत्र सम्म | – | – | – | – | – | – |
| ह्रास खर्चको लागी समायोजन | – | – | – | – | – | – |
| वैशाख देखि असार सम्म | – | ३,०५० | – | – | – | ३,०५० |
| ह्रास खर्चको लागी समायोजन | – | १,०१७ | – | – | – | १,०१७ |
| **जम्मा खरिद** | – | ३३,४१७ | – | – | – | ३३,४१७ |
| बिक्री र समायोजन | – | | – | – | – | – |
| ह्रास आधार | १८३,९६६,८७५ | ३,०५३,३१३ | १,०६४,५०१ | ४३४,७५६ | ५९,०९० | १८८,५७८,५३५ |
| ह्रास दर | – | ० | ० | ० | – | |
| **ह्रास खर्च** | – | ७६३,३२८ | २१२,९०० | ६५,२१३ | २९,५४५ | १,०७०,९८७ |
| समायोजन नभएको खरिद | – | २,०३३ | – | – | – | २,०३३ |
| समायोजन नभएको मर्मत खर्च | – | – | १४,३६५ | – | – | १४,३६५ |
| **स्थिर सम्पत्तिको अन्तिम मौज्दात** | १८३,९६६,८७५ | २,२९२,०१८ | ८६५,९६६ | ३६९,५४२ | २९,५४५ | १८७,५२३,९४६ |
| **मर्मत तथा संम्भार खर्च** | | | | | | |
| अधिकतम समायोजन गर्न मिल्ने मर्मत तथा सम्भार | | २१३,७३२ | ७४,५१५ | ३०,४३३ | ४,१३६ | ३२२,८१६ |
| बास्तविक मर्मत तथा सम्भार खर्च | | १०५,१६२ | ८८,८८० | – | – | १९४,०४२ |
| **समायोजन गर्न मिल्ने मर्मत तथा सम्भार** | | १०५,१६२ | ७४,५१५ | – | – | १७९,६७७ |

| **आर्थिक वर्ष २०८१।२०८२ को लागी अ.ल्या.** | ८३,९६६,८७५ | २,२९२,०१८ | ८६५,९६६ | ३६९,५४२ | २९,५४५ | १८७,५२३,९४६ |
|---|---|---|---|---|---|---|
| **यस वर्षको खरिद** | | | | | | |
| श्रावण देखि पुष सम्म | – | २५,२०० | – | – | – | २५,२०० |
| ह्रस खर्चको लागी समायोजन | – | २५,२०० | – | – | – | २५,२०० |
| माघ देखि चैत्र सम्म | – | २४,१२० | – | – | – | २४,१२० |
| ह्रस खर्चको लागी समायोजन | – | १६,०८० | – | – | – | १६,०८० |
| वैशाख देखि असार सम्म | – | ५९,८१७ | ७,२५२,९३३ | – | – | ७,३१२,७५० |
| ह्रस खर्चको लागी समायोजन | – | १९,९३९ | २,४१७,६४४ | – | – | २,४३७,५८३ |
| **जम्मा खरिद** | – | ६१,२१९ | २,४१७,६४४ | – | – | २,४७८,८६३ |
| बिक्री र समायोजन | – | – | २,४००,००० | – | – | २,४००,००० |
| ह्रस आधार | १८३,९६६,८७५ | २,३५३,२३७ | ८८३,६१० | ३६९,५४२ | २९,५४५ | १८७,६०२,८१० |
| ह्रस दर | – | २५% | २०% | १५% | – | |
| ह्रस खर्च | – | ५८८,३०९ | १७६,७२२ | ५५,४३१ | १४,७७२ | ८३५,२३५ |
| समायोजन नभएको खरिद | – | ४७,९१८ | ४,८३५,२८९ | – | – | ४,८८३,२०७ |
| समायोजन नभएको मर्मत खर्च | – | – | ९२,२७९ | – | – | ९२,२७९ |
| **स्थिर सम्पत्तिको अन्तिम मौज्दात** | १८३,९६६,८७५ | १,८१२,८४६ | ५,६३४,४५६ | ३१४,१११ | १४,७७२ | १९१,७४३,०६० |
| मर्मत तथा संम्भार खर्च | | | | | | |
| अधिकतम समायोजन गर्न मिल्ने मर्मत तथा सम्भार | | १६४,७२७ | ६१,८५३ | २५,८६८ | २,०६८ | २५४,५१५ |
| बास्तविक मर्मत तथा सम्भार खर्च | | १३८,३०८ | १५४,१३२ | – | – | २९२,४४० |
| **समायोजन गर्न मिल्ने मर्मत तथा सम्भार** | | १३८,३०८ | ६१,८५३ | – | – | २००,१६१ |

# डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान

## वित्तीय विवरण सँग सम्बन्धित महत्वपुर्ण लेखा निति तथा टिप्पणीहरु

**आर्थिक वर्ष २०८१।८२**

### ५. सम्बद्ध व्यक्ति कारोबारको विवरण (Related Party Transactions)

- संस्थाले प्रमुख कार्यकारी अधिकृत र सञ्चालक समितिका सदस्यलाई सम्बद्द व्यक्तिको रुपमा पहिचान गरेको छ।
- संस्थामा प्रमुख कार्यकारी अधिकृत श्री झलक अर्याललाई तपसिल बमोजिम परिश्रमिक भुक्तानी भएको छ।

| विवरण | रकम रु |
|---|---|
| अल्पकालिन कर्मचारी लाभ (Short Term Employee Benefits) | ३,७४,९९०.०० |
| सेवा पछिको लाभ (Post Employment benefits) | 0.00 |
| अन्य दिर्घकालिन लाभ (Other Long Term Benefits) | 0.00 |
| रद्द लाभ (Termination Benefits) | 0.00 |
| **जम्मा रु** | ३,७४,९९०.०० |

- संस्थामा सञ्चालक समितिका पदाधिकारीलाई तपशिल बमोजिम बैठक भत्ता भुक्तानी गरिएको छ।

| नाम | पद | बैठक भत्ता | संञ्चार तथा इन्धन भत्ता | जम्मा |
|---|---|---|---|---|
| लक्ष्मी नारायण अर्याल | अध्यक्ष | १,०५,००० | १,८०,००० | २,८५,००० |
| सत्येन्द्र पुरुष ढकाल | उपाध्यक्ष | ७२,००० | १,८०,००० | २,५२,००० |
| मदन रेग्मी | सचिव | १,२९,५०० | १,८०,००० | ३,०९,५०० |
| मदन प्रसाद ज्ञवाली | कोषाध्यक्ष | ७५,५०० | १,८०,००० | २,५५,५०० |
| जुली प्रधानाङ्ग | सदस्य | ९७,५०० | १,८०,००० | २,७७,५०० |
| श्रिमणी श्रेष्ठ अमात्य | सदस्य | १८,००० | १,८०,००० | १,९८,००० |
| विनोद ताम्राकार | सदस्य | १,२४,५०० | १,८०,००० | ३,०४,५०० |
| झलक अर्याल (सुशिल) | संचालक समिति सदस्य सचिव | १,४७,५०० | ० | १,४७,५०० |
| जम्मा | | ७,६९,५०० | १२,६०,००० | २०,२९,५०० |

- संस्थामा सम्बद्द व्यक्तिबाट भुक्तानी लिनपर्ने वा दिन पर्ने रकमको विवरण तपसिल बमोजिम रहेको छ।

**भुक्तानी लिन पर्ने रकमको विवरण**

| नाम | पद | लिन पर्ने रकम | प्रयोजन |
|---|---|---|---|
| झलक अर्याल (सुशिल) | संचालक समिति सदस्य सचिव (प्रमुख कार्यकारी अधिकृत) | १६,९८,७८३.०० | कर्जा |
| लक्ष्मी नारायण अर्याल | अध्यक्ष (संचालक समिति) | ४,००,००,०००.०० | कर्जा |
| सत्येन्द्र पुरुष ढकाल | उपाध्यक्ष (संचालक समिति) | ५,७२,०००.०० | कर्जा |
| विनोद ताम्राकार | सदस्य (संचालक समिति) | २,६०,७३,३४५.०० | कर्जा |
| **जम्मा** | | ६,८३,४४,१२८.०० | |

## ६. जोखिम व्यवस्थापन सम्बन्धमा

संस्थामा विद्यमान जोखिमहरु पहिचान गरी त्यस सम्बन्धमा आवश्यक रणनितीहरु तयार गरी कार्यन्वयन गर्ने जिम्मेवारी सञ्चालक समितिमा निहित रहेको छ।

### ६.१. *जोखिम सुशासन (Risk Governance)*

संस्थाले उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू तयार गरी कार्यान्वयन गरेको छ। कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने स्पष्ट जिम्मेवारी र उपयुक्त संस्कृतिको विकास गर्ने लगायतका विषयहरुमा संस्थाले कर्मचारीहरुलाई प्रशिक्षित गरेको छ। संस्थामा कर्जा, बजार र तरलता जोखिमहरू कुशलतापूर्वक व्यवस्थित गर्न, जोखिम सम्बन्धी नीतिको स्थापना, पूँजी व्यवस्थापन र तरलता, पूँजी पर्याप्तता र संरचना, व्याजदर जोखिम र कर जोखिमको व्यवस्थापन सहित जोखिम व्यवस्थापनको नीतिहरुको स्थापना र अनुपालनको लागी सञ्चालक समिति जिम्मेवार छ।

### ६.२. *आन्तरिक नियन्त्रण प्रणाली*

संस्थामा रणनीति र उद्देश्यहरू अनुरुपको उपलब्धि हासिल गर्ने गरी उचित आन्तरिक नियन्त्रण प्रणाली सुनिश्चित गर्ने जिम्मेवारी सञ्चालक समितिको हुन्छ। सस्थाको व्यवसायको विस्तार र वृद्धिको क्रममा लाभदायक व्यवसायका अवसरहरू उपयोग गर्न, क्षति निम्त्याउन सक्ने जोखिमलाई हटाउन वा घटाउन उचित नियन्त्रण संयन्त्र भएको सुनिश्चत गर्ने अभिभारा सञ्चालक समितिको हुन्छ। सञ्चालक समितिले संस्थामा जोखिम लेखाङ्कन, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण र अनुगमनको नीति र प्रक्रियाहरू व्यवस्था गरेको छ।

संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सम्बन्धमा सञ्चालक समिति, लेखा समिति, व्यवस्थापन र बाह्य लेखापरीक्षक द्वारा नियमित समीक्षा गरिन्छ। लेखा समितिले नीति र मापदण्डको अनुपालन र नियमित लेखापरीक्षण, विशेष लेखापरीक्षण, सूचना प्रणालीको लेखापरीक्षण साथै जोखिममा आधारित आन्तरिक लेखापरीक्षण मार्फत संस्थामा आन्तरिक नियन्त्रण प्रणाली र संरचनाहरूको प्रभावकारिताको अनुगमन गर्दछ। लेखापरीक्षण दौरानमा देखिएका कैफियतहरु तत्काल सुधारात्मक उपायहरू आरम्भ गर्नका लागि सुझाव सहित प्रमुख कार्यकारी अधिकृतलाई रिपोर्ट गरिन्छ।

### ६.३. *कर्जा जोखिम*

कर्जा जोखिम भनेको कर्जा प्रवाहका सर्तहरू बमोजिम संस्थालाई भुक्तानी गर्ने दायित्व पूरा गर्न ऋणी असक्षम हुने जोखिम हो। संस्थाले उपयुक्त उपायहरु अवलम्बन गरी कर्जा जोखिम न्यूनीकरणको लागि कार्यान्वयन गरेको छ। कर्जा जोखिमको प्रभावकारी व्यवस्थापनका लागि संस्थाले विभिन्न नीतिहरू, प्रक्रियाहरू, दिशानिर्देशहरू तयार गरी कार्यान्वयन गरेको छ। संस्थाले कर्जा जोखिम आंकलन गर्न हरेक ऋणिको अनौपचारिक रुपमा आन्तरिक rating गर्दछ जसले संस्थालाई सम्रग पोर्टफोलियोको जोखिम व्यवस्थापन गर्न मद्दत गर्दछ। संस्थाले व्यापारिक कर्जा लिनेहरू ऋणिहरुको व्यवसाय अवलोकनको माध्यमबाट अनुगमन गर्दछ र व्यक्तिगत ग्राहकहरूको हकमा उहाँहरुको दायित्व वहन क्षमता नियमित रूपमा अपडेट गर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको छ।

कर्जा स्वीकृत गर्नुपुर्व धितो, जमानी आदिको पर्याप्तता यकिन गर्ने सम्बन्धमा ग्राहक सँग समन्यय गर्न संस्थामा छुट्टै कर्जा विभाग रहेको छ। साथै, संस्थामा सञ्चालक समितिका सदस्य संलग्न भएको ऋण उपसमिति रहेको छ जसले धितो मुल्याङ्कन, कर्जाको जोखिमको अध्ययन गरी रु २५,००,००० भन्दा माथिको कर्जा संचालक समितिमा स्वीकृतीका लागि सिफारिस गर्दछ।

विद्यमान अर्थिक मन्दि र समग्र आर्थिक स्थितीको कारण सहकारी संस्थाहरुको संकटोन्मुख भइरहेको अवस्थामा संस्थामा समेत सो आवस्था आउन सक्ने जोखिमलाई मध्यनजर गर्दै सो सम्बन्धमा कर्जा र समस्याग्रस्त कर्जा व्यवस्थापनका लागि उपचारात्मक कदम चाल्न संस्थासँग उपयुक्त कानुनी कदम चाल्ने लगायतका प्रभावकारी प्रक्रिया र कार्यविधिहरु छन्। यो बाहेक,समयमै नोक्सानी व्यवस्था गर्न संस्थासँग कर्जा जोखिम मूल्याय्न नीति, प्रक्रियाहरू र नियन्त्रण प्रणाली कार्यान्वयनमा छन्।

### ६.४. *बजार जोखिम*

संस्थाको वासलातमा रहेको सम्पत्ति वा दायित्वको मूल्यमा बजार मूल्यमा हुने घटबढले हुने जोखिमलाई बजार जोखिम भनी परिभाषित गरिएको छ। बजार जोखिम त्यस्तो जोखिम हो जसका कारण वित्तीय उपकरणको भविष्यमा नगद प्रवाह घटबढ हुन्छ। बजार जोखिमले तीन प्रकारका जोखिमलाई जनाउँदछ : (क) मुद्रा जोखिम (ख) बजार व्याजदर (व्याजदर जोखिम) र (ग) बजार मूल्य (मूल्य जोखिम)।

क) विदेशी मुद्राको सटही जोखिमको कारण संस्थाको सम्पत्तिमा आउन सक्ने ह्रासको जोखिमलाई मुद्रा जोखिम भनिन्छ। संस्थाले विदेशी मुद्रामा कारोवार नगर्ने कारण मुद्रा जोखिम अत्यन्त न्यून रहेको छ।

ख) व्याजदर जोखिम व्याजदर जोखिम त्यो जोखिम हो जसका कारण वित्तीय उपकरणको भविष्यमा हुने नगद प्रवाह बजार व्याजदरका कारण तलमाथि हुन्छ।

ग) मुल्य जोखिम भन्नाले सम्पत्तिको मुल्यमा आउने ह्रासका कारण संस्थालाई हुने हानी सँग सम्बन्धित छ।

संस्थाकोः Management Information System ले प्रतिफल, जोखिम, सम्भावित नाफा वा नोक्सान ईत्यादिको बिषयमा नियमित रुपमा विवरण निष्काशन गर्छ र यस्ता विवरणको समीक्षाको उच्च व्यवस्थापनबाट हुन्छ । घटनाक्रम अनुसार उपयुक्त योजनाहरु तयार पारी कार्यन्यवयन गरिन्छ ।

### ६.५. *तरलता जोखिम*

नगद वा अन्य वित्तीय सम्पत्ति प्रदान गरेर वित्तीय दायित्वसँग सम्बन्धित दायित्वहरु पूरा गर्न संस्थाले कठिनाई भोग्न सक्ने जोखिमलाई तरलता जोखिम भनी परिभाषित गरिएको छ । सामान्य र असामान्य दुवै परिस्थितिमा नगद प्रवाहको समय नमिल्दा संस्थाले भुक्तानीयोग्य दायित्वहरु पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारण तरलता जोखिम उत्पन्न हुन सक्छ ।

यो जोखिमलाई कम गर्न व्यवस्थापनले मूल निक्षेप बाहेक विभिन्न स्रोतहरुको व्यवस्था गरेको छ र तरलतालाई विचार गरी सम्पत्ति व्यवस्थापन गर्ने र भविष्यमा नगद प्रवाह र तरलतालाई दैनिक रुपमा अनुगमन गर्ने नीति अपनाएको छ ।

## ७. कर्जा नोक्सानी व्यवस्थाको अपर्याप्तता

"सहकारी संघ/संस्था दर्ता, संचालन लेखापरिक्षण, अनुगमन, तथा नियमन सम्बन्धी मापदण्ड, २०६८" को दफा ३० बमोजीम सहकारी संस्थाले असल ऋण, शंकास्पद ऋण र खराब ऋणमा क्रमश १%, ३५% र १००% ऋण नोक्सानी व्यवस्था प्रावधान गर्नुपर्ने व्यवस्था रहेको छ ।

आर्थिक वर्ष २०८१।८२ को अन्त्यमा केही ऋणी सदस्यहरुबाट असुल उपर हुनु पर्ने व्याज तथा साँवा रकम असुल हुन नसकेको अवस्था रहेको छ । सहकारी ऐन २०७४ को प्रावधान अनुरुप सम्बन्धित ऋणहरुको व्याज तथा साँवा १२ महिना भन्दा बढी अवधिले भाखा नाघेको कारण सो ऋणहरुमा शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्नेमा संस्थाको मिती २०८२ श्रावण २९ मा बसेको सञ्चालक समितीको बैठकले सो ऋणीहरुको ऋण असुली गर्न संस्था कानुनी प्रक्रियामा रहेको र करिव अन्तिम टुगो लाग्ने चरणमा रहेकोले कर्जा असुल उपर हुने सुनिश्चित भएको र संस्थाको जगेडा कोषहरु मजबुद रहेको कारण सो ऋणहरुमा कर्जा नोक्सानी व्यवस्था हाललाई गर्न नपर्ने भनि निर्णय गरेकाले सो ऋणहरुमा १ प्रतिशत मात्र कर्जा नोक्सानी व्यवस्था गरिएको छ । यसको कारण समग्रमा कर्जा नोक्सानी व्यवस्था रु ७ करोड ११ लाख ५६ हजार ७ सय ९० ले कम लेखाकंन भएको छ ।

यसको अलावा चालु आ ब मा ऋणी अनिरुद्र प्रसाद शाहको धितो संस्थाद्धारा रु ८४,५२,५४८ मा सकार गरि गैह्र सहकारी सम्पत्तिको रुपमा लेखाकंन गरेको छ । राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी निर्देशनले सहकारी सहकारी संस्थाले ऋणी सदस्यको धितो सकार गरेकै मितीदेखि शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ भन्ने व्यवस्था गरेकोमा सो गैह्र सहकारी सम्पत्तिको हकमा यसै प्रतिवेदनको नोट ३.१५ मा उल्लेखित लेखा निति बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गरेको छैन । सो कारणले गर्दा कर्जा नोक्सानी व्यवस्था थप रु ८४ लाख ५२ हजार ५ सय ४८ ले कम लेखाकंन भएको छ ।

नोटः

नोट:

नोट:

नोटः

# कर्मचारी विवरण



**श्री झलक अर्याल (सुशिल)**
प्रमुख कार्यकारी अधिकृत



**श्री आमोद कुमार ठाकुर**
कर्जा प्रबन्धक



**सुश्री लक्ष्मी गुरुङ्ग**
वित्त प्रबन्धक



**श्री कमल तिवारी**
शाखा प्रबन्धक



**श्री तिलक पौडेल**
वरिष्ठ कर्जा तथा कानुन अधिकृत



**श्रीमती सविना डंगोल**
अप्रेसन अधिकृत



**श्री श्रीर्जन कारंजित**
कर्जा अधिकृत



**श्रीमती लेखा ज्ञवाली लम्साल**
लेखा अधिकृत



**सुश्री सपना थापा मगर**
जुनियर लेखा अधिकृत



**श्री कैलाश चौधरी**
जुनियर प्रशासन अधिकृत



**श्रीमती सुजता श्रेष्ठ**
फ्रन्ट डेस्क सहायक



**सुश्री सुभद्रा कँडेल**
बजार सहायक



**श्री करण चौधरी**
बजार सहायक



**श्री नरेश महर्जन**
सवारी चालक तथा कार्यालय सहायक



**सुश्री अनिता मगर**
कार्यालय सहायक




MOBILE SMART BANKING

**उपलब्ध विभिन्न रेमिटेन्स सेवाहरू**

IME International Money Express
Prabhu Money Transfer
Western Union Money Transfer
City Express Money Transfer
MoneyGram International Money Transfer
Samsara Remit
Boom Remit
himal remit हिमालरेमिट

नेपालीहरुको महान पर्व विजया दशमी तथा शुभ दिपावलीको
पावन अवसरमा सुख, शान्ति, ऐश्वर्य तथा सम्बृद्धिको कामना गर्दै

## हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।



# डल्फिन सरल, सस्तो कर्जा



- सेवा शुल्क १% मात्र
- मासिक ब्याज मात्र तिरे पुग्ने
- सावाँ भएको वा चाहेको बेला तिर्न सकिने

## न्यूनतम् ब्याज घट्दो दरमा

*नियमहरु लागू हुनेछ ।*

